# परिच्छेद एक

# शोध परिचय

## १.१ विषय परिचय

सनत रेग्मीको जन्म वि.सं. २००४ सालमा भेरी अञ्चल, बाँके जिल्लाको नेपालगन्जमा भएको हो । विगत चार दशकदेखि साहित्य साधनामा अनवरत रूपमा रेग्मीले साहित्यका विविध विधामा कलम चलाउँदै आए पनि मूलतः कथा विधामा कलम चलाएको देखिन्छ र उनको सफलता पनि यसै विधामा देखिन्छ ।

सनत रेग्मीको विवाह २०२८ वैशाख २५ गते भएको थियो । वीरगञ्ज गहवा टोल निवासी स्व. माधवप्रसाद भट्टराई तथा मिथिला भट्टराईकी एक मात्र सन्तानरचना भट्टराईसँग धार्मिक विधिविधान अनुसार भएको हो (रावल, २०६५ : १२) । लामो समयपश्चात २०५६ माघ २७ गते पुत्री लाभ भयो ।

सनत रेग्मीको परिवारको आर्थिक अवस्था हजुरबाको समयदेखि नै कमजोर रहेको देखिन्छ । रेग्मीका बुबाले २०१३ मा 'विद्याकुटिर' पसल राखे । यस पसलबाट विस्तारै आर्थिक पक्ष बलियो बन्दै गयो । अहिले आएर रेग्मीको आर्थिक अवस्था सामान्य नै छ ।

आर्थिक अभाव र दुःखद अवस्थाका बिचमा हुर्के पनि सानैदेखि आफ्ना हजुरबुवाबाट सुनेका हितोपदेश, उपनिषद्, पञ्चतन्त्र, रामायण, महाभारत जस्ता धार्मिक ग्रन्थ तथा लोककथाहरू सुनेर कथा लेखनमा प्रेरणा मिल्ने गर्थ्यो (सनत रेग्मीबाट प्राप्त जानकारी) । 'समाजकी बेटी' (मराल, २०१७) नामक हिन्दी कथाका माध्यमबाट सनत रेग्मीको लेखन सुरु भएको देखिन्छ । त्यसपछि 'नारी' शीर्षकको कविता हुँदै नेपाली कथा साहित्यमा भने 'समाजकी छोरी' (पञ्चमृत १/२, २०२३) बाट औपचारिक रूपमा प्रवेश गरेका हुन् । २०२३ बाट नेपाली कथा साहित्यमा पदार्पण भएका रेग्मी वर्तमानसम्म अनवरत रूपमा यस अवस्थामा आइपुगेको देखिन्छ ।

सनत रेग्मीद्वारा लिखित **बन्द कोठाहरूको शहर** (२०४५) सालमा प्रकाशित कथा सङ्ग्रह हो । उनका यस कथा सङ्ग्रह बाहेक चन्द्रज्योत्सना र कालो बादल (२०२५), दिनान्त (२०३५), लछमनियाको गौना (२०५१), समय सत्य (२०५४), सनत रेग्मीका प्रतिनिधि कथा (२०६०), स्मृति दंश र अन्य कथाहरू (२०६६) गरी जम्मा आठवटा कथासङ्ग्रहहरू प्रकाशित

छन् । प्रस्तुत अध्ययनमा उनको चौँथो प्रकाशित कथासङ्ग्रह 'बन्द कोठाहरूका शहर' लाई लिइएको छ । यस सङ्ग्रहमा जम्मा १५ वटा कथाहरू रहेका छन् । यिनै १५ वटा कथाहरूलाई कथाको विधा तत्वका आधारमा विश्लेषण गरिएको छ ।

## १.२ समस्या कथन

प्रस्तुत अध्ययनमा **बन्द कोठाहरूको शहर** कथा सङ्ग्रहको विधातात्विक अध्ययन गर्नु यस शोधको प्रमुख समस्या रहेको छ । यही समस्याको समाधानको लागि प्रस्तुत शोधकार्य केन्द्रित छ । प्रस्तुत शोधकार्यसँग सम्बन्धित मुख्य मुख्य समस्याहरू निम्नलिखित रहेका छन् :

क) सनत रेग्मीको सङ्क्षिप्त परिचय र कथाकारिता के-कस्तो रहेको छ ?

ख) कथा तत्वका आधारमा **बन्द कोठाहरूको शहर** कथा सङ्ग्रहभित्रका कथाहरू के-कस्ता रहेका छन् ?

## १.३ शोधका उद्देश्यहरू

प्रस्तुत शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन्ः

क) सनत रेग्मीको परिचय दिई कथाकारिता निरूपण गर्नु,

ख) विधातत्वका आधारमा **बन्द कोठाहरूको शहर** कथा सङ्ग्रहको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

सनत रेग्मी नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । **बन्द कोठाहरूको शहर** वि.सं. २०४५ सालमा प्रकाशित कथासङ्ग्रह हो । यस कथासङ्ग्रहको अध्ययन नभए तापनि रेग्मीका बारेमा विद्वान्हरूले छिटपुट रूपमा विभिन्न पत्रपत्रिका, समालोचना सङ्ग्रहमा गरिएका अध्ययन र समीक्षा नै पूर्वकार्यको समीक्षाको रूपमा प्रस्तुत गरिएको छ ।

तारानाथ शर्मा (२०५४) ले 'समय सत्य' कथासङ्ग्रहको अन्तिम बाह्य पृष्ठमा यस युगका विसङ्गति, विडम्बना र विवशतालाई रेग्मीका कथाहरूले पत्यार लाग्दा किसिमले विश्लेषण गरेका छन् ।

दयाराम श्रेष्ठ (२०५४) ले 'समय सत्य' कथासङ्ग्रहको अन्तिम बाह्य पृष्ठमा सनत रेग्मीका कथाको कथ्य मानव जीवनमा आधारित छ भनेका छन् । आजको जुन

यथार्थलाई जीवनले भोगिरहेको छ त्यसैलाई रेग्मीले आफ्नो कथाको विषय बनाएको उल्लेख गरेका छन् ।

नवराज कट्टेल (२०५४) ले 'समय सत्य' कथा सङ्ग्रहको अन्तिम बाह्य पृष्ठमा रेग्मी निम्न वर्गका व्यत्तिहरूको दारुण कथा, व्यथा, भोगाइ र तिनका अनेक सङ्कट र तिनका क्षतिग्रस्त जीवन कर्मलाई उतार्न चाहन्छन् भन्ने कुराको उल्लेख गरेका छन् ।

खगेन्द्र प्रसाद लुइँटेल (२०६०) ले 'सनत रेग्मीका प्रतिनिधि कथा सङ्ग्रह' सम्पादन गर्ने क्रममा रेग्मीलाई आधुनिकीकरण दिशामा देखापर्ने एक विशिष्ट कथाकारका रूपमा चिनाएका छन् ।

ईश्वर बराल (२०६०) ले 'सनत रेग्मीका प्रतिनिधि कथा' पुस्तकाकार कृतिको अन्तिम बाह्य पृष्ठमा चूडान्तका सङ्घटनाका परान्त निर्वहणले सनत रेग्मीले कथाको राम्रो प्रतिभा निर्माण गरेको उल्लेख गरेका छन् ।

तारानाथ शर्मा (२०६०) ले 'सनत रेग्मीका प्रतिनिधि कथा' पुस्तकाकार कृतिको बाह्य पृष्ठमा रेग्मीले हाम्रा दिनहूँ भइरहने घटनाहरू र हामीमाथि बज्रने स्थितिहरूको आकर्षक वर्णन गरेको उल्लेख गरेका छन् ।

तारानाथ शर्मा (२०६४) ले "निस्सासिएको जीवनमा मुक्तिको कामना" **बन्द कोठाहरूको शहर** दिएर यस युगका विसङ्गती, विडम्बना र विवशतालाई पत्यार लाग्दा किसिमले विश्लेषण गरेका छन् ।

सनत रेग्मी (२०६४) ले 'सनत रेग्मी: सृजन सन्दर्भ' पुस्तकको 'ऐनासामु' शीर्षकको लेखमा आफ्नो बाहय र आन्तरिक व्यक्तित्वको परिचय प्रस्तुत गरेका छन् ।

लक्ष्मण गौतम (२०६४) ले 'सनत रेग्मी : सृजना सन्दर्भ' पुस्तकाकार कृतिमा 'सामाजिक यथार्थका विविध वृतचित्र' शीर्षक अन्तर्गतको लेखमा रेग्मीको कथा यात्रालाई विभाजन गरी प्रतिनिधि कथाको समीक्षा गरेका छन् ।

राजेन्द्र सुवेदी (२०६४) ले 'सनत रेग्मी : सुजन सन्दर्भ' पुस्तकमा 'छिनार कथाको वस्तु र संरचना' शीर्षकको लेखमा कथामा गरिएको प्रयोग, शीर्षकको सार्थकता, कथामा प्रयुक्त भाषा पात्र आदिको विश्लेषण गरेका छन् ।

खगेन्द्रप्रसाद लुइँटेल (२०६४) ले 'सनत रेग्मी : सृजन सन्दर्भ' पुस्तकाकार कृतिमा 'सनत रेग्मीका कथाशिल्प' अन्तर्गतको लेखमा रेग्मीका कथा शिल्पको विश्लेषण गरेका छन् ।

उपर्युक्त पूर्व कार्यहरू कथाकार सनत रेग्मीको कथाकारितासँग सम्बन्धित हुँदाहुँदै पनि बन्द कोठाहरूको शहर कथासङ्ग्रहको अध्ययन सतही रूपमा मात्र केन्द्रीत छ । यस दृष्टिले प्रस्तुत कथासङ्ग्रहका कथाहरूलाई विधातत्वका आधारमा विश्लेषण गरिएको छ ।

## १.५ शोधपत्रको औचित्य र महत्त्व

सनत रेग्मीको कथाकारीतालाई लिएर केही अध्ययनहरू भएका छन् । **बन्द कोठाहरूको शहर** कथासङ्ग्रह भित्र सङ्गृहित कथाहरूको समग्र अध्ययन हुन बाँकी रहेको छ । त्यही अभावको पूर्तिका लागि यो शोधकार्य गरिएकाले यसको औचित्य र महत्त्व रहेको छ । स्वतन्त्र बौद्धिक पाठकहरू र भावी शोधकर्ताहरूका निम्ति समेत उपयोगी हुने छ । यो पनि यस शोधकार्यको औचित्य र महत्त्व हो ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य **बन्द कोठाहरूको शहर** कथा सङ्ग्रहको अध्ययनमा मात्र केन्द्रित रहेको छ । यस कथा सङ्ग्रहभित्रका कथाहरूलाई विधातात्विक आधारमा मात्र विश्लेषण गरिएको छ । यही नै अध्ययनको सीमा हो ।

## १.७ शोधविधि

### क) सामग्री सङ्कलनको विधि

प्रस्तुत शोधपत्रका लागि आवश्यक सामग्री सङ्कलन मुख्यत : पुस्तकालयीय अध्ययन कार्यद्वारा सङ्कलन गरिएको छ । यसका साथै शोधनायक एवम् विभिन्न व्यक्तिहरूसँग भेटघाट गरी सल्लाह सुझाव लिने काम पनि गरिएको छ ।

### ख) शोधको विश्लेषण विधि

प्रस्तुत शोधकार्यको अध्ययन वर्णनात्मक एवम् विश्लेषणात्मक विधिका आधारमा गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित र सुगठिन पार्नका लागि निम्न परिच्छेदमा विभाजन गरिएको छ :

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : सनत रेग्मीको कथा यात्रा र प्रवृत्ति

परिच्छेद तीन : बन्द कोठाहरूको शहर कथा सङ्ग्रहको कथानक विधान

परिच्छेद चार : बन्द कोठाहरूको शहर कथा सङ्ग्रहको पात्र/चरित्रचित्रण विधान

परिच्छेद पाँच : बन्द कोठाहरूको शहर कथा सङ्ग्रहको परिवेश विधान

परिच्छेद छ : बन्द कोठाहरूको शहर कथा सङ्ग्रहको दृष्टिविन्दु एवम् सारवस्तु विधान

परिच्छेद सात : बन्द कोठाहरूको शहर कथा सङ्ग्रहको भाषाशैली विधान

परिच्छेद आठ : शोध निष्कर्ष

## दोस्रो परिच्छेद

# सनत रेग्मीको कथायात्रा र प्रवृत्ति

## २.१ विषय प्रवेश

**कथा यात्रा र प्रवृत्ति**

वि.सं. २०२३ देखि सनत रेग्मीले कथा लेखन कार्यमा सक्रियता देखाउँदै 'समाजकी छोरी' शीर्षकको कथा प्रकाशित गरेपछि औपचारिक रूपम नेपाली साहित्यमा प्रवेश गरेको देखिन्छ । सनत रेग्मीका २०२३ सालदेखि हालसम्म 'मातृत्त्वको चित्कार' (२०२४), 'चन्द्रज्योत्सना र कालो बादल' (२०२५), 'दिनान्त' (२०३५), **बन्द कोठाहरूको शहर** (२०४५), 'लछमनियाको गौना' (२०५०), 'समय सत्य' (२०५४), 'सनत रेग्मीका प्रतिनिधि कथा' (२०६०) र 'स्मृतिदंश र अन्य कथाहरू' (२०६६) गरी ८ वटा कथा सङ्ग्रहहरू प्रकाशित छन् । २०३३ सालबाट प्रारम्भ भएको लेखन कार्य हालसम्म पनि अनवरत रूपमा चलिरहेको देखिन्छ । प्रस्तुत ८ वटा कथासङ्ग्रहहरूको लेखन समय र प्रवृतिगत आधारमा सनत रेग्मीका कथायात्रालाई तीन चरणमा विभाजन गरेर अध्ययन गर्नु उपयुक्त मानिन्छ ।

पहिलो चरण (२०३३-२०३५)

दोस्रो चरण (२०३६- ४५)

तेस्रो चरण (२०४६-हाल)

### २.१.१ पहिलो चरण (वि.सं. २०२३ देखि वि.सं. २०३५ सम्म)

सनत रेग्मीको वि.सं. २०२३ देखि वि.सं. २०३५ सम्मको समयावधि लाई प्रथम चरण मानिएको छ । यस चरणमा रेग्मीले 'समाजकी छोरी' (२०२३) शीर्षकको कथाबाट औपचारिक रूपमा नेपाली कथा साहितयमा प्रवेश गरेको देखिन्छ । 'समाजकी छोरी' कथा प्रकाशन भएको एकवर्ष पछि ६ वटा कथाहरूको सँगालो 'मातृत्त्वको चित्कार' (२०२४) सालमा प्रकाशित भएको देखिन्छ ।

यस चरणको 'मातृत्त्वको चित्कार' (२०२४) कथा सङ्ग्रहमा 'एउटा कथाको मृत्यु', प्रेम र वासना', 'हामी सबै आफ्नै देशमा निर्वासित छौँ', 'तल्लो कान्लो र गाइने र दम्पति', '..........ती सबै सपना थिए', र 'मातृत्त्वको चित्कार' नामक कथाहरू छन् ।

'मातृत्त्वको चित्कार' कथा सङ्ग्रह प्रकाशित भएको एक वर्ष पुग्दा नपुग्दै अर्को कथा सङ्ग्रह 'चन्द्रज्योत्स्ना र कालो बादल' (२०२५) कथा सङ्ग्रह प्रकाशित हुन्छ । यस कथा सङ्ग्रहमा 'एउटा कथाको मृत्यु', बाहेक पाँच ओटा कथाहरू र अरू 'मनमा नविझ्केको एउटा काँडा', सौतेनी आमा', 'समाजको परिधि', 'नयाँ चेतना' र 'चन्द्रज्योत्सना र कालो बादलहरू कथाहरू थपेर प्रकाशित भएको देखिन्छ । यसै चरणमा सनत रेग्मीको तेस्रो कथाङ्ग्रह 'दिनान्त' (२०३५) प्रकाशित हुन्छ । यस कथा सङ्ग्रहमा १६ वटा कथाहरू सङ्कलित भएका छन् ।

सनत रेग्मीको प्रथम चरणका दुई कथा सङ्ग्रह 'मातृत्त्वको चित्कार' र 'चन्द्रज्योत्स्ना र कालो बादल' कथा सङ्ग्रहका सङ्गृहित कथाहरूको अध्ययन गर्दा कथाकारले यस अवधिमा कथावस्तुको खोजी र शैलीशिल्पको समायोजनमा केन्द्रित रहेको पाइन्छ । यी दुई सङ्ग्रहभित्रका केही कथाहरू सुख र सन्तोषले युक्त जीवनको चित्रण गरेका छन् त कतिपय कथाहरूले असन्तोष र विद्रोहको स्वरलाई अघि सारेका छन् । अस्तित्वबोध र विसङ्गतिवादी प्रवृतिलाई पनि सूक्ष्म ढङ्गमा चित्रण गर्न सफल रहेका छन् । यी दुवै कथा सङ्ग्रहमा सरलता र सहजता जस्ता गुणका साथै विषयवस्तु, घटनावर्णन, पात्र, संवाद कतै अस्पष्टता नपाइए पनि भाषिक एवम् अभिव्यक्तिगत त्रुटि भने पाइएको छ ।

'दिनान्त' (२०३५) कथा सङ्ग्रहमा सङ्गृहित कथाहरूमा विषयवस्तुगत चिन्तन, शिल्पगत परिष्कार र शैलीमा रोचकता पाइन्छ । यस कथासङ्ग्रहमा भएका कथाहरूमा अस्तित्ववादी मान्यता हाबी भएको देखिन्छ ।

रेग्मीका यस चरणका तिनवटा कथासङ्ग्रह अर्थात् २६ वटा कथाहरूको अध्ययन गर्दा यस चरणका मूलभूत प्रवृत्तिलाई बुँदागत रूपमा यसर उल्लेख गर्न सकिन्छ :

- वर्गीय आर्थिक जटिलता एवम् विकृतिको चित्रण,
- अस्तित्ववादी चेतना,
- आञ्चलिक कथा वस्तुलाई बढी प्रश्रय
- नवीन विषयवस्तु, शिल्पशैलीको खोजी,
- सामाजिक यथार्थतालाई कथामा उद्घाटित गर्नु,
- भाषिक समृद्धि र परिमार्जनमा जोड दिनुपर्ने,
- कथामा आन्तरिक र बाह्य दुवै दृष्टिबिन्दुमा जोड दिनुपर्ने,

### २.१.२ दोस्रो चरण (वि.सं २०२६ देखि वि.सं. २०४५ सम्म)

सनत रेग्मीको वि.सं २०३६ सालदेखि वि.सं. २०५५ साल सम्मको समयावधिलाई कथा यात्राको दोस्रो चरण मानिएको छ । यस चरणको एक मात्र प्रतिनिधित्व जनाउने कथा सङ्ग्रह **बन्द कोठाहरूको शहर** (२०४५) हो । यस कथा सङ्ग्रहमा सङ्कलित भएका कथाहरू **चिल, सम्झौता, अवतरण, आत्माको हत्या, आशीर्वाद, स्वीकारोक्ति, मूल्य र मान्यता, बन्द कोठाहरूको शहर, मैले लेख्न छाडिदिएँ, चकमन्न, क्रसमा झुन्डयाइएको जिन्दगी, भोक, नातासम्बन्ध, दायित्त्व, निर्णय,** गरी १५ वटा कथाहरू रहेका छन् ।

बन्द कोठाहरूको शहरमा सङ्कलित **चकमन्न, क्रसमा झुण्डयाइएको जिन्दगी', नातासम्बन्ध** जस्ता कथाहरूले नैतिक र चारित्रिक पतनको पराकाष्ठालाई प्रदर्शित गरेका छन् । **'चील', निर्णय, आत्माको हत्या, आशीर्वाद, स्वीकारोक्ति** जस्ता कथाहरूले अस्तित्ववादी चेतनालाई स्पर्श गर्दै सामाजिक विकृति र विरोधाभासलाई प्रस्ट पार्ने काम गरेको छ । **'आत्माको हत्या**मा अभावका कारण आफ्नो विचार र प्रतिबद्धतालाई त्याग्नु परेको विवश परिस्थिति देखाइएको छ । **सम्झौता** र **अवतरण** कथामा पञ्चायति राजनीतिक परिस्थिति र उन्मादयुक्त बेइमानी, दुराग्रही प्रवृतिका पर्दाफास गरिएको छ भने प्रगतिशील लेखक र सङ्गठनकर्ताहरूको कमजोरीलाई **मैले लेख्न छाडिदिएँ** शीर्षकको कथामा देखाइएको छ । **दायित्त्व** कथा प्रयोगवादी शैली  चिन्तनशील विचारबाट प्रभावित छ । **'मूल्य र मान्यता** कथाले आधुनिक र परम्परागत मूल्य एवम् मान्यताप्रतिको द्वन्द्वलाई देखाइएको छ । त्यस्तै **बन्द कोठाहरूको शहर** ले राजनैतिक विकृति दासता र पराजित मानसिकतालाई स्पष्ट पारेको छ । **भोक** र **चिल** कथामा भोकको चुडान्त स्थिति देखाइएको छ । **चिल** नैतिक शिक्षा दिने कथा भएकाले जसका लागि पनि आफ्नो सन्तान प्यारो हुन्छ तर सन्तानभन्दा आफ्नो अस्त्वित्व र अस्मिता प्यारो हुन्छ भन्ने देखाइएको छ । **नातासम्बन्ध**, **क्रसमा झुन्ठाइएको जिन्दगी**, **चकमन्न**, **आशीर्वाद**, जस्ता कथाहरूमा असमान उमेर समूहका बिच भएको वैवाहिक सम्बन्ध देखा परेको असफलता, दमीत यौन कुण्ठाको सिकार भएका नारीहरूको चित्रण यी कथाहरूमा देखाइएको छ ।

यस चरणको प्रतिनिधित्व गर्ने एक मात्र कथासङ्ग्रह **बन्द कोठाहरूको शहर** मा रहेका १५ वटा कथाहरूको अध्ययनबाट यस चरणका मूलभूत प्रवृतिलाई बुँदागत रूपमा यसरी उल्लेख गर्न सकिन्छ :

- विषयवस्तुगत विविधता पाइनु,
- सामाजिक समस्या, मानवीय वेदना र मर्म नै विषयवस्तु बन्नु,
- सामाजिक, राजनैतिक विकृति, विसंगति एवम् मानवीय मनको विकृति पहिल्याउनु,
- सामाजिक, मनोवैज्ञानिक र अस्तित्ववादी चेतनाका त्रिवेणी,
- पहिलो चरणको तुलनमा भाषा, शैलीशिल्पमा परिपक्वता पाइनु ।

### २.१.३ तेस्रो चरण (वि.सं. २०४६ सालदेखि –हालसम्म)

सनत रेग्मीको वि.सं. २०४६ सालदेखि हालसम्मको समयावधिलाई कथा यात्राको तेस्रो चरण मानिएको छ । यस चरणका कथा सङ्ग्रहहरूमा ‘लछमनियाको गौना’ (२०५१), ‘समय सत्य’ (२०५४), ‘सनत रेग्मीका प्रतिनिधि कथा’ (२०६०) र ‘स्मृतिदंश र अन्य कथाहरू’ (२०६६) प्रकाशित छन् । यसका अतिरिक्त थुप्रै कथाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । ‘लछमनियाको गौना’ बाह्र वटा कथाहरूको सँगालो हो भने ‘समय सत्य’मा ११ वटा कथाहरूसङग्रहमा २५ वटा कथाहरू रहेका छन् । यस कथा सङ्ग्रहका कथाहरू अगाडि कथासङ्ग्रहबाट छनौट गरिएका २४ कथाहरू र बाहिरबाट एउटा कथा गरी जम्मा २५ वटा कथाहरू सङ्कलित छन् । त्यस्तै गरी ‘स्मृतिदंश र अन्य कथाहरू’ रेग्मीको हालसम्मकै अन्तिम कथासङ्ग्रह हो । यसमा ३० वटा कथाहरू सङ्कलित छन् । ‘स्मृति-दंश र अन्य कथाहरू’ अन्तिम दुई कथा सङ्ग्रह ‘सनत रेग्मीको प्रतिनिधि कथा’ र स्मृति-दंश र अन्य कथाहरू दुवैमा दोहोरिएको पाइन्छ ।

सनत रेग्मीको यो चरणका ४ कथा सङ्ग्रहमध्ये पहिलो ‘लछमनियाको गौना’ हो। यस सङ्ग्रहमा यिनले पश्चिमी तराई क्षेत्रको भाषा, बोली, रहनसहन,कृषि जीवन, कुसंस्कार एवम् कुरीतिको चित्रण गरेका छन् । कतिपय कथाहरूमध्ये बालविवाहलाई अभिशापको रूपमा हेरिएको ‘लछमनियाको गौना’ कथामा उन्मुक्त यौनतृष्णाले छटपटिएको किशोरीको सफल मनोविश्लेषण छ । बालविवाहका कारण असमयमै विधवा बन्न पुगेकी तथा असमान उमेर र नपुङ्सक पुरुषका साथ पुनर्विवाह भएका कारण अतृप्त यौनतृष्णाको शिकार भएकी नारीको नग्न चरित्रको विश्लेषण ‘छिनार’ कथामा गरिएको छ । ‘वरपीपल’ १९९७ देखि २००७ सालको राजनीतिक घटनाक्रम र त्यसपछिको मुलुकको अवस्थालाई प्रतीकात्मक

रूपमा देखाइएको छ । 'लाटो' धार्मिक सहिष्णुता र सामाजिक मेलमिलापको सन्देश दिने कथा हो । 'लछमनियाको गौना' अव्यक्त यौन तृष्णले छटपटिएकी सफल मनोविश्लेषण छ भने बालविवाहकै कारण ऊ असमयमै विधुवा बन्न पुगेकी तथा असमान उमेर र नपुंसक पुरुषका साथ पुनर्विवाह भएका कारण अतृप्त यौनृष्णाको सिकार भएकी र बालविवाहलाई अभिशापको रूपमा हेरिएको छ । 'घन्टाउके' कथामा मानिसको स्वार्थी स्वभाव र गरिबी अन्धविश्वासलाई देखाइएको छ । 'राम भरोसेले नागरिकता पाएन' कथामा तराई क्षेत्रमा विद्यमान नागरिकता सम्बन्धी समस्या प्रदर्शन, 'उन्मुक्ति' कथामा साहुको शोषण, 'व्यापार' कथामा व्यापार हुँदा र नहुँदामा व्यापारीहरूको मानसिकता एवम् 'चोकबजार'मा नाङ्ला पसलेहरूलाई विदेशी व्यापारीले मेटाउन खोजेको चित्रण गरिएको छ । 'इज्जतको कुरो' कथामा आदर्शवादी कुरा गर्ने र व्यवहार नीच भएका व्यक्तिहरू प्रति तिखो व्यङ्ग्य वाण प्रहार गरिएको छ । 'फुल्मतिया' कथामा अर्काको जुठो खाएर बाँच्न विवश, गरिबीका कारण आफ्नो शरीर बेच्न बाध्य हुने गरेको नारी मनस्थितिको चित्रण छ भने 'संस्कार' कथामा गरिबीका कारण व्याकुल नारीले कुकुर्नीका छाउरासँग खेलिरेहकी आफ्नी छोरीलाई देखेपछि आफूलाई मृत कुकुर्नी तथा आफ्ना सन्तान कुकुरका छाउरासँग तुलना गरी बच्चाहरूको भविष्यप्रति चिन्ता व्यक्त गरिएको कुरा प्रस्तुत गरिएको छ ।

सनत रेग्मीको यस चरणका दोस्रो कथासङ्ग्रह 'समय सत्य' (२०५०) मा ११ वटा कथाहरू सङ्कलित भएका छन् । यस सङ्ग्रहमा 'रूप बजार' मा नारीहरू अभाव, गरिबी र कुसंस्कारका शिकार भएर देहव्यापार गर्न बाध्य भएका अवस्था चित्रण गरिएको छ । 'प्रश्नहरू' मा कृत्रिम गर्भाधारणबाट जन्मेका बालकका कारण नारीले झेल्नु परेको समस्या छ भने 'अनावृत' मा शोषक पुरुषहरूप्रति र नारी अस्त्वित्वमा खेलवाड गर्ने विरुद्ध आवाज उठाइएको छ तर 'तृष्णा' र 'समर्पिता' का नारीहरू भने पुरुषप्रति समर्पित हुन नपाउँदा पीडित छन् । त्यस्तै 'अप्रत्याशिक भेट' अभाव गरिबी र पारिवारिक दायित्त्वका कारण नृत्याङ्गना बन्न र नारीत्त्व गुमाउन विवश नारीको कथा हो भने यस सङ्ग्रहभित्रका अन्य कथाहरू पनि नारी समस्यासँग सम्बन्ध राख्ने र अस्तित्ववादी चिन्तन प्रकट भएका कथाहरू यस सङ्ग्रहमा रहेका छन् ।

सनत रेग्मीको यस चरणको तेस्रो कथासङ्ग्रह 'सनत रेग्मीका प्रतिनिधि कथासङ्ग्रह' (२०६०) हो । यस कथा सङ्ग्रहमा २५ वटा कथाहरू सङ्कलित छन् । यो कथा सङ्ग्रह अगाडिका भन्दा भिन्न प्रवृतिको र ठूलो आकारको छ । यस सङ्ग्रहमा 'चन्द्र ज्योत्सना र

कालो बादल' कथा सङ्ग्रहबाट एउटा कथा, 'दिनान्त' कथासङ्ग्रहबाट चार कथा, 'समय सत्य' कथा सङ्ग्रहबाट सात वटा कथा र अर्को एउटा कथा रहेको छ । यस कथा सङ्ग्रहले पनि सामाजिक यथार्थताकै वकालत गरेको देखिन्छ ।

सनत रेग्मीको कथा लेखनको तेस्रो चरणको हालसम्मको अन्तिम कथासङ्ग्रह 'स्मृतिदंश र अन्य कथाहरू' (२०६६) हो । यस कथा सङ्ग्रहमा ३० वटा कथाहरू रहेका छन् । यस सङ्ग्रहमा सङ्कलित प्रायः कथामा समसामयिक विषयवस्तुलाई उठान गरिएको छ । पात्रको मनोविश्लेषण, सामाजिक यथार्थता नै कथाकार रेग्मीको मूल वैशिष्ट्य हो । राजनैतिक विकृति, विसङ्गति प्रति व्यङ्ग्यवाण प्रहार, अस्तित्ववादी मानवतावादी चिन्तन, आञ्चलिकता, बालमनोविश्लेषण गर्नु नै यस चरणका कथाहरूको मूलभूत प्रवृति रहेको छ । पहिलो र दोस्रो चरणका कथासङ्ग्रहका तुलनामा यस चरणका कथासङ्ग्रहहरूका भाषामा निखारपन, शैलीशिल्पमा परिष्कार एवम् परिमार्जन भएको पाइन्छ ।

कथाकार सनत रेग्मीको तेस्रो चरणका कथागत प्रवृतिलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छः

- सामाजिक यथार्थताको प्रस्तुति,
- आञ्चलिकता,
- राजनीतिक, सामजिक क्षेत्रमा देखिएका विसङ्गति, विकृतिप्रति तीव्र व्यङ्ग्य,
- यौनमनोविश्लेषण, बालमनोविश्लेषण र नारीवादी चिन्तन प्रकट गर्नु,

## २.२ निष्कर्ष

कथाकार सनत रेग्मीको सम्पूर्ण प्रकाशित कथाहरूलाई तिन चरणमा विभाजन गरिएको छ । उनका हरूेक चरणका मुख्य र सहायक दुवै खालका प्रवृतिहरूलाई केलाइएको छ । उनका हरूेक चरणका कथाहरूमा सामाजिक विषवस्तुलाई उठान गरी त्यसको यथार्थपरक ढङ्गमा चित्रण गरिएको छ । उनका वि.सं. २०२३ देखि २०३५ सम्मको पहिलो चरण, वि. सं. २०३६-२०४५ सम्मको दोस्रो चरण र वि.सं. २०४६ देखि हालसम्मको समयावधिलाई तेस्रो चरणका रूपमा विभाजन गरिएको उनका कथायात्रामा देखिएका सबै चरणका मूलभूत प्रवृतिहरूलाई निम्नलिखित बुँदाहरूका आधारमा प्रस्तुत गर्न सकिन्छ :

- विविध सामाजिक पक्षहरूको यथार्थपरक चित्रण,
- आञ्चलिक परिवेश र भाषामा समेत भाषिकाको प्रयोग,
- सामाजिक, राजनीतिक प्रशासनिक विसङ्गति, विकृतिप्रति व्यङ्ग्यवाण,
- कथामा आन्तरिक एवम् बाह्य दुवै दृष्टिबिन्दुको सफल प्रयोग,
- भाषाशैली सरल र वर्णनात्मक, भाषामा अझ निखारपनको खाँचो,
- बालमनोविश्लेषण र नारी यौनमनोविश्लेषणको चित्रणमा सफल,
- सामाजिक यथार्थवादी कथाकार ।

## तेस्रो परिच्छेद

# बन्द कोठाहरूको शहर कथा सङ्ग्रहको कथानक विधान

## ३.१ कथानकको परिचय

कथानक अथवा कथावस्तु कथाका महत्त्वपूर्ण घटक हो । विन्यास हुने धटनाहरूको योजनाबद्ध विकासका साथै कार्यकारण श्रृङ्खलामा आधारित सङ्गठनात्मक स्वरूप नै कथानक हो । प्रत्येक आख्यानात्मक विधामा विचार सौन्दर्यको उद्बोधनका लागि कथानक एउटा कलात्मक एवम् बृहत् घटक मानिन्छ । कथामा कथानकको विस्तार केका लागि र किन सित सम्बन्धित हुनाले यसले कलात्मक मूल्यका साथै उद्देश्यसँग पनि अविच्छिन्न सम्बन्ध राख्दछ । कथावस्तु कथाको कच्चा पदार्थ हो र बीज विन्दु हो जसलाई कथाकारले कथानकको कलात्मक साँचोमा ढालेर पूर्णता प्रदान गर्दछ (पौडेल; २०६५ : १०) । कथानकबिना कुनै पनि कथाले गति लिन असम्भव छ । आख्यानात्मक कृतिमा पात्र र घटनाको कार्यकारण सम्बन्ध प्रस्तुत गर्दै पाठकमा उत्सुकता वा संशय जगाउने तत्वलाई कथानक भनिन्छ ।

वास्तवमा घटनावली वा क्रिया समूह स्वयम्मा कथानक बन्दैन, त्यसलाई योजनाबद्ध कलात्मक रूप दिएपछि कथानक बन्दछ । त्यस्तै जीवनको कुनै एउटा अंशको सङ्क्षिप्त व्याख्या गर्नु नै कथानक हो, यो विना कथा नै हुँदैन (उपाध्याय; २०४९ : १४७) ।

कथानक ढाँचा २ प्रकारको हुन्छ । रैखिक प्रकारको कथानक ढाँचामा आदि, मध्य र अन्त्यको क्रममा सम्पूर्ण कथावस्तुको संरचना निर्माण गरिएको हुन्छ । वृत्ताकारीय कथानक ढाँचा भनेको आख्यानको मूल विन्दु वरपर विचार मात्र केन्द्रीभूत हुने गरी निर्माण गरिएको हुन्छ । इतिहास, स्वेरकल्पना, रसराग, समाज आदिलाई नै कथानकको मूल श्रोत मानिन्छ । कथामा कथानकको प्रारम्भ वर्णनात्मक, आत्मकथात्मक एवम् संवादात्मक शैलीमा अघि बढाइएको हुन्छ । कथाको महत्त्वपूर्ण अङ्ग नै कथानक रहेकाले यो विना कथाको कल्पना गर्न असम्भव हुन्छ ।

## ३.२ कथानक विधान

### Õ मूल्य र मान्यता कथा

प्रस्तुत कथाले कथावस्तुका रूपमा सामाजिक विषयलाई अवलम्बन गरेको छ । आधुनिकतासँगै बदलिँदै गएको सामाजिक मूल्य र मान्यतातर्फ यसले सङ्केत गरेको छ । पुरानो पुस्ता र नयाँ पुस्ताका बिचको वैचारिक द्वन्द्व पनि आधुनिकताकै कारण यस कथामा सिर्जना भएको छ । श्रीधर र उनका जयन्त एवम् मीरा सन्तानबाट पुरानो पुस्ता र नयाँ पुस्ताको प्रतिनिधित्व गराइएको छ । श्रीधर पुरानो पुस्ता र आफ्नो परम्परागत मूल्य र मान्यताप्रति विश्वास गर्ने व्यक्तिका रूपमा यस कथामा आएका छन् । मीरा र जयन्तले आधुनिक पुस्ताको प्रतिनिधित्व गरेका छन् । नयाँ पुस्ता नयाँ मूल्य र मान्यताको निर्माणमा लागेको पनि यस कथाले सङ्केत गरेको छ ।

प्रस्तुत कथा सूक्ष्म आख्यान क्रम भएको कथा हो । कथानक योजना अन्तर्गत यस कथामा विचारलाई  ज्यादा जोड दिइएको छ । अत्यन्त झिनो आख्यान योजना यसमा छ । श्रीधर पण्डित हुनु, हिन्दु सनातन धर्मप्रति अगाध आस्था राख्नु, बिहान नित्य पाठपूजा गर्नु, शिक्षण पेसामा  जागिरे हुनु जस्ता पृष्ठभूमिहरू यस कथामा छन् । त्यस्तै मीरा र जयन्त उनका सन्तानका रूपमा यस कथामा आएका छन् । दुबै छोराछोरी शिक्षित भए पनि पुरानो मूल्यका विरोधी र नयाँ मूल्यका पक्षपाती भएको देखाइएको छ । आफ्ना बाबुको क्रियाकलापको विरोध गर्ने, आधुनिक खानपान, रहनसहनमा जोड दिने आधुनिक पुस्ताको चित्रण पनि यस कथामा गरिएको छ । बिस्तारै तराई क्षेत्रमा व्याप्त हुँदै गएको दाइजो प्रथाको सङ्केत पनि मीराको विवाहको प्रसङ्गले सङ्केत गरेको छ । आफ्नै बाबुलाई आधुनिकताका नाममा नोकर भन्न पनि पछि नपर्ने सन्तानको चित्रण समेत यस कथाको कथानक योजना अन्तर्गत सङ्केत गरिएको छ । आधुनिक पुस्ताहरू अत्यन्त निकृष्ट बन्दै गएको तर्फ पनि यस कथामा सङ्केत गरिएको छ । चिट चोर्न पाउनु पर्छ, विषयवस्तुको ज्ञान नभइ पनि उपाधि पाउनुपर्छ भनी जयन्त लगायतका विद्यार्थीले गरेको आन्दोलन, त्यसले लिएको उग्र रूप र प्रहरीको कारवाहीमा विद्यार्थी जयन्त र उसका साथीका बिचमा भेटघाट हुँदा बाबुलाई  नोकरका रूपमा चित्रण गरेको घटनाक्रम यस कथाको मध्य भागका रूपमा आएको छ भने विद्यालयमा भएको उच्छृङ्खल गतिविधि, जयन्तको मृत्यु र त्यसपछिको सन्नाटा अन्त्य भागका रूपमा आएको छ ।

प्रस्तुत कथाको कथानक योजना अन्तर्गत द्वन्द्व अत्यन्त सशक्त रूपमा आएको छ । यस कथामा आन्तरिक र बाह्य दुबै द्वन्द्व सशक्त छ । आन्तरिक द्वन्द्व मूलतः श्रीधर पात्रमा रहेको छ । उसले आफ्ना सन्तान र आफूका बिचमा बारम्बार तुलना गरेको छ । आधुनिक पुस्ताबाट बारम्बार उसले अपमान सहनु परेको छ । हिन्दु धर्ममा आधारित सामाजिक मूल्य र धार्मिक मूल्यलाई अङ्गीकार गर्दा ऊ बारम्बार अपमानित भएको छ । यसै अपमानले उसमा जीवनबाट निराशा र पलायनको भावना उत्पन्न भएको छ । साथसाथै आफ्नै सन्तानबाट अपहेलित हुँदा पनि त्यसलाई नियन्त्रण गर्न नसक्ने, सन्तानलाई सम्झाउन नसक्ने बेकम्वा बाबुका रूपमा स्थापित भएको छ । यसबाट पनि ऊ स्वयंका बिचमा तीव्र मानसिक द्वन्द्व चलेको छ । मीरा र जयन्तमा पनि आन्तरिक द्वन्द्व छ । आफ्नो बाबु परम्परागत मूल्य र मान्यताले ग्रस्त भएको तथा आधुनिक विचार प्रति सहमत हुन नसकेका कारणबाट उनीहरूमा आन्तरिक द्वन्द्व सिर्जना भएको छ । यस कथामा बाह्य द्वन्द्व पनि सशक्त रूपमा आएको छ । आधुनिकता र त्यससँगै भित्रिएको अराजकताबिचको द्वन्द्वका कारण बाह्य द्वन्द्व उत्पन्न भएको छ । खास गरी क्याम्पसमा भएको आगजनी, तोडफोड, भिडन्त र जयन्तको मृत्यु बाह्य द्वन्द्वका उदाहरूणका हुन् ।

यस कथामा कुतूहलताको निर्वाह पनि सामान्य रूपमा भएको छ । तीव्र कुतूहलता नभए पनि श्रीधर र उनका सन्तानबिच आधुनिकता र परम्परागत मूल्यका नाममा हुन सक्ने दुर्घटनाप्रति पाठक उत्सुक रहन्छ । कलेजमा भएको तोडफोडका क्रममा अब के हुन्छ भन्ने सामान्य कुतूहल पाठकमा उत्पन्न हुन्छ । अन्त्यमा पाठकमा उत्पन्न हुने कुतूहललाई यस कथाले शमन गरेको छ । समग्रमा यस कथाको कथानक योजना विषयवस्तु र त्यसको प्रस्तुतिका लागि सार्थक रहेको छ ।

- **दायित्त्व**

**दायित्त्व** कथाको कथावस्तु सामाजिक रहेको छ । परिवार र समाजले थोपरिदिएको दायित्त्व वहन गर्न व्यक्ति विवश हुन्छ भन्ने दृष्टिकोण यस कथामा आएको छ । प्रस्तुत कथामा कुनै कथानक छैन । केवल मिथकीय सन्दर्भको दृष्टान्त छ र त्यसैको तुलना म पात्रसँग गरिएको छ । यस कथालाई कथाका रूपमा स्वीकार्ने आधारका रूपमा कुनै कथानक नै छैन । केवल विचार छ । त्यसैले प्रस्तुत कथा कथानकहीन कथाका रूपमा रहेको छ । यस कथामा रहेको दायित्त्वबोध सम्बन्धी विचारलाई पुष्टि गर्नका लागि सिद्धार्थ गौतमलाई अगि सारिएको छ । सिद्धार्थ आफ्नो दायित्त्वबाट विमुख भए पनि उसको साथी सारथी छन्दक

आफ्नो कर्तव्यबाट विमुख नभएको मिथकीय सन्दर्भलाई नवीन विचारका साथ प्रस्तुत गरिएको छ । गौतम बुद्ध आफ्नो पारिवारिक, राजकीय दायित्त्वबाट भागे पनि छन्दकले आफ्नो दायित्त्व निर्वाह गरे जस्तै म पात्रले पनि कथामा आफ्नो दायित्त्व बाध्यतापूर्वक निर्वाह गर्नु परिरहेको दृष्टिकोण प्रस्तुत गरिएको छ । मानिस अनेक किसिमका परिस्थितिहरूका साङ्लाले बाँधिएको हुनाले ऊ त्यसबाट उम्कनै नसक्ने देखाइएको छ । बाबुद्वारा सुम्पिएको जिम्मेवारी पुरा गर्नुपर्ने दायित्त्व म पात्रमा आएको छ । यही कारणले उसले आफ्नो जीवनको समीक्षा गर्ने क्रममा दायित्त्वलाई नै जीवन र जीवनको चुनौतीका रूपमा स्वीकार गरिएको छ । मानिस कुनै हालतमा पनि आफ्नो दायित्त्वबाट भाग्न नसक्ने र आफ्नो दायित्त्वको निर्वाह गर्दागर्दै बुद्ध बन्नै नपाउने अभिव्यङ्ग्य समेत प्रस्तुत गरिएको छ । अत्यन्त भिनो विचार रहेको यस कथामा कुनै पनि आख्यान रहेको छैन । अतः प्रस्तुत कथामा आख्यान योजना अन्तर्गत आउने कथानक शृङ्खला, आदि, मध्य र अन्त्य, द्वन्द्व र कुतूहलताको निर्वाह हुन सकेको छैन । केवल व्यक्तिको दायित्त्वलाई परिवार र समाजसँग सन्दर्भित गरेर निबन्धात्मक रूपमा प्रस्तुत गरिएको छ ।

- **चकमन्न**

प्रस्तुत कथाले सामाजिक विषयवस्तुलाई ग्रहण गरेको छ । समाजमा सामाजिक आडम्बरका रूपमा रहेको आर्थिक पक्षालाई यस कथाले देखाउन खोजेको छ । पैसा कमाउनका लागि मानिसले गर्ने अत्यन्त निम्न स्तरका घृणित क्रियाकलाप गर्ने प्रसङ्ग यस कथामा आएको छ । आफ्नो सन्तानलाई विदेशमा पढाउने नाममा घरमा आफैँ यौन व्यवसाय सञ्चालन गर्ने आमाबाबु र त्यसकै सिकार बन्न पुगेकी बहिनीप्रति महेशको असहमति र विरोध यस कथाको कथानक भएर आएको छ । सामाजिक आडम्बरका लागि पैसा चाहिने र पैसा कमाउन जस्तो सुकै मूल्य भए पनि चुकाउन तयार हुने नेपाली समाजको बदलिँदो विशेषता यस कथामा आएको छ । निम्न वर्गीय जीवन व्यतित गरिरहेको महेशको परिवारको कथा नै यस कथाको मुख्य कथानक हो । महेश उच्च शिक्षा आर्जन गर्न रुस जानु, त्यहाँ डक्टरेट गरेर जात वर्षपछि नेपाल फर्कनु, आफ्ना आमाबुवाबाट अपार वात्सल्य प्राप्त गर्ने इच्छा गर्नु, एयरपोर्टमा चिन्नै नसक्ने पोसाकमा बहिनीलाई देखेर छक्क पर्नु, अकल्पनीय घर हुनु, आमा आमा जस्ती नभएर यौनकर्मी जस्ती भद्दा देखिनु, बाबुको स्वभाव द्रव्य पिचासीजस्तो हुनु, कुनै पनि कोणबाट महेशलाई आफ्नो घर घर जस्तो नलाग्नु,

बाबुले पार्टीमा रक्सी खान आग्रह गर्नु, आफ्नै आमा अरूसँग यौनसम्पर्क गरिरहेको देख्नु, बहिनीले पैसाका लागि देहव्यापार गरेको थाहा पाउनु र यी सबै कारणबाट यो संसार महेशलाई चकमन्न लाग्नु जस्ता अनेक घटना सन्दर्भको कलात्मक बुनोटबाट प्रस्तुत कथा निर्माण भएको छ । प्रस्तुत कथामा आदि, मध्य र अन्त्यको आनुक्रमिक संरचना तयार भएको छ । महेश सातवर्षपछि घर आउँदा आफ्नो घर पूर्ण रूपमा बहलिएको पाउनु र सोचेजस्तो वात्सल्य कसैबाट नपाउनु यस कथाको आदि भाग हो । आफ्नै आमा र बहिनी यौन पेसामा लागेको थाहा पाउनु मध्य भाग हो । आफ्नो पढाइको खर्च जुटाउन आफ्नो सिङ्गो परिवार नै यौन कार्यमा लागेको कारण  थाहा पाउनु र त्यसबाट उत्पन्न भएको सन्नाटा यस कथाको अन्त्य भाग हो ।

यस कथामा द्वन्द्वको पनि सबल निर्वाह भएको छ । यस कथामा बाह्य भन्दा आन्तरिक द्वन्द्व सशक्त छ । आफ्नो घर झोपडीबाट महलमा परिणत भएपछि कसरी भयो होला भन्ने जिज्ञासासँगै महेशको मनमा अन्तर्द्वन्द्व भएको छ । घर परिवारका सबै सदस्यहरूको जीवनशैली फेरिएको पाएपछि थप अन्तर्द्वन्द्वको सिर्जना महेशमा भएको छ । आफ्नो सम्पूर्ण परिवार नै वेश्यावृत्तिमा लागेको र त्यसको कारण आफ्नो पढाइ खर्च जुटाउनु रहेको थाहा पाएपछि ऊ किंर्कव्यविमूढ बन्न पुगेको छ । त्यसपछि उसलाई संसार नै चकमन्न भएको अनुभव भएको छ । यसबाट प्रस्तुत कथामा आन्तरिक द्वन्द्व छ र त्यस द्वन्द्वले यस कथालाई जीवन्त बनाएको छ । साथसाथै महेशमा मात्र द्वन्द्व नभई उसकी आमा र बाबुसँग पनि आन्तरिक द्वन्द्व छ । यौन व्यवसाय सञ्चालन गर्दा आफ्नो छोराले आफूहरूलाई के भन्ला भन्ने एक अज्ञात भयले सबैलाई सताएको छ । यही द्वन्द्वका कारण प्रस्तुत कथा सशक्त छ ।

प्रस्तुत कथामा कुतूहलताको पनि निर्वाह भएको छ । यस कथामा द्वन्द्व सशक्त रहेकाले कुतूहलताको पनि स्तरीयता रहेको छ । घर कसरी झोपडीबाट महल भयो होला भन्ने पाठकीय जिज्ञासा महेशको आश्चर्यसँगै सुरु हुन्छ । आमा, बुवा, बहिनीको जीवन शैलीमा आएको नाटकीय परिवर्तनले महेशलाई त कौतुहल बनाएको छ नै सम्पूर्ण पाठकहरूममा पनि तीव्र उत्सुकता र जिज्ञासा सुरु भएको छ । अन्त्यमा यौनव्यवसायमा लागेर सम्पूर्ण परिवर्तन भएको हो भन्ने निष्कर्ष पाएपछि जिज्ञासाको शमन त भएको छ तर त्यसपछि महेशले के गऱ्यो भन्ने थप जिज्ञासा भने यो कथामा अनिर्णित नै छ । समग्रमा

कथावस्तु, त्यसको कथानक, कथानक भित्र आउने आदि, मध्य र अन्त्यको शृङ्खला, द्वन्द्व, कुतूहलताका अनेक कोणबाट प्रस्तुत कथा सफल रहेको छ ।

- **नातासम्बन्ध**

प्रस्तुत कथा सामाजिक विषयमा आधारित छ । चरम स्वार्थको कारण मानवमा उत्पन्न हुँदै गएको मानवीय मूल्यको ह्रास यस कथामा सशक्त रूपमा आएको छ । त्यस्तै जीवन विसङ्गत र निस्सार छ भन्ने विसङ्गत चिन्तन पनि यस कथामा प्रस्तुत भएको छ । दिनानुदिन स्वार्थी बन्दै गएको समाज र त्यस्तो स्वार्थी समाजमा विखण्डित हुन पुगेको पारिवारिक संरचनालाई पनि यस कथाले देखाएको छ । यस कथामा मृत्युको परिवेश छ । मृत्युमा शोक प्रकट गर्नुपर्ने हो । तर अर्थ सचिव चापागाइँको मृत्युमा न त उसकी श्रीमतीले शोक प्रकट गरेकी छे न उसको छोराले नै आफ्नो बाबुको मृत्युमा शोक र श्रद्धा व्यक्त गरेको छ । कट्टेल अर्थ सचिवको मृत्युसँगै गृह सचिवलाई दुई बोरा चित्तलको सुकुटी र दुई तोला सुन लिएर भेट्न गएको छ र अर्थसचिवले दिएको जागिरको सुरक्षा गरेको छ । यस कथामा कुनै त्यस्ता पात्र छैनन् जसले प्रियजनको मृत्युमा वास्तविक शोक प्रकट गरेका हुन् । कान्छी श्रीमती उमा आफ्नो लोग्नेको मृत्युमा खुसी प्रकट गर्छे । यसको प्रमाण तलको उद्धृतांशबाट लिन सकिन्छ : "चापागाइँको मृत्युले त झन् उनलाई मुक्ति दिए झैँ भान हुन्छ । चापागाइँबाट मुक्तिको भानले उनको अनुहारमा सन्तोष र प्रसन्न्नताको भाव पलाउँछ" (पृ. ३२) । यस साक्ष्यले आफ्नो लोग्नेको मृत्युमा खुसी हुने र अपासर सन्तोष प्रकट गर्ने अत्यन्त स्वार्थी चरित्रको उद्घाटन भएको छ । साठी बर्से उमेरमा बिस बर्से नवयौवनीको इच्छा पुरा गर्न नसकेको र उमी केवल सम्पत्तिको आशमा मात्र चालिस वर्ष उमेर फरक भएको अर्थसचिवसँग नाता गाँस्न राजी भएको देखाएर सम्पत्तिमा दिनानुदित बढ्दै गइ रहेको आडम्बरको चित्रण गरिएको छ । छोरो आफ्नो बाबुको मृत्युमा रिसाउँछ । घरमा श्रीमती हुँदाहुँदै कर्नेलकी श्रीमतीसँग भेट्न जाने योजना बनाउँछ । उसले जुन दिन कर्नेल्नीसँग रमाइलो गर्ने योजना बनाएको हुन्छ त्यसै दिन उसका बाबुको मृत्यु हुन्छ । त्यसैले ऊ आफ्नो मृत बाबुसँग रिसाउँछ । लाश लिएर आर्यघाट जाँदा पनि कर्नेल्नी रिसाइ होला कसरी फकाउने भन्ने सोच मात्र उसमा आइ रहन्छ । बाबुको भित्री सेफमा कति धनमाल होला, कान्छी आमाले लागि होला भन्ने अत्यन्त निष्ठुर र घृणित चिन्तन उसमा आइ रहन्छ । उसले आफ्नो बाबुको मृत्युमा वास्तविक शोक प्रकट गर्न सकेको छैन । उमा आफ्नी

लोग्नेको मृत्युमा खुसी हुन्छे र जनैबाट साँचो झिकेर सम्पूर्ण धनमाल आफ्नो कन्तुरमा लुकाउँछे । उसलाई  लोग्ने कहिले भर्ला र आफूले तिहारमा टीका लगाएर दाजु मानेको पोखेलसँग बिहे गरुँ भन्ने भावना आइ रहन्छ । लोग्नेको काजक्रिया सकिएको भोलिपल्टै आफ्नो दाजुसँग अर्को विवाह गर्छे । बाबुको काजक्रिया सकिएकै दिन छोरो कर्नेलकी श्रीमती भेट्न जान्छ र बाबुको मृत्युले उक्त दिन भेट्न आउन नपाएकोमा क्षमा माग्छ । यी सबै घटनाबाट हेर्दा प्रस्तुत कथाले दिनानुदिन सङ्कीर्ण बन्दै गएको समाज र त्यसको परिणामस्वरूप विखण्डन हुँदै गएको संरचनालाई सङ्केत गरेको छ ।

प्रस्तुत कथाको कथानक योजना आदि, मध्य र अन्त्यको सुशृङ्खलामा आधारित छ । सशक्त किसिमको कथानक र त्यसको प्रस्तुति यस कथामा भएको छ । चापागाइँको मृत्युमा उमाले हर्ष प्रकट गर्नु यस कथाको आरम्भ हो । त्यस्तै जति प्रयत्न गरे पनि श्रीमानको मृत्युमा आँसु नआउनु, धनमाल आफ्नो सन्दुकमा राख्नु र छोरो आफ्नै बाबुको मृत्युमा रिसाउनु उत्कर्ष वा मध्य भाग हो । काजक्रिया समाप्त हुन नपाई सम्पत्ति लिएर उमा दाजुसँग अर्को बिहे गर्नु र छोरो कर्नेल्नी भेट्न जानु यस कथाको अन्त्य भाग हो । यस कथाको कथानक उपयुक्त कार्यकारण शृङ्खलामा उनिएर आएको छ ।

प्रस्तुत कथामा द्वन्द्वको पनि सफल निर्वाह भएको छ । यस कथाको आन्तरिक द्वन्द्व सशक्त छ । यस कथाका सबै पात्रहरू विकृत छन् । विकृत सोचाइ छ । कसैले पनि सही अर्थमा समवेदना व्यक्त गरेका छैनन् । श्रीमतीलाई लोग्नेको मृत्युमा आँसु आएको छैन । कसरी उसको सम्पत्ति उम्काएर अर्कैसँग भागूँ भन्ने द्वन्द्व छ । छोरो आफ्नो बाबुको मृत्युमा शोक प्रकट गर्न सक्दैन । बाबुको मृत्युले परस्त्री भेट्न नपाएकोमा रिसाउँछ । त्यसबाट पनि उसमा द्वन्द्व उत्पन्न भएको छ । कान्छी आमा र छोरा बुहारीबिच पनि द्वन्द्व छ । सम्पत्तिका विषयमा दुबै पक्षबिच आन्तरिक द्वन्द्व छ । आफ्नै स्वास्नीसँग छोरो बाबुको सम्पत्ति रक्षा नगरेकोमा रिसाउँछ । अर्थ सचिवको मृत्युमा उसको परिवारका सबैलाई एउटै मात्र द्वन्द्वको कारण छ त्यो उसको सम्पत्ति कसरी हात पार्ने भनेर हो । यस द्वन्द्वबाट कथाले स्तरीयता र जीवन्तता प्राप्त गरेको छ ।

यस कथामा कुतूहलको सामान्य निर्वाह छ । लोग्नेको मृत्युमा खुसी प्रकट गर्ने स्वास्नीले भविष्यमा के गर्ली भन्ने पाठकीय जिज्ञासा पैदा हुन्छ । अर्थ सचिवको मृत्युसँगै आफ्नो जागिर धरापमा परेको कट्टेलले जागिर जोगाउन के गर्ला भन्ने जिज्ञासा यसमा उत्पन्न हुन्छ । त्यस्तै आफ्नो बाबुको मृत्युमा खुसी हुने छोराले भविष्यमा के  गर्ला भन्ने

पाठकीय जिज्ञासा रहिरूहन्छ । समग्रमा यस कथाको कथावस्तु अनुकूल उपयुक्त कथानक योजना निर्माण गरिएको छ । आदि, मध्य र अन्त्यको अनुक्रमिक संरचनामा यसको कथानक शृङ्खला उनिएको छ ।

- **निर्णय**

प्रस्तुत कथाले सामाजिक विषयवस्तु र अस्तित्वलाई प्रस्तुत  गरेको छ । सामाजिक विषयसँग मनोविज्ञान र अस्तित्व जोडिएको छ । दिदीको मृत्युपछि बेसहारा भएका छोराछोरीहरूको साहराका लागि आफ्नै भिनाजुसँग बिहे गर्न निर्णय गर्ने विमलाको अस्तित्ववादी कोणलाई मूलतः यस कथाले कथावस्तु बनाएको छ । आफ्नो सुख भन्दा दिदीका छोराछोरीहरूको सुखका लागि आफ्नो प्रेमी प्रकाशलाई छोडेर विमलाले भिनाजु विकाससँग बिहे गर्ने निर्णय गरेकी छे र यही झिनु घटनालाई यस कथाले कथानक बनाएको छ । यस कथामा दुईवटा कालिक सन्दर्भहरू आएका छन् । एउटा वर्तमानको घटनागत कालिक सन्दर्भ रहेको छ भने अर्को विमलाको स्मृति सन्दर्भ प्रस्तुत छ । वर्तमानको घटना छोटो छ । भिनाजुसँग बिहे गर्न घरबाट आएकी विमलाको करिब १२ घण्टाको कालिक अवधि छ भने उसको स्मृति सन्दर्भमा दिदीको बिहे भएको, उसको प्रकाशसँग प्रेम सम्बन्ध रहेको, दिदी विरामी भएकी, दिदीका छोराछोरी उसले मामाघरमा लगेर पालेकी, दिदीको सन्तानप्रतिको तीब्र बेदना र मोहलाई आश्वस्त पार्ने क्रममा म यी बच्चाको जिम्मा लिन्छु र भिनाजुसँगै बिहे गर्छु भन्ने कठिन निर्णय लिएका सन्दर्भहरू आएका छन् । यस कथामा सूक्ष्म केही घटना छन् । तिनै घटनाहरू यस कथाको कथानक शृङ्खलामा जोडिएका छन् । यस कथाको आदि, मध्य र अन्त्यको शृङ्खला अत्यन्त कमजोर छ । दुईवटा घटना एकै ठाउँमा मिसाएर क्यानभास र कोलाज जस्तो बनाइएकाले नछुट्टिने स्थितिमा रहेका छन् । दिदीको मृत्युपछि विमला भिनाजुसँग बिहे गरेर आउनु यस कथाको आदि भाग हो । विमलाले आफ्नो अस्तित्व नै समाप्त पारेर दिदीको अधुरो जीवनबाटै आफ्नो जीवनयात्रा सुरु गरेको अनुभव गरी आफ्नो कुनै अस्तित्व नभएको अनुभव गर्नु र दिदीका सारा पूर्व दृश्य एवम् आफूले दिदीलाई दिएको वचनको स्मरण गर्नु मध्यभाग हो । त्यस्तै भिनाजुसँग लोग्नेका रूपमा सुत्नुपर्दाको सन्नाटामय क्षणसँगै विमलामा उत्पन्न शून्यतालाई अन्त्य भागका रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथामा द्वन्द्वको सघन निर्वाह भएको छ । यसमा आन्तरिक द्वन्द्व सशक्त रूपमा आएको छ । यस कथामा एउटै पात्रको आफ्नै मनबिचको द्वन्द्व छ । यसबाट कथाले स्तरीयता प्राप्त गरेको छ । विमलाको आफ्नै मनभित्रको द्वन्द्व रोचक बनेर आएको छ । एकातिर दिदीको मातृवात्सल्यको कारुणिक भावबाट ऊ विगलित भएकी छे भने अर्कातिर प्रकाशसँग जीवनको सुन्दर क्षणको कल्पना गरेकी छे । दिदीको करुणा र दिदीका छोराछोरीको असहाय अवस्थाको रक्षा गर्नुमै उसले आफ्नो जीवनकोसार्थकता हुने ठानी दिदीलाई भिनाजुसँग बिहे गर्छु भन्ने निर्णय दिएकी छे । उक्त निर्णयप्रति उसको आत्मविश्वास त देखिन्छ तर सुहागरातमा उसमा आएको अन्तर्द्वन्द्वले ऊ खुसी छैन भन्ने प्रस्ट हुन्छ । उसले बारम्बार बिहेपछि आफ्नो जीवनको नयाँ सुरुवात भएको नठानेर दिदीकै अधुरो जीवनबाट आफ्नो जीवनयात्रा सुरु भएको ठानेकी छे । यसबाट विमलामा अस्तित्वगत अन्तर्द्वन्द्व र मनोवैज्ञानिक अन्तर्द्वन्द्व प्रशस्त छ भन्ने देखिन्छ ।

यस कथामा कुतूहलताको सामान्य निर्वाह भएको छ । वर्तमानमा अतीतको स्मरण भएकाले अतीतमा के भएको थियो भन्ने जिज्ञासा पाठकमा परिरहन्छ । विमलाले प्रकाशलाई रोज्छे की दिदीको खुसीलाई भन्ने जिज्ञासु कथाको सुरुतिरै प्रारम्भ हुन्छ । अन्त्यमा यस कथाले जे जस्ता जिज्ञासाहरू पाठक समक्ष उठाइदिएको छ तिनको समाधान प्रस्तुत गरेको छ । समग्रमा प्रस्तुत कथाको कथानक योजना सफल र सार्थक छ । जे जस्ता विषयवस्तुलाई प्रतिपादन गर्न खोजिएको छ त्यसको उपयुक्त आख्यान शृङ्खला कायम गरी प्रस्तुत गर्न प्रस्तुत कथा सफल रहेको छ ।

- **स्वीकारोक्ति**

प्रस्तुत कथा सामाजिक विषयवस्तुका आधारित छ । समाजका आडम्बर वा प्रतिष्ठालाई उच्च महत्त्वका साथ देखाउन प्रस्तुत कथा सक्षम रहेको छ । आफ्नो पतिमा यौन दुर्बलता भएका कारण अर्कै व्यक्तिसँग सहवास गरी सन्तान जन्माएको र सामाजिक प्रतिष्ठा गुम्ने डरले उक्त कुरा कसैलाई पनि नसुनाएको र अन्त्यमा आफ्नो छोरोले उक्त कुरा थाहा पाएपछिको तीव्र सन्नाटामय क्षणलाई यस कथाले प्रस्तुत गरेको छ । आफ्नो बाबु जीवित हुँदाहुँदै आमाले एकल महिला भएर बस्नु पर्दैन भन्ने दृष्टिकोण छोरोले अगाडि सारेको छ । सदैव आडम्बरमा सत्यलाई ढाकछोप गरेर बाँचि रहनु उपयुक्त होइन भन्ने दृष्टिकोण यस कथामा छ । यथार्थ र सत्य जे हो त्यसमै विश्वास गर्नु पर्छ । दिनेशको बाबु

हरिबहादुर हो राम बहादुर होइन अर्थात् अहिले जसलाई दिनेशले बाबु भनि रहेको छ त्यो वास्तविक बाबु होइन । रामबहादुरमा यौन दुर्बलता आई सन्तान जन्माउन असमर्थ भएपछि आफ्नो मातृत्त्व रक्षााका लागि दिनेशकी आमाले हरिबहादुरसँग संसर्ग गरेको कुरा छोराले थाहा पाएको छ । त्यसपछि मेरो बाबु हरिबहादुर हो रामबहादुर होइन र तपाइँको वास्तविक पति हरिबहादुर नै भएकाले र ऊ अहिले जीवित रहेकाले उसैलाई स्वीकार्नु पर्छ भन्ने दृष्टिकोण अगाडि सारेको छ । आमाले उक्त कटु सत्यलाई स्वीकार्न नसकेको सन्दर्भमा नै कथा समाप्त भएकाले शीर्षकमा रहेको स्वीकारोक्ति प्रश्नवाचक भने रहिरूहेको छ । यस कथाले सामाजिक आडम्बरबाट मुक्त भएर यथार्थमा बाँच्न सिक्नुपर्छ भन्ने मान्यतालाई अगाडि सारेको छ ।

प्रस्तुत कथामा अत्यन्त झिनो कथानक छ । कथानक भन्न लायकको घटनाक्रम यसमा छैन । केबल एक घण्टा जतिको कालावधिमा यो कथाको केन्द्रीय कथनकाल समाप्त भएको छ । आमालाई छोराले आफ्नो हरिबहादुरसँगको मातृत्त्व रक्षाको अनैतिक प्रसङ्ग थाहा पायो भन्ने कुरा थाहा भएको अवस्था यस कथाको आरम्भ हो । आमालाई छोराले के भन्न भनी तीव्र सङ्कट उत्पन्न भएको बेला उक्त घटनालाई सहज रूपमा स्वीकार गरी आमाले पनि यथार्थ पति हरिबहादुरलाई स्वीकार्नु पर्छ भन्ने माग राख्दा आमा आश्चर्य चकित हुनु यस कथाको मध्यभाग हो भने त्यसपछि आमा मुर्छा पर्नु, तथा स्तब्ध एवम् सन्नाटामय परिवेश यस कथाको अन्त्य भाग हो ।

प्रस्तुत कथामा द्वन्द्वको सामान्य निर्वाह भएको छ । कार्यकारण घटनामा आधारित सशक्त कथानक यसमा नआएको कारण यस कथाको द्वन्द्व विधान सशक्त बन्न सकेको छैन । छोरो दिनेशले आमाको हरिबहादुरसँगको पूर्व सम्बन्ध थाहा पाएपछि के गर्ला, के भन्ला भन्ने कौतूहलता पाठकमा जागृत भएको छ भने यससँगै द्वन्द्वको सुरुवात पनि भएको छ । मूलतः आमाको मनमा बढी द्वन्द्व छ । छोरो नरेश क्रान्तिकारी जस्तो भएर देखा पर्दा उसको आक्रोशले द्वन्द्वको सिर्जना गरेको छ । आडम्बर भएर बाँच्नु जरुरी नभएको र यथार्थ जे हो त्यसलाई स्वीकार गर्नु पर्ने मान्यता अगि सार्ने क्रममा आमाले त्यसलाई स्वीकार गर्न नसक्दा आमा र छोराका बिचमा द्वन्द्व छ र त्यही द्वन्द्वले पाठकमा  पाठकीय जिज्ञासा उत्पन्न गराएको छ । अन्त्यमा आमाले उक्त सम्बन्धलाई स्वीकार गर्छे कि गर्दिन भन्ने प्रश्नको अनिर्णित उत्तरसँगै प्रस्तुत कथा समाप्त भएको छ । समग्रमा प्रस्तुत कथाको कथानक वा कथावस्तु विषयवस्तुको प्रतिपादनका दृष्टिले उपयुक्त नै रहेको छ । द्वन्द्व, कुतूहल, कथानक

योजना आदिजस्ता प्राविधिक पक्षहरू भने सशक्त रूपमा आउन नसकेका कारण प्रस्तुत कथाको कथानक योजना प्रभावकारी बन्न सकेको छैन ।

- **आशीर्वाद**

प्रस्तुत कथा सामाजिक विषयवस्तुमा आधारित छ । समाजमा हुने बहुविवाहको कारणले जीवनमा आफ्नो पति र सन्तानसँग बिछोडिएर बाँच्न विवश म पात्रको जीवन सन्दर्भलाई यस कथाले विषयवस्तु बनाएको छ । प्रस्तुत कथाको रचनाकाल २०४३ साल हो । २०४३ सालभन्दा अगि नेपाली समाजमा व्याप्त बहुविवाहको कारणले प्रताडित हुन पुगेका अनेकौं नारीहरूको समस्यालाई यस कथाले उजागर गरेको छ । आफ्नो सन्तान सँगै राख्न नपाउने र बाबुको हुने उक्त समयको सङ्केत यस कथाले गरेको छ । प्रस्तुत कथामा कुनै कथानक छैन । केवल दश मिनेट जतिको आमा र छोरीको वार्तालाप छ । उक्त वार्तालापको विषय अगिल्लो दिन विवाहमा म पात्र छोरीको कन्यादान नगरी फर्किएको प्रसङ्ग छ । यही प्रसङ्गलाई कथाले अगाडि बढाएको छ । आफ्नी छोरीको कन्यादानमा आफूलाई संलग्न नगराइएको, आफ्नो कुनै वास्ता र महत्त्व नगरिएको कारण निरास भएर फर्किएकी म पात्रले छोरीलाई आफ्नो विवशता बुझि दिन आग्रह गरेकी छे । सौताले आफ्नी छोरीको कन्यादान गरिरहँदा आफूलाई त्यस कार्यक्रममा कुनै स्थान नदिइएकोमा उसको मातृत्त्व खण्डित भई त्यसलाई सहन नसकि म पात्र वैवाहिक कार्यक्रम स्थलबाट फर्किएकी छ । त्यही प्रसङ्गलाई छोरी निरुले किन आशीर्वाद नदिई फर्कनु भएको भनी प्रश्न गरेकी छे । म पात्रले त्यसको प्रत्युत्तरमा आफ्नी छोरीलाई आफ्नै उपस्थिति हुँदाहुँदै अरूले नै कन्यादान गर्दा र आफू पराइ हुनुपर्दा मातृत्त्व खण्डित भएकाले फर्किएको स्पष्टीकरण दिई दुबैलाई आशीर्वाद दिएपछि कथा समाप्त भएको छ ।

प्रस्तुत कथामा कुनै कथानक छैन । पूर्वदृश्यमा एउटा बिहेको प्रसङ्ग छ । बिहेमा आमाले आशीर्वाद नदिइ फर्किएको घटना छ भने वर्तमानमा केवल दश मिनेट जतिको समयमा आमा र छोरी बिचको वार्तालाप छ । अतः यस कथामा कथानक नै नभई एउटा सामान्य घटना रहेकाले यसको आदि, मध्य र अन्त्यको कथानक ढाँचा छुट्याउने स्थिति छैन । कथानक सशक्त नभएकाले यस कथामा कुतूहल र द्वन्द्व पनि प्रभावकारी बन्न सकेको छैन । केवल आन्तरिक द्वन्द्वको सामान्य निर्वाह यसमा भएको छ । बिहेमा आशीर्वाद नदिइ आमा फर्कनुको कारण के होला भन्ने सन्दर्भले छोरीका मनमा अन्तर्द्वन्द्वको सिर्जना गरेको

छ । त्यस्तै आफू हुँदाहुँदै आफ्नै छोरीको कन्यादानमा आफूलाई संलग्न नगराइएको कारणबाट आमाका मनमा अन्तर्द्वन्द्व भई वैवाहिक कार्यक्रम समाप्त हुनु पूर्व नै फर्किएकी छे । यसमा कुतूहलताको निर्वाह हुन सकेको छैन । समग्रमा भन्दा अत्यन्त झिनो घटनालाई कथात्मक संरचनामा ढालेर प्रस्तुत कथाले कथानकलाई अगाडि बढाएको छ । यही कारणले यस कथाको वस्तुविधान फित्तलो र कार्यकारण शृङ्खलामा आधारित प्रभावकारी कथानक निर्माण हुन सकेको छैन ।

- **क्रसमा झुन्ड्याइएको जिन्दगी**

प्रस्तुत कथा सामाजिक विषयमा आधारित छ । पत्रात्मक शैलीमा म पात्र उर्मिलाले आलोकलाई सम्बोधन गरी लेखिएको छ । यसमा शिक्षित युवायुवतीहरू उपयुक्त रोजगारको अभावमा विभिन्न अनैतिक काममा संलग्न हुनु परिरहेको सन्दर्भ प्रस्तुत छ । म पात्रले बी.ए. पास गरेर पनि राम्रो जागिर पाउन सकेकी छैन । प्राइभेट फर्ममा सामान्य टाइपिस्ट बनेर आफूमा आश्रित ठुलो परिवारलाई पाल्नु परेको छ । परिवार स्वार्थी भइ दिँदा उसले सोचेजस्तो जीवन अगाडि बढाउन सकेकी छैन । भाइको फुर्मासी चरित्रले घरको व्ययभार दिनप्रतिदिन बढ्नु, आमाको उपचारका लागि खर्चको अभाव हुनु जस्ता कारणले ऊ होटलमा यौनकर्मी भएर परिवार चलाउन बाध्य छे । उसका सपना र चाहनाहरू खण्डित भएका छन् । उसलाई माया गर्ने मान्छेलाई परिवारले स्वीकार गरेको छैन । जसबाट उसको भावना खण्डित हुन पुगेको छ । स्नातक उत्तीर्ण गरेर पनि उसले उपयक्त रोजगारी पाएकी छैन । यसबाट आर्थिक सङ्कट बढ्दै गएको छ । परिवारको व्यवस्थापन गर्दा गर्दै आफ्नो बारेमा सोच्नै भ्याएकी छैन । उसको जीवन बलिदानीको क्रसमा टाँगिएको छ । उसले भनेकी छे मेरो जीवन भाइ, बाबु र आमाका तिनवटा किला गाडेर क्रसमा टाँसिएको छ (पृ. ६३) । यसबाट शिक्षित भएर पनि परिवारको पालन पोषणका क्रममा आर्थिक रूपले प्रताडित भई परिवारको कुनै सहयोग नपाएर यौनकर्मी बन्न बाध्य भएकी म पात्रको दयनीय अवस्था पुष्टि हुन्छ । यस कथामा आदि, मध्य र अन्त्यको आनुरैखिक क्रम रहेको छ । बी.ए.पास गरेर पनि उपयुक्त जागिर नपाउनु र सामान्य क्लर्कको पेसा अँगाली जीवनवृत्ति चलाउनु आदि भाग हो । परिवारले असहयोग गर्नु र भाइको फुर्मासी चरित्रमा वृद्धि भएपछि घर परिवार चलाउन बाध्य भएर यौनकर्मी बन्न पुग्नु उत्कर्ष वा मध्य भाग हो भने म पात्रमा छाएको सन्नाटा र जीवनको व्यर्थता अन्त्य भाग हो ।

प्रस्तुत कथामा द्वन्द्वको निर्वाह भएको छ । यसमा मूलतः आन्तरिक द्वन्द्व छ । सामान्य रूपमा बाह्य द्वन्द्व पनि छ तर त्यो गौण छ । परिवार र म पात्रको बाह्य र आन्तरिक द्वन्द्व दुबै छ । मन परेको प्रेमी घरमा लिएर जाँदा परिवारले गरेको विरोध बाह्य द्वन्द्व हो । यसबाट म पात्रमा आन्तरिक द्वन्द्व सुरु भएको छ । परिवारले आफ्नो खुसी खोसेर केवल कमाएर ल्याउने भाँडोका रूपमा मात्र आफूलाई लिएको भनी म पात्रमा तीव्र द्वन्द्व उत्पन्न भएको छ । त्यस्तै भाइसँग पनि सामान्य बाह्य द्वन्द्व छ । आई.ए. पढेर पनि परिवारको आर्थिक अवस्थाप्रति कुनै रुचि नराखी आवारा भएर हिँड्दा म पात्रलाई त्यसको सम्पूर्ण व्ययभार आफैँले व्यहोर्नु पर्ने स्थिति आएको छ । यसबाट म पात्रमा बाह्य सँगै आन्तरिक द्वन्द्व सुरु भएको छ । सबैभन्दा बढी आन्तरिक द्वन्द्व आफू यौनकर्मी बन्न विवश भएकोमा रहेको छ । सुशिक्षित भएर पनि शैक्षिक योग्यता अनुसारको रोजगारी नपाउँदा परिवारको असहयोग हुँदा परिवारको व्यय बढ्दा ऊ बाध्य भएर यौनकर्मी बन्न पुगेकी छे । यसबाट नै यो कथाको जीवन्नता र द्वन्द्व कायम हुन सकेको छ ।

यस कथामा कुतूहलताको पनि सामान्य निर्वाह भएको छ । पढाइ सकिएपछि म पात्रले के गर्ली भन्ने जिज्ञासा पाठकमा उत्पन्न हुन्छ । क्लर्कको जागिरले परिवारको खर्च टार्न सक्ने कि सक्दिन भन्ने पाठकीय जिज्ञासा रहिरूहन्छ । क्लर्कको जागिरले खर्च टार्न नसकेपछि होटलतिर काम खोज्न जाँदा अब उसको भविष्य कतातिर जान्छ होला भन्ने आम पाठकीय जिज्ञासा रहन्छ । ऊ अन्ततः यौनकर्मी बनेपछि अब उसको भविष्य कस्तो होला, आलोकसँगको उसको सम्बन्ध के छ ? के आलोकले म पात्रलाई सम्बोधन गर्ला ? जस्ता अनेक जिज्ञासाहरू भने यस कथामा अनिर्णित नै छन् । समग्रमा यस कथाको कथानक उपयुक्त कार्य कारण शृङ्खला सहित अगाडि बढेको छ । द्वन्द्व, कुतूहलता जस्ता कथानकका सङ्घटक पक्षहरूको उपयुक्त समन्वय यस कथामा रहेको छ ।

- **भोक**

प्रस्तुत कथा सामाजिक विषयमा आधारित छ । घरमा काम गर्न राखेको कर्मचारीकी छोरीको भोकसँग सम्बन्धित घटनालाई ऊ पात्रसँग सान्दर्भिक गरेर प्रस्तुत गरिएको छ । ऊ पात्र रोटी बनाइ रहेको समयमा सानी केटी उसको नजिक आएर रोटी पकाएको हेरि रहन्छे । ऊ पात्रको रोटी खान्छौ भनी सोध्दा माछा खान्छु भन्छे । त्यही सानी बालिकाको रोटीलाई माछाको आकारमा निर्माण गर्छे । एवम् रीतले उसले कुखुरा र आफूलाई खान मन लागेका

परिकामा रोटीको मुछेको पिठोलाई परिवर्तन गर्दै जान्छे । ऊ पात्र उक्त बालिकाको बालकलाकारिता देखेर आश्चर्य चकित हुन्छे । उनलाई भोलिपल्ट सिसाकलम र कापी किनेर ल्याइ दिन्छे । तर सानी बच्चीले कागजमा बनाएको चित्र खान मिल्छ र ? भनी प्रश्न गर्छे । यसबाट भोकलाई जीवनको महत्त्वपूर्ण पक्षका रूपमा लिइएको छ । भोकबाटै मानिसले विशेष उत्प्रेरणा प्राप्त गरेर त्यसको शमनका लागि अनेक प्रयत्न गर्छ भन्ने दृष्टिकोण अगि सारिएको छ । प्रस्तुत कथामा कुनै कथानक छैन । केवल एउटा सानो घटना छ । त्यो घटना ऊ पात्रको रोटी पकाउँदै गर्दा नोकर्नीकी छोरी अपलक हेरि रहन्छे र उसलाई रोटी खान्छौ भन्दा माछा खान्छु भनी माछाको आकृति भएको रोटी बनाएर खाएको प्रसङ्ग छ । यही सूक्ष्म घटना नै यस कथाको मुख्य कथन सन्दर्भ हो । प्रस्तुत कथामा आदि, मध्य र अन्त्यको आनुरैखिक कथाक्रम निर्माण हुन सकेको छैन । सशक्त किसिमको आख्यान योजना नभएकै कारणले यसमा कथानक दुर्बल बन्न पुगको हो । ऊ पात्रले रोटी बनाएको सानी केटीले हेरि रहनु यस कथाको आरम्भ हो । रोटी खान्न माछा खान्छु भनी केटीले माग गर्नु र माछा छैन भन्दा माछा लगायत आफूलाई मनपर्ने खानाका आकृति मिठोबाट बनाउनु उत्कर्ष वा मध्य भाग हो । ऊ पात्र त्यस केटीको बाल कलाकारिताबाट प्रभावित भएर भोलिपल्ट सिसाकलम र कागज ल्याइदिनु यस कथाको अन्त्य भाग हो ।

प्रस्तुत कथामा द्वन्द्व र कुतूहलताको निर्वाह भएको छैन । केवल ऊ पात्रमा सानी केटीको बालकलाकारिताको अभिरुचिपूर्ण उत्साह राखेकी छे । यसमा सघन किसिमको द्वन्द्व छैन ऊ पात्रलाई उक्त बालिका कसरी बालकलाकार भइ भन्ने सामान्य कुतूहल छ । त्यही कुतूहल नै पाठकीय जिज्ञासा पनि रहेको छ । समग्रमा प्रस्तुत कथाको कथानक अत्यन्त झिनु कथानकहीन आख्यानमा उनिएको छ । भोक नै जीवनको प्रमुख मानवीय बृत्ति हो भन्ने मान्यतालाई देखाउन यसको घटना पर्याप्त छ ।

- **बन्द कोठाहरूको शहर**

**क) कथानक/कथावस्तु**

प्रस्तुत कथा सामाजिक विषयमा आधारित छ । यो कथा अभिव्ज्जनात्मक रूपमा लेखिएको छ । बन्द कोठाहरूको शहर शीर्षक नै प्रतीकात्मक रूपमा आएको छ तथापि यसमा झिनो आख्यान क्रम भने रहेको छ । एउटा युवक निद्राबाट ब्युँझिदा एउटा बन्द कोठाभित्र आफूलाई थुनिएको पाउँछ । त्यो कोठा अँध्यारो छ र त्यसमा कुनै झ्यालहरू

छैनन् । प्रकाश र हावको व्यवस्था छैन । उक्त कोठामा सबै सुविधाहरू रहेका छन् । खानेकुरा, लत्ताकपडा इत्यादि आधारभूत जीवन निर्वाहका कुरा यसमा रहेका छन् । केही क्षणमा एउटा युवक आउँछ । यसले विशेष प्रकारको पहिरून लगाएको छ । बन्दी म पात्रलाई उसले नायककहाँ लैजान्छ । नायक को हो ? मलाई किन यहाँ ल्याइएको हो ? जस्ता अनेक भययुक्त प्रश्नहरू म पात्रले उक्त युवक समक्ष गरेको छ । युवकले चुपचाप उसलाई नायक समक्ष जान र प्रश्न गरेमा दण्ड पाइने चेतावनी दिएको छ । म पात्र नायक समक्ष पुगेर स्वागत गरेको छ । नायकले कामको जिम्मा पनि दिएको छ । उक्त शहरलाई राम्रोसँग पहिचान गर्नु र त्यस शहरका सम्पूर्ण गल्लीसँग परिचित हुन आदेश दिएको छ । निरुद्देश्य र निरूपाय म पात्रले उक्त शहरका प्रत्येक स्थलहरू चहारेको छ । जुनदिन उसले उक्त शहरलाई राम्रोसँग चिनेको छ नायकले त्यसैदिन उसलाई स्वतन्त्र बनाइ दिएको छ र दासताबाट मुक्त गरेको छ । म पात्र पुनः आफ्नो सार्वजनिक जीवनमा त फर्किएको छ तर उसलाई खान, लाउन र बास बस्नको समस्या छ । जुन दिन उसले आफू बन्दी भएको थाहा पायो त्यो दिन स्वतन्त्र हुने चाहना प्रबल थियो भने ऊ जुन दिन स्वतन्त्र भयो त्यसपछि उसका दुःख यथावत रहे । यो कथा प्रतीकात्मक छ । यसले राजनीतिक व्यङ्ग्य गरेको छ । युवक बन्दीबन्नुलाई पञ्चायति शासन व्यवस्थाले जनताका अधिकारहरूलाई बन्दी बनाउनुसँग आरोप गरिएको छ । त्यस्तै उसले उक्त व्यवस्थालाई राम्रोसँग चिनेको कारण स्वतन्त्र हुनुले प्रजातन्त्रको पुनर्उदयलाई सङ्केत गरेको छ । 'म पात्रलाई पुनः खान, बस्न र आधारभूत आवश्यकता पूरा गर्न गाह्रो पर्नु र सडककै बास हुनुलाई प्रजातन्त्र पछिको निरासा, दुःखको निरन्तरतासँग आरोप गरिएको छ । यसरी प्रस्तुत कथाको कथानक प्रतीकात्मक रूपमा आएको छ । प्रतीकारात्मक अभिव्यङ्ग्य सौन्दर्यका दृष्टिले प्रस्तुत कथा उपयुक्त रहेको छ ।

प्रस्तुत कथामा आदि, मध्य र अन्त्यको रैखिक ढाँचाको सामान्य निर्वाह भएको छ । म पात्रले सडकमा भोकका लागि आन्दोलन गर्नु र नायकका मानिसले उठाएर लगी बन्द कोठामा राखेको कुरा म पात्रले भोलिपल्ट थाहा पाउनु यस कथाको आदि भाग हो । नायकले उक्त शहरलाई सम्पूर्ण रूपले चिन्न दिइएको कार्य पुरा गरेपछि स्वतन्त्र भएको घोषणा हुनु यस कथाको मध्य भाग हो भने मुक्त भएपछि पनि बन्दी हुनु पुर्व कै अवस्था दोहोरिनु, गास, वास, कपासको समस्या भइ रहनु यस कथाको अन्त्य भाग हो । यस कथामा द्वन्द्वको निर्वाह भएको छ । बाह्य र आन्तरिक दुवै द्वन्द्वहरू यस कथामा सशक्त रूपमा आएका छन् । बाह्य

द्वन्द्व नायक र म पात्रका बिचमा, प्रहरी र म पात्रका बिचमा रहेको छ । म पात्र भोकले व्याकुल भएपछि खान पाउनु पर्छ भनी आन्दोलन गर्दा प्रहरीले उसलाई निर्घात कुटपिट गरेको छ । यसबाट प्रहरी र म पात्रका बिचमा द्वन्द्व उत्पन्न भएको छ । त्यस्तै नायक र म पात्रका बिचमा गालामा थप्पड लगाएका छन् । बाह्य द्वन्द्व भन्दा आन्तरिक द्वन्द्व यस कथामा सशक्त छ । म पात्रका बिचको आन्तरिक द्वन्द्वले यस कथालाई स्तरीयता प्रदान गरेको छ । खान नपाएर सडकमा भौतारिएको म पात्रमा अनेक तर्क विर्तकहरू आएका छन् । ऊ मनोद्वन्द्वमा फसेको छ । अन्त्यमा कुनै उपाय नदेखेर खान पाउनु पर्छ भनी उसले माग गरेको छ । त्यस्तै ऊ नायकले खान र लाउन दिएको आधारमा नायकले भनेका सबै काम गर्न तयार छैन तर ऊ विवश छ । त्यसैले कसरी नायकका चङ्गुलबाट निस्कने भन्नेमा उसको अन्तद्वन्द्व छ । नायकको चुङ्गुलबाट मुक्त भएपछि पनि उसका खाने, बस्ने र एकसरा लाउने सपना पुरा भएका छैनन् । त्यसैले स्वतन्त्रभन्दा बन्दी जीवन नै ठिक थियो भन्ने अन्तर्द्वन्द्वात्मक निर्णयमा पुगको छ । यसमा कुतूहलताको पनि निर्वाह भएको छ । म पात्रलाई कसले कुतूहलताको पनि निर्वाह भएको छ । म पात्रलाई कसले लग्यो होला, उक्त शहरको बन्द कोठा कसको होला नायक को हो, नायकले किन म पात्रलाई शहरसँग परिचित हुने काम दियो, शहरसँग परिचित भएकै दिन किन उसलाई मुक्त गरिदियो जस्ता अनेक पाठकीय जिज्ञासा प्रस्तुत कथाको आश्वादनका क्रममा उत्पन्न हुन्छन् । तर यी जिज्ञासाहरूको उपयुक्त समाधान भने प्रस्तुत कथामा छैन । समग्रमा प्रस्तुत कथाले सामाजिक विषय अन्तर्गत नेपालको पञ्चायति शासन व्यवस्था र त्यस व्यवस्थामा व्यक्तिका स्वतन्त्रताहरूको अपहरण र बन्दीलाई प्रतीकात्मक रूपमा सङ्केत गरेको छ । उपयुक्त कार्यकारण शृङ्खलामा, आदि, मध्य र अन्त्यको तार्किक अनुक्रम तथा द्वन्द्व र कुतुहलताको निर्वाहसहित प्रस्तुत कथा समाप्त भएको छ ।

- **चिल**

चिल कथाले पर्यावरणीय विषयलाई अवलम्बन गरेको छ । चिलले खान नपाएको र उसका बचराहरू भोक भाकै छटपटिएर मर्न लागेको कारुणिक भाव संवेदनालाई यसले प्रस्तुत गरेको छ । तिनदिनदेखि भोका चिलले न त आफूले केही खान सकेको छ न बचराहरूलाई केही ख्वाउन सकेको छ । उसले कहीँ पनि बाँच्नका लागि सहारा भेट्टाएको छैन । गुँडमा बच्चाहरू तिनदिनदेखि भोकै छन् । यस्तो पर्यावरणीय विषयलाई यस कथामा

सशक्तताका साथ उठाइएको छ । प्राणी र पन्छीहरूले पनि खान पाउनु पर्छ, बचरा वा सन्तान हुर्काउने अधिकार उनीहरूको पनि हुनु पर्छ भन्ने मान्यता कथाले बोकेको छ । यस कथामा आदि, मध्य र अन्त्यको शृङ्खला आएको छ । आफू र बचराका लागि चिल खानेकुराको खोजीमा हिँड्नु यस कथाको आदि भाग हो । तिनदिन भौँतारिदा पनि कहीँ खानेकुरा नपाएर गुँडमा फर्कनु र बच्चाको बिजोग हेर्न नसकेर मार्ने निर्णय गर्नु मध्य भाग हो भने कसैले आफ्नो नवजात शिशुलाई छोडेर जानु र चिलले त्यसलाई हेरि रहनु अन्त्य भाग हो ।

प्रस्तुत कथा पर्यावरणीय विषयमा आधारित भएकाले यसमा पर्यावरणीय द्वन्द्व छ । यहाँ प्राणी वा पन्छीले बाँच्नका लागि गरेको सङ्घर्षलाई देखाइएको छ । त्यस्तै पारिस्थितिक पद्धति र परस्परको अन्तनिर्भरतालाई देखाइएको छ । चिलले बाँच्नका लागि गरेको सङ्घर्षमा द्वन्द्व उपस्थित छ । कहीँ पनि जीवनको सहारा र आश्रय नपाएर आफू पनि आत्महत्या गर्ने र बचरालाई पनि मार्ने निर्णय गरेको छ । यो यसको सशक्त द्वन्द्व हो । त्यस्तै यसमा कुतूहलताको निर्वाह पनि भएको छ । चिलले खाना तिनदिनसम्म पनि नपाएपछि के गऱ्यो होला, बच्चाको के अवस्था भयो होला, जस्ता अनेक प्रश्न वा जिज्ञासाहरू पाठको आवश्वादनका क्रममा पाठकमा जागृत हुन्छन् । समग्रमा पर्यावरणीय मुद्दालाई प्राणीको अस्तित्वसँग जोडेर यस कथाले प्रस्तुत गरेको छ ।

- **आत्माको हत्या**

प्रस्तुत कथाले सामाजिक विषयलाई अवलम्बन गरेको छ । जागिर नपाएर म पात्र सम्पादकको पत्रिकामा जागिर माग्न पुगेको प्रसङ्ग यस कथामा छ । सम्पादक स्वार्थी र छली छ भन्ने थाहा पाउँदा पाउँदै पनि आर्थिक अभावमा आफ्नो निष्ठा र मूल्यलाई बेच्न बाध्य हुन्छ । आफ्नो प्रजातान्त्रिक आस्था र मूल्यलाई पनि थाती राखेर म पात्र सम्पादकको पत्रिकामा काम गर्न गएको प्रसङ्ग नै यस कथाको घटना सन्दर्भ हो । दुई चार दिनमा पनि सम्पादक आएको छैन र म पात्रले सम्पादकलाई कुरी रहेको अवस्थामै कथा समाप्त भएको छ । प्रस्तुत कथामा कुनै कथानक छैन । तत्कालीन समाजमा प्रचलित समाज व्यवस्था र त्यसका आडमा निर्माण भएका अन्य पक्षहरूमध्ये पत्रकारिताभित्रका सङ्कीर्ण व्यवस्थालाई टिकाइ राख्ने प्रयत्न, छल, कपट आदि जस्ता मुद्दाहरूलाई यस कथाले उठाएको छ । म पात्र व्यवस्था विरोधी, क्रान्तिकारी, परिवर्तनकारी व्यक्ति हुँदाहुँदै पनि पैसाको अभावमा आफ्नो निष्ठा र मूल्यलाई बेच्न बाध्य भएको प्रसङ्ग यस कथामा रहेको छ । यसमा कुनै कथानक

नभएकाले अफिसमा पुग्नु र उसको प्रतीक्षा गर्नु आरम्भ, सम्पादक घण्टौँ सम्म पनि नआउनु, म पात्रका मनमा नानाथरीका कुराहरू खेल्नु र अन्त्यमा आफ्नो निष्ठा र आत्ममाथि विजय प्राप्त गर्नु उत्कर्ष वा मध्य भाग हो भने त्यसपछिको पुनः प्रतीक्षा र सन्नाटा अन्त्य भाग हो ।

प्रस्तुत कथामा तीब्र रूपले आन्तरिक द्वन्द्व आएको छ । म पात्रको आफ्नो निष्ठा, नैतिक मूल्य एवम् त्यसका विपरीतको सम्पादकको जागिरका विरुद्धमा नैतिक सङ्कट उत्पन्न भई द्वन्द्वको अवस्था रहेको छ । म पात्रले आफैँ माथि विजय पाउन ठूलो सङ्घर्ष गर्नु परेको छ । आफ्नो नैतिक मूल्य र आस्थालाई जागिरसँग र जीवनवृत्तिसँग समाप्त पार्नु पर्ने अवस्था प्रस्तुत कथामा रहेको छ । अन्ततोगत्वा म पात्रले आफ्नो मूल्य, आदर्श र उच्च नैतिक चरित्रलाई समाप्त पारी जागिर खाने निर्णय गरेको छ । यस कथामा सामान्य कुतूहलताको निर्वाह भएको छ । म पात्रले आफ्नो निष्ठा र मूल्यलाई समाप्त पारेर जागिर खान्छ कि खाँदैन भन्ने सामान्य कुतूहलता यस कथामा रहेको छ । आन्तरिक द्वन्द्व सशक्त भएकाले पाठकमा तीब्र कुतूहलता भने उत्पन्न हुँदैन । यस कथाको कथावस्तुको सामाजिक विषयलाई अवलम्बन गरेको छ । एउटा झिनो घटना सन्दर्भलाई यसमा प्रस्तुत गरी कथानकको स्वरूप प्रदान गरिएकाले दुर्वल कथानक योजना रहेको छ ।

- **सम्झौता**

प्रस्तुत कथा राजनीतिक विषयवस्तुमा आधारित छ । राजनीतिक दाउपेज र उछारपछार यस कथामा आएको छ । प्रस्तुत कथा २०४२ सालमा लेखिएको हो (पृ. ९०) । तत्कालीन समयमा हुने चुनावी माहोल र प्रसङ्गलाई प्रस्तुत कथाले सशक्त रूपमा देखाएको छ । यस कथामा क पात्र र ख पात्र गरी जम्मा दुई जना चरित्रहरू छन् । 'क' पात्र अत्यन्त छली, झेली, स्वार्थी र बसौँ देखि सत्तामा बसिरहेको शासक वर्ग हो । 'ख' पात्र इमान्दार, असल नागरिक प्रतिनिधि हो । ऊ सधैँभरि प्रतिपक्षमा बस्न बाध्य पारिएको छ । उसका पक्षमा आम जनता र मतदाता हुँदाहुँदै चुनाव भने सधैँ 'क' पात्रले मात्र जित्छ । उसले 'क' सँग कुनै द्वन्द्व र प्रतिरोध गर्न सक्ने स्थिति छैन । 'क' 'ख' को तुलनामा अत्यन्त शक्तिशाली, चतुर, व्यक्ति रहेको छ । उसले चुनावी माहोल आफूतर्फ पार्न 'ख' लाई निर्वाचन कार्यालयमा उम्मेद्वारसूची दिने पूर्व सन्ध्यामा अपहरण गरी बन्दी बनाएको छ । उसलाई बलपूर्वक आफूलाई समर्थन गर्न र नामाङ्कन दर्ता नगराउन धम्कीपूर्ण आग्रह

गरेको छ । त्यस धम्कीको ‘ख’ ले प्रतिवाह त गरेको छ तर ऊ ‘क’ सँग अत्यन्त निरिह र केही गर्न नसक्ने कमजोर पात्रका रूपमा देखिएको छ । ‘ख’ ले कुनै हालतमा उम्मेद्वार सूची फिर्ता नलिने र निर्वाचन कार्यालयमा दर्तागर्ने दृढता व्यक्त गरेपछि ‘क’ पात्र अत्यन्त आक्रोशित भएको छ । उसले ‘ख’ पात्रलाई ज्यानमार्ने चेतावनी दिएको छ । यही कारण ‘ख’ पात्र अत्यन्त विवश, निरूपाय भई किंकर्तव्यविमूढ भएको अवस्थामा कथालाई टुङ्ग्याइएको छ ।

प्रस्तुत कथामा आदि, मध्य र अन्त्यको उपयुक्त शृङ्खला अपनाइएको छ । उपयुक्त कार्यकारण शृङखलामा प्रस्तुत कथाको कथानक अगाडि बढेको छ । ‘क’ पात्रका दम्पतिले ‘ख’ पात्रलाई देखापरी आतिथ्यता प्रकट गर्नु र यसबाट ‘ख’ पात्र अत्यन्त्र क्षुब्ध हुनु यसको आदि भाग हो । उम्मेद्वारको नामावली निर्वाचन कार्यालयमा दर्ता गरे ज्यान मार्ने चेतावनी दिनु र ‘ख’ पात्र विवश हुनु यसको उत्कर्ष भाग हो ।

प्रस्तुत कथामा द्वन्द्व सशक्त रूपमा आएको छ । ‘क’ पात्र र ‘ख’ पात्रबिचको आन्तरिक र बाह्य द्वन्द्वले यस कथालाई स्तरीयता प्रदान गरेको छ । ‘क’ पात्रका मनमा ठूलो अन्तर्द्वन्द्व छ । उसले चुनाव हार्ने निश्चित छ । ऊ अत्यन्त भ्रष्ट भएकाले उसलाई मतदाताले आफ्नो प्रतिनिधि नछान्ने निश्चित भएपछि उसका मनमा अन्तर्द्वन्द्व चलेको छ । आफ्नो प्राप्त विरासत गुम्ने भएपछि मानसिक द्वन्द्वको उत्कर्षमा पुगी ‘ख’ पात्रलाई बन्दी बनाएर धम्क्याउने र त्यति गर्दा पनि उसलाई सदाका लागि आफ्नो प्रतिस्पर्धाबाट किनारा लगाउने योजना बनाएको छ । ‘ख’ पात्रको मनमा पनि अन्तर्द्वन्द्व छ । चुनाव उसले जित्ने निश्चित छ । त्यस कारण उसलाई ‘क’ पात्रले बलपूर्वक बन्दी बनाएको छ । ऊ कुनै हालतमा ‘क’ पात्रसँग सम्झौता गर्ने पक्षमा छैन । यति हुँदाहुँदै पनि ऊ चारैतिरबाट अनेक षड्यन्त्र र प्रपञ्चमा परी किंकर्तव्यवमूढ बन्न पुगेको छ । त्यस्तै यस कथामा बाह्य द्वन्द्व पनि छ । ‘क’ पात्र र ‘ख’ पात्रका बिचमा तीब्र वाक्युद्ध चलेको छ । यही कारण कथाको कुतूहलतामा बृद्धि भएको छ । ‘क’ पात्रले अब के गर्ला ‘ख’ पात्रले के प्रतिक्रिया देला भन्ने पाठकीय तीब्र जिज्ञासा कथाको आवश्वादनका क्रममा उत्पन्न हुन्छ । कथाको अन्त्य पनि ‘ख’ पात्रको किंकतर्व्यबिमूढको अवस्थालाई देखाएर छोडिएकाले कुतूहलताको पूर्ण शमन भने भएको छैन । समग्रमा प्रस्तुत कथाले राजनीतिक विषयलाई विषयवस्तुको रूपमा स्वीकार गरी कथात्मक स्वरूप प्रदान गरेको छ ।

- **अवतरण**

प्रस्तुत कथा राजनीतिक विषयवस्तुमा आधारित छ । मानिस सत्ताको शिखरमा पुगेपछि तल ओर्लन नमान्ने र जसरी भए पनि राजनीति र सत्ताको चुलीमै बसी रहन चाहने मानवीय प्रवृत्तिलाई कथाले रोचक रूपमा प्रस्तुत गरेको छ । चुनाव हार्दा पनि त्यसलाई स्वीकार गर्न नसक्ने, लोकमनको कदर गर्न नसक्ने मानवीय कमजोरीमाथि यस कथाले प्रहार गरेको छ । यस कथामा श्री 'स' ज्यू नेताको भूमिकामा रहेको छन् । ऊ यस पटक पनि चुनाव जितेमा प्रधानमन्त्री हुने पक्का छ । तर जनमत उसलाई प्राप्त नहुँदा चुनावमा पराजित भएको छ । त्यसबाट मानसिक रूपमा विचलित हुन पुगेको छ । एक्कासी पाइ रहेको पद र प्रतिष्ठाबाट तल झर्नु पर्दा मानसिक रूपमा आघात पर्न गएको छ । त्यसैले मानसिक रूपमा हतास भई ऊ घरको अग्लो पानी ट्याङ्कीको माथि चढेर जनतालाई आफूलाई माननीय र मन्त्री नबनाइएमा आत्महत्या गर्छु भनी घुर्क्याइ रहेको छ । अन्त्यमा जनताले प्रधानमन्त्री बनाइ दिने र सपथका लागि तल ओर्लन आग्रह गरेपछि मात्र ऊ भूईँमा ओर्लेको छ । प्रस्तुत कथाले व्यक्ति सधैँ एउटै विरासतमा बसी रहन चाहने राजनीतिक सङ्कीर्ण चिन्तनलाई उजागर गरेको छ । चुनावमा पराजित हुँदा मानसिक रूपमा विचलित हुने र जसरी पनि चुनाव जित्नु पर्छ, पद, प्रतिष्ठामा रहि रहनु पर्छ भन्ने कुत्सित मानसिकताप्रति श्री 'स' ज्यू नेताको माध्यमबाट व्यङ्ग्य गरिएको छ । प्रस्तुत कथामा आदि मध्य र अन्त्यको झिनु रैखिक योजना कायम छ । नेताले चुनाव हारेपछि त्यसको प्रतिक्रिया स्वस्व अग्लो ट्याङ्कीमा चढ्नु र उसलाई हेर्न मानिसहरू जम्मा हुनु यस कथाको आदि भाग हो । जनतालाई आत्महत्या नगर हामी प्रधानमन्त्री बनाइ दिन्छौँ भनी तल ओराल्नु उत्कर्ष वा मध्यावस्था हो । तल ओलिएको नेता पराजयको पीडाले एक्कासी रुन थाल्नु यस कथाको अन्त्य भाग हो ।

प्रस्तुत कथामा द्वन्द्व र कुतूहलताको सामान्य निर्वाह भएको छ । नेता चुनावमा पराजित भएपछि तीब्र अन्तर्द्वन्द्वमा परेको छ । जितेको भए प्रधानमन्त्री हुने नेता अप्रत्याशित रूपमा चुनावमा हार्दा त्यसलाई सहन गर्न नसकी तीब्र मानसिक द्वन्द्वमा परेको छ । त्यसैकारण ऊ विचलित भई अनेक मनोवैज्ञानिक प्रतिक्रियाहरू व्यक्त गरेको छ । त्यस्तै प्रस्तुत कथामा कुतूहलताको सामान्य निर्वाह भएको छ । नेता अग्लो ट्याङ्कीबाट हाम फाल्छ कि फाल्दैन, चुनावी परिणामलाई कसरी लिन्छ, पराजयलाई सहन सक्छ कि सक्दैन

भन्ने जिज्ञासा उत्पन्न हुने गर्छ । अन्त्यमा पाठकीय जिज्ञासाको शमन भएको छ । समग्रमा प्रस्तुत कथाको कथानकले सत्ता लिप्सामा लागि रहनेहरूलाई एक्कासी पराजय भोग्नु पर्दा आइ पर्ने सङ्कटको कलात्मक चित्रण गरेको छ र यस अर्थमा यस कथाको कथानक योजना सफल छ ।

- **मैले लेख्न छाडिदिएँ**

प्रस्तुत कथाले प्रगतिवादी चिन्तनलाई अवलम्बन गरेको छ । सामाजिक विषयमा प्रगतिवादी दृष्टिकोण सहित प्रस्तुत कथाको संयोजन गरिएको छ । म पात्रलाई विभिन्न पत्रपत्रिकाबाट लेख रचना पठाइ दिनका लागि आग्रह गरिएका छन् । तर म पात्र कसैलाई पनि अब उप्रान्त लेख रचनाहरू नपठाउने घोषणा गर्छ । उसकी श्रीमतीले यसको कारण जान्न खोज्दा साहित्य जसका लागि लेखिन्छ उसले नपढ्ने र जसका विरुद्धमा लेखिन्छ उसले पढ्नुको कुनै औचित्य नहुने हुँदा लेख्न छोडिदिएको कुरा गर्छ । यसमा कुनै सघन कथानक छैन । श्रीमान र श्रीमतीको करिब एक घण्टा जतिको संवाद छ । त्यही संवादका क्रममा म पात्रसँग सम्बन्धित पूर्व घटनाजतिको संवाद छ । त्यही संवादका क्रममा म पात्रसँग सम्बन्धित पूर्व घटनाहरू पनि जोडिएर आएका छन् । जसले आफूलाई सच्चा लेखक ठान्छ वास्तवमा त्यो आफैँमा भ्रष्ट हुन्छ भन्ने दृष्यन्त समेत कथामा व्यक्त गरिएको छ । कहलिएका प्रगतिवादी लेखकले नेपालगञ्जको तातो 'लु' मा दिनभरि रिक्सा चलाएर आफ्नो गन्तव्यमा पुऱ्याइ दिने मजदुरलाई लुटेरा, चोर, बदमास भनी श्रमको उचित मूल्य दिन नसक्ने व्यक्तिप्रति यस कथाले व्यङ्ग्य गरेको छ । यिनै झिना मसिना केही घटनाक्रमबाट प्रस्तुत कथाको कथावस्तु संयोजन भएको छ । यस कथामा कथावस्तु मुख्यतया विचार आएको छ । प्रगतिवादसम्मत विचार यस कथाको पृष्ठभूमिमा रहेको छ । यही विचार संवादका माध्यमबाट अगाडि बढेको छ । जसका लागि साहित्य लेखिन्छ उसले उक्त साहित्य पढ्न नसक्ने हुनाले साहित्य लेख्नुको कुनै औचित्य नदेखेर साहित्य लेख्न छोडिदिएको प्रसङ्ग यस कथामा रहेको छ । प्रस्तुत कथामा कथानक सबल नभएका कारण आदि, मध्य र अन्त्यको कार्यकारण शृङ्खला उपयुक्त क्रममा आउन सकेको छैन । केवल संवादमात्र यसमा रहेकाले प्रस्तुत कथा निबन्धात्मक मात्र बन्न पुगेको छ । आख्यान दुर्बल भएकै कारण द्वन्द्व र कुतूहलता पनि प्रभावकारी रूपमा आएको छैन । समग्रमा भन्दा प्रस्तुत कथाले सामाजिक विषयवस्तु अवलम्बन गरी त्यसलाई प्रगतिवादी दृष्टिकोण सहित अभिव्यक्त गरेको छ ।

कथानकको आदि, मध्य र अन्त्यको सुशृङ्खला तथा कुतूहलता एवम् द्वन्द्वका दृष्टिले भने प्रस्तुत कथा असफल रहेको छ ।

## ३.३ निष्कर्ष

बन्द कोठाहरूको शहर कथासङ्ग्रहका १५ ओटा कथाहरू रहेका छन् । मूल्य र मान्यता, दायित्व, चकमन्न, नातासम्बन्ध, निर्णय, स्वीकारोक्ति, आशीर्वाद, क्रसमा झुन्ड्याइएको जिन्दगी, भोक, बन्द कोठाहरूको शहर, आत्माको हत्या कथाहरू सामाजिक विषयवस्तुमा आधारित रहेका छन् । चिल कथाले पर्यावरणीय विषयवस्तु उठान गरेको छ भने सम्झौता र अवतरण कथामा राजनीतिक विषयवस्तु आएको छ ।

मूल्य मान्यता कथामा सूक्ष्म आख्यानक्रम रहेको छ । दायित्व कथामा कथानक छैन । चकमन्न, नातासम्बन्ध, निर्णय कथाहरूमा आन्तरिक द्वन्द्व सघन रूपमा आएको छ । सामान्य रूपमा कुतूहलता प्रकट भएको छ । स्वीकारोक्ति कथा झिनो कथानकमा सामान्य द्वन्द्व मिसिएको छ । आशीर्वाद कथामा कथानक छैन । जसका कारण कुतूहल र द्वन्द्व पनिफितलो बनेको छ । क्रसमा झुन्ड्याइएको जिन्दगी सामाजिक विषयवस्तु उठान गरेर पत्रात्मक शैलीमा लेखिएको उत्कृष्ट कथा हो । कथामा आनुरैखिक क्रम छ । आन्तरिक द्वन्द्व र कुतूहलताको सामान्य प्रयोग छ । भोक कथामा कथानक छेन । बन्द कोठाहरूको शहर सामाजिक विषयमा रचिएको प्रतीकात्मक शीर्षक भएको कथा हो । आख्यानक्रम झिनो भएपनि रैखिक ढाँचा, द्वन्द्वको सबल प्रयोगका कारण कथानक सबल रहेको छ । चिल पर्यावरणीय विषयमा रचिएको उत्कृष्ट नवीन कथा हो । आत्माको हत्या सामाजिक विषयमा रचिएको कथानक दुर्बल भएको कथा हो । सम्झौता र अवतरण कथाहरू राजनीतिक विषयमा रचिएको छ । यी कथाहरूमा कथानक योजना सबल भएकाले आनुरैखिक शृङ्खला, द्वन्द्व र कुतूहलताको सफल प्रयोग पाइन्छ । मैले लेख्न छाडिदिएँ सामाजिक विषयमा प्रगतिवादी चिन्तनको संयोजन भएको कथा हो । यस कथामा झिना मसिना कथानक रहेकाले द्वन्द्व र कुतूहलता पनि प्रभावकारी रूपमा आएको छैन ।

समग्रमा यस सङ्ग्रह भित्र रहेका अधिकांश कथाहरूको कथानक योजना कमजोर रहेको छ । कतिपय कथाहरूमा कथानक नै छैन । यसकारण सनत रेग्मीको बन्द कोठाहरूको शहर कथा सङ्ग्रह भित्रका कथाहरू कथानक/कथावस्तु विधानका आधारमा दुर्बल रहेका छन् ।

## चौँथो परिच्छेद

# बन्द कोठाहरूको शहर कथा सङ्ग्रहको पात्र/चरित्रचित्रण विधान

## ४.१ पात्र वा चरित्रचित्रणको परिचय

कुनै पनि कथानकलाई अगि बढाउनको लागि पात्र/चरित्रको आवश्यकता रहने हुनाले पात्र/चरित्रलाई पनि आख्यानात्मक विधाको महत्त्वपूर्ण संरचना घटक मानिन्छ । पात्रहरूले नै कथालाई उर्जा प्रदान गर्ने भएकाले यो अङ्गबिना कथाको संरचनाको कल्पना गर्न सकिँदैन । कथानकका लागि आवश्यक पर्ने उपकरणहरू 'क्रियाव्यापार' र 'द्वन्द्व' को प्रत्यक्ष सम्बन्ध पात्रसँगै हुन्छ । त्यसैले कथामा पात्र भन्नासाथ अभिप्रेरणा र स्थिरता को कसीमा सफल भएको हुनु पनि अति आवश्यक छ । यसका लागि कथाकारले प्रत्यक्ष वा नाटकीयमध्ये कुनै एक वा दुवै विधिलाई प्रयोग गर्ने गरिन्छ । जुनसुकै विधिको प्रयोग गरिए तापनि कथामा पात्रका निजी पहिचान देखिनुपर्दछ (श्रेष्ठ, २०५७ : १०) ।

पात्र /चरित्र कथाको महत्त्वपूर्ण घटक हो । कथानकमा चरित्रहरू उद्देश्यसित गाँसिएका पक्ष हुन् । चरित्रहरू कथावस्तुसित सम्बद्ध विविध कथानक तथा उपकरणहरूलाई गति दिने माध्यम हुन् । प्राय : गरेर कथाका पात्र भन्नाले मानवीय पात्रहरू भन्ने बुझिन्छ तापनि कथा साहित्यमा मानवेत्तर पात्र एवम् जड वस्तु समेत पनि प्रयोग हुन्छ (बराल र एतम, २०५५:४) ।

आख्यानात्मक कृतिमा प्रमुख, सहायक अनुकूल, प्रतिकूल, वर्गीय, व्यक्तिगत नारी, पुरुष, गतिशील, स्थीर आदि प्रकारका पात्रहरूको प्रयोग हुन्छ । पात्र वा चरित्र विनाको आख्यानात्मक कृति अधुरो रहने भएकाले पनि पात्र वा चरित्रलाई कथाको महत्पूर्ण घटक मान्नुपर्छ ।

## ४.२ पात्र/चरित्रचित्रण विधान

- **मूल्य र मान्यता**

प्रस्तुत कथामा कथावस्तुलाई बोकेर फलागमसम्म लैजानसक्ने पात्रहरूको प्रयोग गरिएको छ । स्त्री र पुरुष दुबै पात्रहरू यस कथामा आएका छन् । त्यस्तै नयाँ पुस्ता र पुरानो पुस्ता दुबैको प्रतिनिधित्व गर्न सक्ने प्रतिनिधि पात्रहरू पनि आएका छन् । यस कथामा श्रीधर, जयन्त, मीरा, श्रीधरकी श्रीमती, क्याम्पस प्रमुख, शिक्षक शिक्षिका, हीरामणि वैद्य,

प्रजिअ, प्रहरीहरू, श्रीधर र मीराका साथीहरू आदि पात्रहरू आएका छन् । यी पात्रमध्ये श्रीधर यस कथाको प्रमुख पात्र हो । त्यस्तै मीरा र जयन्त सहायक चरित्र हुन् भने अन्य पात्रहरू गौण चरित्रका रूपमा यस कथामा आएका छन् ।

श्रीधर यस कथाको मुख्य चरित्र हो । यस कथामा परम्परागत मूल्य र मान्यताको पक्षपातीका रूपमा आएको छ । बिहान सबेरै उठ्ने, आफ्नो नित्य कार्य सक्ने, ट्युसन पढाउने, दिउँसो विद्यालय जाने जस्ता नियमित कार्यहरू उसका दिनचर्या हुन् । छोराछोरीको आधुनिकताका नाममा मौलाउँदै गएको व्यभिचार देखेर ऊ दिक्क छ । आफ्नै सन्तानले आफूलाई उपहास गर्दा, अपमान गर्दा पनि आफ्ना सन्तानलाई सत् मार्गमा ल्याउन नसक्ने, त्यसको प्रतिरोध गर्न नसक्ने पात्रका रूपमा श्रीधर आएको छ । श्रीधर यस कथामा शिक्षासेवी पात्रका रूपमा पनि रहेका छ । उसले २००७ सालभन्दा अगाडि राणाको चाकरी गरेर गाउँमा संस्कृत विद्यालय खोलेको, कैयौं नेता छ, कार्यकर्ता, बुद्धिजीवीहरू उसको विद्यालयबाट उत्पादन भएका आदि प्रसङ्गहरूका माध्यमबाट यस कुराको पुष्टि हुन्छ । उसलाई आफ्ना सन्तानले परम्परावादी भएको, जडवादी भएको, परम्परागत नैतिक मूल्यभन्दा माथि उठ्न नसकेको, आधुनिक जीवन शैलीतर्फ प्रवृत्ति हुन नसकेको जस्ता आरोपहरू लगाएका छन् । आधुनिकतासँगै निम्तिएको उच्छृङ्खल गतिविधिका कारणले आफ्नो सन्तान गुमाउन विवश पात्रका रूपमा र पाठकबाट सहानुभूति प्राप्त गर्ने पात्रका रूपमा यस कथाा आएको छ । समग्रमा भन्दा श्रीधर यस कथाको मुख्य पात्र हो । लिङ्गका आधारमा हेर्दा ऊ यस कथाको पुरुष पात्र हो । जीवन चेतनाका आधारमा हेर्दा ऊ यस कथाको वर्गीय पात्र हो । प्रतिनिधि पात्र हो । उसले निम्न वैतनिक आय भएका व्यक्तिको प्रतिनिधित्त्व गरेको छ । उसले शिक्षण पेसा अँगालेर बसेका व्यक्तिको आर्थिक अवस्था, सामाजिक अवस्था इत्यादिको प्रतिनिधित्त्व गरेको छ । प्रवृत्तिका आधारमा हेर्दा ऊ यस कथामा अनुकूल, सत् पात्रका रूपमा आएको छ । गतिशीलताका आधारमा हेर्दा ऊ यस कथाको स्थिर पात्रका रूपमा आएको छ । उसको स्वभाव आदिदेखि अन्त्यसम्म नै कुनै परिवर्तन नभई एकनासको छ । त्यस्तै ऊ यस कथाको मञ्चीय पात्र हो । कथामा उसको भूमिका प्रत्यक्ष छ । त्यस्तै आवद्धताका आधारमा हेर्दा उसको भूमिका बद्ध किसिमको छ । उसलाई कथाबाट निकालिदिने हो भने कथाको संरचनात्मक स्वरूपमै परिवर्तन हुन्छ ।

प्रस्तुत कथामा आएको अर्को चरित्र जयन्त हो । ऊ यस कथाको सहायक चरित्र हो । जयन्तले आधुनिक पुस्ताको प्रतिनिधित्त्व गरेको छ । उसलाई परम्परागत मूल्य र मान्यताप्रति

कुनै मतलब छैन । आधुनिक बन्ने नाममा ऊ आफ्नै बाबुको विरोध गर्छ । उसले आधुनिकताका नाममा विकृत बन्दै गएको युवा पुस्ताको प्रतिनिधित्व गरेको छ । ऊ अराजक चरित्रको छ । अनावश्यक र औचित्यहीन माग राखेर आवेगपूर्ण क्रान्ति गर्ने हठी र आवेगी चरित्रका रूपमा जयन्त यस कथामा आएको छ । शिक्षित भएर पनि सुसंस्कृत हुन नसकेको पात्रका रूपमा जयन्त रहेको छ । उसले कलेजमा गरेको आन्दोलन कुनै कोणबाट पनि औचित्यपूर्ण सिद्ध हुन सक्दैन । अनावश्यक पात्र राखेर गरेको आन्दोलनमा आफूलाई नै गुमाउन पुगेको छ । समग्रमा भन्दा जयन्त यस कथाको सहायक भूमिकामा रहेको छ । उसको चरित्रले यस कथालाई भावसंवेद्यता र पाठकमा पाठकीय प्रभाव सिर्जना गरेको छ । त्यस्तै उसले सम्पूर्ण आधुनिक बन्दै गएका युवाहरूको प्रतिनिधित्त्व गरेकाले वर्गीय वा प्रतिनिधि चरित्रको भूमिका निर्वाह गरेको छ । त्यस्तै अनुकूलताका आधारमा हेर्दा उसको दृष्टिकोण परम्परा विरोधी र विवेकहीन भएकाले असत् चरित्रकै रूपमा रहेको छ । स्वभावका आधारमा हेर्दा सुरुदेखि अन्त्यसम्म नै विवेकहीन र परम्पराविरोधी पात्रका रूपमा रहेकाले स्थिर स्वभाव भएको पात्रका रूपमा रहेको छ । त्यस्तै उसको भूमिका यस कथामा प्रत्यक्ष रहेकाले मञ्चीय चरित्र र कथाबाट उसलाई हटाइ दिँदा कथाको गुणस्तर, प्रभाव र संरचनामै असर पार्ने भएकाले बद्ध चरित्रका रूपमा रहेको छ ।

यस बाहेक प्रस्तुत कथामा आएका अन्य चरित्रहरू गौण पात्रका रूपमा रहेका छन् । कथामा उनीहरूको उल्लेखनीय भूमिका छैन । कथालाई दुःखान्तमा पुऱ्याउन प्रहरीले उत्प्रेरकको भूमिका खेलेका छन् । उनीहरूले जयन्तलाई कुटीकुटी मारेका छन् । यो कथा २०४५ सालभन्दा अगाडि लेखिएकाले तत्कालीन प्रशासनतन्त्रलाई यसले सङ्केत गर्छ । प्रस्तुत कथाको कथावस्तुलाई फलागमसम्म पुऱ्याउन यस कथामा आएका चरित्रहरू सक्षम रहेका छन् ।

- **दायित्त्व**

प्रस्तुत कथामा सबल आख्यान योजना नभएकाले यसको पात्र विधान पनि कमजोर किसिमको रहेको छ । प्रसङ्गवश मिथकीय सन्दर्भका क्रममा गौतम बुद्ध र उनको साथी छन्दक आएका छन् भने केबल म पात्रको आत्मालापमै केन्द्रित छ । नेपथ्यमा उसको बाबु आएको छ । बाबुको जिम्मेवारीलाई म पात्रले आफ्नो दायित्त्वका रूपमा लिएको छ । केबल आत्मलापीय कथन सन्दर्भका माध्यमबाट म पात्रले यस कथाको नालीबेली लाएकाले ऊ यस

कथाको प्रमुख चरित्रका रूपमा आएको छ । अत्यन्त थोरै पात्र (केबल एक जना) को प्रयोग गरी प्रस्तुत कथाको चरित्र योजना निर्माण गरिएको छ । कुनै पनि व्यक्ति आफ्नो दायित्त्वबाट विमुख भएर बाँच्न सक्दैन भन्ने कुरालाई म पात्रको माध्यमबाट चरित्र चित्रण गरी देखाइएको छ । जीवन आफ्नो लागि भन्दा अरूका लागि बाँचिनु पर्ने सत्यलाई म पात्रका माध्यमबाट देखाइएको छ । समग्रमा यस कथाको म पात्र कार्यका आधारमा प्रमुख पात्रका रूपमा रहेको छ । त्यस्तै लिङ्गका आधारमा पुरुष पात्रका रूपमा आएको छ । जीवन चेतनाका आधारमा समाज र परिवारको दायित्त्व बोक्ने प्रतिनिधि पात्रका रूपमा रहेको छ । त्यस्तै स्वभावका आधारमा स्थिर रहेको छ । आदिदेखि अन्त्यसम्म नै उसको स्वभावमा परिवर्तन आएको छैन । त्यस्तै मञ्चीयताका आधारमा ऊ मञ्चीय पात्र हो । प्रत्यक्ष रूपमा कथामा उसको भूमिका छ । उसलाई कथाबाट भिन्न गर्न नसकिने हुँदा ऊ यस कथाको आबद्ध पात्र हो । समग्रमा यस कथामा चरित्रहरूले जीवन्तता र उत्कर्षता प्राप्त गरेका छैनन् । कुनै कथावस्तु नै नभएकाले त्यसलाई बोकेर हिँड्ने पात्रको आवश्यकता नै नभएर यस कथाको आख्यान योजना र त्यस अन्तर्गत जोडिएर आउने पात्र योजना दुर्घटित हुन पुगेको हो । यो कथा कथा नभएर आख्यान र चरित्रका कोणबाट निबन्धात्मक बन्न पुगेको छ ।

- **चकमन्न**

प्रस्तुत कथाको पात्र विधान सशक्त रूपमा आएको छ र कथावस्तुलाई फलागमसम्म पुऱ्याउन सक्षम रहेका पात्रहरूको प्रयोग गरिएको छ । यस कथामा स्त्री र पुरुष दुबै पात्रको औचित्यपूर्ण प्रयोग छ । यस कथामा मूलतः दुई पात्रहरू सशक्त र प्रतिनिधि भूमिकामा आएका छन् । महेश र उसको सम्पूर्ण परिवार गरी दुई पात्र योजना यस कथामा रहेको छ ।

महेश यस कथाको प्रमुख पात्र हो । पढाइका सिलसिलामा ऊ रुस गएको छ । त्यहाँबाट सात वर्षपछि डक्टरेट गरेर फर्किएको छ । आफ्नो परिवार गरिबबाट एक्कासी धनी भएको देखेर उसमा तीव्र कुतूहलता र जिज्ञासा उत्पन्न भएको छ । यो सब किन र कसरी भयो होला भनी ऊ आश्चर्यमा परेको छ । उमेरका हिसाबले करिब ३० वर्ष आसपासको महेश स्वाभिमानी देखिन्छ । आफ्नो सम्पूर्ण परिवार यौन व्यवसायमा लागेको थाहा पाएपछि ऊ अत्यन्त दुःखी भएको छ । अझ आफ्नै पढाइको खर्च जुटाउन सिङ्गो परिवार यौन व्यवसायमा लागेको थाहा पाएपछि त उसले यो संसारलाई नै शून्य र निष्प्राण देखेको छ ।

चारैतिर चकमन्नताको अनुभव गरेको छ र किंकर्तव्यविमूढ भएको छ । समग्रमा ऊ यस कथाको प्रमुख पात्र हो । प्रकार्यका आधारमा उसले प्रस्तुत कथामा प्रमुख पात्रको हैसियत प्राप्त गरेको छ । त्यस्तै लिङ्गका आधारमा उसले पुरुष पात्रहरूको प्रतिनिधित्व गरेको छ । त्यस्तै जीवन चेतनाका आधारमा हेर्दा उसले सुशिक्षित भुवा वर्गको प्रतिनिधित्व गरेको छ । साथसाथै विकृत समाजको विरोध गर्ने, पैसालाई सर्वस्व ठान्ने आधुनिक समाजको विरोधी पात्रका रूपमा समेत आएको छ । त्यस्तै प्रवृत्तिका आधारमा उसको स्वभाव अनुकूल छ । उसले कथामा कहीँ पनि खल चरित्रको निर्वाह गरेको छैन । समाजलाई सभ्यता र आधुनिकताको नवीन उचाइमा लैजाने शिक्षित र सभ्य युवा पुस्ताको प्रतिनिधित्व गरेको छ । स्वभावका आधारमा हेर्दा कथामा उसको स्वभाव सुरुदेखि अन्त्यसम्म नै एकैनाशको आएकाले स्थिर स्वभाव भएको पात्रका रूपमा रहेको छ । यस कथामा ऊ पूर्ण रूपले आबद्ध छ । उसलाई कथाबाट भिन्न गर्न सकिन्न । उसले कथामा प्रत्यक्ष रूपले भूमिका देखाएकाले मञ्चीय पात्रका रूपमा रहेको छ ।

त्यस्तै प्रस्तुत कथाको अर्को सामूहिक चरित्र महेशको परिवार हो । यो परिवार सामूहिक रूपले यौन व्यवसायमा संलग्न छ । जसरी भएपनि पैसा कमाउनु पर्छ भन्ने मान्यता यो परिवारले राखेको छ । पैसा नै इज्जतको मुख्य आधार हो । राम्रा र नराम्रा काम जे गरेर भएपनि पैसा कमाउनु पर्छ भन्ने यो परिवारको मान्यता छ । सामान्य तिन सय रूपैया जागिर खाने क्लर्कले सातवर्षमा अभूतपूर्व सम्पत्ति कमाउनुमा प्रतिबन्धित कार्यहरू नै मुख्य रूपमा रहेका छन् । कालो बजार, यौनव्यवसाय, ठेक्कापट्टा जस्ता कार्यहरू गरी आफ्नी छोरी र श्रीमती समेतलाई यौनकर्मी बनाइ त्यसबाट सामाजिक प्रतिष्ठा प्राप्त गर्ने महेशको बाबु, आफ्नो छोराको पढाइका लागि पैसा जुटाउने नाममा आफू र आफ्नी छोरीलाई यौन धन्दा गर्न लगाउने आमा आदि सबैलाई यस कथामा सामाजिक मर्यादाको उल्लङ्घन गर्ने चरित्रका रूपमा देखाइएको छ । अन्ना पनि दुषित पारिवारिक वातावरणको सिकार भएकी छे । पढ्ने उमेरमा वेश्यावृत्तिमा संलग्न भएकी छे । एउटी आमा आफूसँगै छोरीलाई पैसाका लागि आफूसँगै यौनधन्दामा लगाउन तल्लीन छे । समग्रमा महेशको परिवार यस कथाको सामूहिक चरित्रको रूपमा आएको छ । यसले जसरी पनि पैसा कमाउनु पर्छ भन्ने मान्यता बोकेको आधुनिक समाजको प्रतिनिधित्व गरेको छ । पैसा कमाउनका लागि जे पनि गर्न तयार हुने पतित र अनादर्श परिवारको प्रतिनिधित्व गरेको छ । यस परिवारले पैसा नै प्रतिष्ठा प्राप्त गर्ने एक मात्र माध्यम हो भन्ने गलत मानकलाई बोकेको छ । समग्रमा यस

कथाको चरित्र योजना सफल रहेको छ । दुईवटा चरित्रलाई दुई ध्रुवमा उभ्याएर कार्यकारण शृङ्खलाका माध्यमबाट कथानकलाई अगाडि बढाइएको छ । चरित्रगत द्वन्द्वका कारणबाट यसको चरित्र विधान सफल र प्रभावकारी छ ।

- **नाता सम्बन्ध**

प्रस्तुत कथामा कथावस्तु अनुकूल पात्रहरूको प्रयोग गरिएको छ । अर्थसचिव चापागाइँ, उमा, अर्थ सचिवको छोरो, बुहारी, कट्टेल, गृहसचिव, डा. गौतम जस्ता अनेक पात्रहरू आएका छन् । यी मध्ये उमाको छोराको चरित्र उल्लेखनीय रहेको छ ।

उमा यस कथाकी प्रमुख पात्र हो । ऊ अर्थसचिव चापागाईंकी श्रीमती हो । जेठी मरेर कान्छी श्रीमतीका रूपमा अर्थ सचिवले उमालाई बिहे गरेको हो । उमाको उमेर बिस वर्षको छ । बिस वर्षको उमेरमा साठी बर्से बुढोसँग केबल उसले सम्पत्ति र बुढाको सामाजिक प्रतिष्ठाका लागि मात्र बिहे गरेकी छे । उमाले आफ्नो लोग्नेबाट पाउनु पर्ने पारिवारिक सुख पाउन सकेकी छैन । ऊ सधैं यौनका मामिलामा अतृप्त छे । सचिवले उसलाई छुन र सुम्सुम्याउन बाहेक कुनै शारीरिक इच्छा पुरा गरिदिन सक्दैन । त्यसैले ऊ आफ्नो लोग्नेलाई घृणा व्यक्त गर्छे । आफ्नै उमेर मिल्दो दौंतरीसँग विवाह गर्ने र त्यसको सुख प्राप्त गर्ने इच्छा उसको अन्तर्हृदयमा रहेको छ । त्यसैले लोग्नेको मृत्युमा पनि ऊ खुसी हुन्छे । लोग्नेको मृत्युमा रुनका लागि न त संवेदना नै उसमा आएको छ न आँसु नै आएको छ । आफ्नो लोग्ने मर्दा शोक प्रकट गर्न समेत शोकको भावना उसमा आएको छैन । ग्लिसेरोल आँखामा दलेर बनावटी आँसु झारेकी छे । लोग्नेको मृत्युपछि उसमा शोकका सट्टा लोभ जागृत भएको छ । लोग्नेका सारा सम्पत्ति आफ्नो बाकसमा राखेकी छ । त्यस्तै लोग्नेको काजक्रिया सकिएको भोलिपल्टै आफूले तिहारमा माइती मानेको दाजुसँग बिहे गरेकी छे। यसबाट उमा असामान्य मनोदशा रहेकी पात्रका रूपमा देखिएकी छे । स्वार्थी, विकृत र भ्रष्ट चरित्रका रूपमा कथामा आएकी छे । उसमा कुनै मानवीय संवेदना छैन । मृत्युमा रुन उसका आँखामा आँसु छैन । एक मिनेटपनि प्रियजनको मृत्युमा रुने संवेदना छैन । अत्यन्त कठोर र कृपण पात्रका रूपमा उमाको चरित्र आएको छ । कार्यका आधारमा उमा यस कथाकी प्रमुख पात्र हो । उसकै केन्द्रीयतामा यो कथा अगाडि बढेको छ । त्यस्तै उसले स्त्री पात्रको प्रतिनिधित्व गरेकी छे । जीवन चेतनाका आधारमा हेर्दा उसले पारिवारिक दायित्त्व र संवेदनाबाट विमुख, दिनानुदिन स्वार्थी बन्दै गएका व्यक्तिहरूको प्रतिनिधित्व गरेकी छे ।

सुरुदेखि अन्त्यसम्म नै उसको स्वभाव स्वार्थी, संवेदनहीन र विकृत रहेकोमा अन्त्यमा पुग्दा त्यस स्वभावले झन् उत्कर्षता प्राप्त गरेकाले स्थिर स्वभाव भएकी पात्रका रूपमा रहेकी छे। प्रवृत्तिका आधारमा हेर्दा उसका क्रियाकलापहरू मानवीय मूल्य र सामाजिक प्रचलन भन्दा भिन्न स्वार्थी र कठोर रहेका छन् । अतः उसले असत् चरित्रको भूमिका निर्वाह गरेकी छे। ऊ यस कथाकी आवद्ध पात्र हो । उसको भूमिका यस कथामा मञ्चीय रहेको छ।

यस कथाको अर्को पात्र उद्धव हो । ऊ चापागाइँको छोरो हो । उसका क्रियाकलापहरू अत्यन्त घृणित छन् । यस कथामा उसले असल छोराको भूमिका निर्वाह गर्न सकेको छैन । आफ्नो बाबु र सौतेनी आमाप्रति अत्यन्त नकारात्मक दृष्टिकोण राख्छ । बाबु मरेर वैधव्य बन्न पुगेकी कान्छी आमालाई 'सम्पत्ति खान आएकी राँड' भनी गाली गर्छ । दिवङ्गत आफ्नै बाबुसँग रिसाउँछ । आफ्नो बाबु मरेर कर्नेल्नीसँगको रमाइलो रोकिएकोमा ऊ अत्यन्त मर्माहत छ । उसलाई बाबुको मृत्युसँग भन्दा कर्नेल्नीसँग बिछोड हुनु पर्दा तीव्र पीडा भएको छ । यो विसङ्गति हो । उद्धव यस कथाको विसङ्गत पात्र हो । ऊ बाबु मरेकी दिन बाबुका कोठामा गएर सारा सम्पत्ति आफ्नो कोठामा ल्याउन चाहन्छु । बाबु मरेका दिन उसको एकमात्र शोक र चिन्ता कान्छी आमाले सम्पत्ति खाने भई भन्ने मात्र रहेको छ । समग्रमा उद्धव यस कथाको सहायक पात्र हो । ऊ यस कथामा पुरुष पात्रको भूमिकामा आएको छ । ऊ यस कथामा प्रवृत्तिका आधारमा प्रतिकूल चरित्रका रूपमा प्रस्तुत छ । जीवन चेतनाका आधारमा हेर्दा उसले स्वार्थी छोराको प्रतिनिधित्व गरेको छ । आफ्ना आमा बाबुलाई बोझ ठान्ने र उनीहरूको सम्पत्तिमा मात्र अधिकार खोज्ने आधुनिक पुस्ताको प्रतिनिधित्व गरेको छ । उसको स्वभावमा सुरुदेखि अन्त्यसम्म नै कुनै परिवर्तन नभएकाले स्थिर स्वभाव भएको पात्र रहेको छ । कथामा उसको भूमिका प्रत्यक्ष मञ्चीय रहेको छ । त्यसैले उद्धव यस कथाको आवद्ध पात्र हो ।

यसबाहेक यस कथामा आएका अन्य चरित्रहरू गौण छन् । कट्टेलले अवसरवादी कर्मचारीहरूको प्रतिनिधित्व गरेको छ । आफ्नो स्वार्थ अनुकूल विभिन्न पद र प्रतिष्ठामा आसीन मानिसहरूलाई रिझाएर आफ्नो स्वार्थ सिद्ध गर्ने चाकरी बाजका रूपमा उसको भूमिका छ । समग्रमा विषयवस्तुलाई बोकेर हिँड्न सक्ने सक्षम र प्रभावकारी चरित्रको आयोजना यस कथामा भएको छ ।

- **निर्णय**

प्रस्तुत कथामा थोरै पात्रहरूको प्रयोग भएको छ । प्रत्यक्ष रूपमा केबल दुईजना पात्रहरू छन् । विमला र विकास यस कथाका मञ्चीय पात्रहरू हुन् । विमला यस कथाकी प्रमुख चरित्र हो भने विकासको चरित्र गौण छ । यस कथाको कार्यव्यापारलाई फलागमसम्म पुऱ्याउन आएका चरित्रहरू कमला, प्रकाश, कमलाका छोराछोरी, विमलाका आमाबाबु रहेका छन् । विमला मात्र यस कथाको केन्द्रीय भूमिकामा आएकीले यस क्रममा उसको मात्र चरित्र चित्रण गरिएको छ ।

विमला यस कथाकी प्रमुख चरित्र हो । करिब १२ घण्टा जतिको प्रत्यक्ष कालावधिमा उसकै वर्तमान र अतीतको सन्दर्भबाट कथा सम्पन्न भएको छ । दिदी कमलाको मृत्युपछि उसका सन्तानलाई हुर्काउन तथा उनीहरूलाई अनाथ हुन नदिन आफ्नो प्रेमीलाई त्यागेर भिनाजुसँग बिहे गर्ने निर्णय नै उसको सर्वाधिक महत्त्वपूर्ण निर्णय हो । विमला अरूको सुखका लागि आफ्नो सुखको त्याग गर्ने महान् नारीका रूपमा रहेकी छे । दिदीका छोराछोरीहरूको लालनपालनका लागि आफूलाई माया गर्ने प्रेमीलाई छोडेर भिनाजुसँग बिहे गरेकी छे । ऊ आफ्नो सुखभन्दा अरूको सुखमा रमाउन चाहने पात्रको रूपमा आएकी छे । दिदी सिकिस्त विरामी भएको बेला उसले आफ्ना छोराछोरीको के गति हुन्छ भनेर चिन्ता गरेकी छे । यसको प्रत्युत्तरमा विमलाले आफूले आजीवन बिहे नगर्ने वचन दिएकी छे । त्यसपछि मानसिक रूपले ऊ उद्धेलित भई बिहे गरे पनि भिनाजुसँगै बिहे गर्छु भनी घोषणा गरेकी छे । दिदीको मृत्युपछि ऊ भिनाजुलाई पति स्वीकार गर्न त आएकी छे तर ऊ सुखी र खुशी छैन । जीवनको आनन्द महसुस गरेकी छैन । सुहागरातको क्षणमा पनि ऊ उदास, शून्य र किंकर्तव्यविमूढ छे । उसमा केही मनोवैज्ञानिक समस्या देखिन्छ । तत्काल आवेशमा निर्णय गरि हाल्ने र पछि त्यसलाई आफ्नो सुख र अस्तित्वका कोणबाट विश्लेषण गरी दुःखी हुने पात्रका रूपमा रहेकी छे । समग्रमा विमला यस कथाकी प्रमुख स्त्री चरित्रका रूपमा आएकी छे । जीवन चेतनाका आधारमा हेर्दा उसले तत्कालीन नेपाली समाजको सामाजिक संरचनाको प्रतिनिधित्व गरेकी छे । त्यस्तै सम्पूर्ण रूपमा ऊ समाजको प्रतिनिधि नभई आफ्नै भावावेशका कारण निर्णय  गर्ने र पछि दुःखी हुने वैयक्तिक चरित्रका रूपमा रहेकी छे । जीवन चेतनाका आधारमा हेर्दा ऊ मिश्रित पात्र हो । स्वभावका आधारमा हेर्दा ऊ गतिशील पात्र हो । प्रकाशसँग प्रेम सम्बन्ध रहेकी विमला दिदी विरामी हुँदा उसका छोराछोरीको

स्याहारको लागि बिहे नै नगर्ने निर्णय गर्छे । त्यसपछि भिनाजुसँग बिहे गर्छे । यसबाट विमला स्थिर स्वभावकी चरित्र नभई गतिशील स्वभावको चरित्रका रूपमा रहेकी छे । प्रवृत्तिका आधारमा हेर्दा अनुकूल प्रवृत्ति भएकी पात्र हो । प्रकाशलाई धोका दिएझैँ लागे तापनि उसले मातृत्त्व (दिदीका छोराछोरी) रक्षाका लागि जुन कदम उठाएकी छे त्यो अत्यन्त जायज छ । त्यसैले ऊ यस कथाकी सत् पात्रका रूपमा आएकी छे । मञ्चीयताका आधारमा हेर्दा विमला यस कथाकी मञ्चीय पात्र हो । उसकै प्रत्यक्ष भूमिकामा यो कथा सम्पन्न भएको छ । त्यस्तै आबद्धताका आधारमा हेर्दा ऊ बद्ध चरित्र हो ।

यस बाहेक प्रस्तुत कथाका अन्य चरित्रहरूको कथामा कुनै भूमिका छैन । कमलाको प्रसङ्गले पाठकमा करुणा र सहानुभूति सञ्चार गर्छ । दुई वटा बच्चाको बिजोग हुने सङ्केतबाट यो कथा कारुणिक र प्रभावकारी बन्न पुगेको छ । त्यस्तै विकास यस कथाको पुरुष पात्र हो । ऊ कमलाको पति हो । कमलाको मृत्यु पछि साली विमलालाई पत्नीका रूपमा उसले स्वीकार गरेको छ । उसले पुरुष प्रधान समाजको प्रतिनिधित्व गरेको छ । समग्रमा प्रस्तुत कथाको चरित्र विधान कथावस्तुलाई फलागम सम्म पुऱ्याउन सक्षम छ । कथानक नै अत्यन्त झिनु भएकाले पात्रको जीवन्तता पनि यस कथामा रहन सकेन । एउटै मात्र पात्र सिङ्गो कथाभरि मुख्य भूमिकामा आउँदा पाठकलाई कथा आश्वादनका क्रममा केही कमीको महसुस भने भइ रहन्छ ।

- **स्वीकारोक्ति**

प्रस्तुत कथामा थोरै पात्रहरूको प्रयोग भएको छ । प्रत्यक्ष रूपमा आएका जम्मा दुई जना पात्रहरू छन् । दिनेश र उसकी आमा नै यस कथाका प्रत्यक्ष मञ्चीय पात्र हुन् । अन्य पात्रहरू यस कथामा गौण रूपमा आएका छन् । अन्य पात्रहरूको प्रत्यक्ष मञ्चीय भूमिका छैन । नेपथ्यमा प्रसङ्गवश आएका छन् । आमा, दिनेशबहादुर, हरिबहादुर, रामबहादुर यस कथाका पात्र हुन् । यी मध्ये दिनेश र उसकी आमाको भूमिका मात्र उल्लेखनीय रहेकाले यी दुई पात्रको मात्र चर्चा गरिएको छ ।

दिनेश यस कथाको मुख्य पात्र हो । उसको बाबु राम बहादुर नभएर हरिबहादुर रहेको थाहा पाएपछि आमासँग उसले यस बारेमा सोधपुछ गरेको छ र सत्यलाई आमाले सहनुपर्छ भन्ने मान्यता अगि सारेको छ । यही कारण आमा र उसका बिचमा द्वन्द्व भएको छ । उसका जन्मेको घटनाप्रति उसको सहमति रहेको छ र सत्यलाई आमाले नसहँदा मात्र

उनीहरूका बिचमा द्वन्द्वको अवस्था छ। हरिबहादुर सत्य हो र रामबहादुर भ्रम हो, आडम्बर हो र असत्य हो भन्ने कुरालाई आमाले स्वीकार्नुपर्छ भन्ने दृष्टिकोण उसको रहेको छ। आमाले चिनाइदिएको बाबु वास्तविक बाबु नभएकाले राम बहादुरलाई आफ्नो बाबु स्वीकार गर्न ऊ तयार छैन। त्यसैले उसले हरिबहादुर वास्तविक भएकाले आमाले एकल महिला भएर बस्नु नपर्ने र उसले पनि आफू बाबु विहीन भएर बस्नु नपर्ने कुरालाई आमा समक्ष प्रस्तुत गरेको छ। आमाको मातृत्त्व रक्षाको प्रसङ्गलाई सकारात्मक रूपमा लिने दिनेश उदात्त पात्रका रूपमा रहेको छ। समग्रमा दिनेश यस कथाको प्रमुख पात्र हो। त्यस्तै लिङ्गका आधारमा ऊ यस कथाको पुरुष प्रतिनिधि पात्र हो। त्यस्तै स्वभावका आधारमा ऊ स्थिर स्वभावको पात्र हो। सुरुदेखि अत्यसम्म उसको दृष्टिकोणमा कुनै परिवर्तन आएको छैन। वर्गीय आधारमा हेर्दा ऊ यस कथाको पुरुष प्रतिनिधि पात्र झैं देखिए पनि वैयक्तिक पात्र हो। उसको भूमिका यस कथामा वैयक्तिक रहेको छ। आसन्नताका आधारमा हेर्दा ऊ यस कथाको बद्ध पात्र हो। उसलाई कथाबाट निकालि दिने हो भने यस कथाको संरचनात्मक स्वरूप नै खलबलिने हुँदा उसलाई कथाबाट अलग गर्न सकिँदैन। त्यस्तै दिनेश मञ्चीय रूपमा कथामा आएकाले ऊ मञ्चीय पात्र हो। प्रवृत्तिका आधारमा हेर्दा उसले कथाभरि कहीँ पनि खराब आचरण नदेखाएकाले अनुकूल चरित्र भएको पात्रका रूपमा रहेको छ।

आमा यस कथाकी सहायक चरित्र हो। आमा यस कथामा सबैभन्दा बढी द्वन्द्वग्रस्त छे। छोराले हरिबहादुरसँगको आफ्नो पूर्व प्रसङ्ग थाहा पायो भन्ने लागेपछि उसमा द्वन्द्व उत्पन्न भएको छ। उसले छोरालाई सम्झाउने प्रयत्न त गरेकी छे तर छोराले आमालाई सामाजिक आडम्बर रूपी असत्यलाई इन्कार गरी वास्तविक यथार्थलाई स्वीकार गर्न अनुरोध गरेको छ। यही कारणबाट उसमा तीव्र द्वन्द्व र तनाव उत्पन्न भएको छ। ऊ यस कथाकी सहायक पात्र हो। उसले सामाजिक आदर्श र आडम्बरलाई जोगाइ राख्न प्रयत्न गर्दागर्दै छोराले उक्त घटना थाहा पाएपछि उसलाई ठुलो द्वन्द्व भएको छ। उसले वास्तविक सत्यलाई स्वीकार्न सकेकी छैन। यसै कारणले गर्दा छोरासँग उसको द्वन्द्व भएको छ। यति हुँदाहुँदै पनि आमा यस कथाकी असत् पात्र भने होइन। उसको विचार सुरुदेखि अन्त्यसम्म नै कथामा एकनाश रहेकाले स्थिर स्वभाव भएकी चरित्रको रूपमा आएकी छे। त्यस्तै उसले मातृत्त्व चाहने सम्पूर्ण नारीको प्रतिनिधित्त्व गरेकी छे। समग्रमा यस कथाको पात्र विधान

विषयवस्तुलाई प्रस्तुत गर्न सक्षम रहेको छ । विषयवस्तु अनुकूल कै चरित्र योजनाको आयोजना यस कथामा भएको छ ।

- **आशीर्वाद**

प्रस्तुत कथा थोरै पात्रहरूको प्रयोगमा निर्माण भएको छ । यसको मञ्चीय भूमिकामा केबल दुईजना पात्र छन् । म पात्र र उसकी छोरी निरु यस कथाको कार्यव्यापारलाई अगाडि बढाउन आएका पात्रहरू हुन् । अरू पात्रहरू म पात्रकी सौता, लोग्ने, ज्वाइँ रहेका छन् । यी पात्रहरूको यस कथामा कुनै खास भूमिका नभएको कारणले गौण पात्रको रूपमा रहेका छन् ।

म पात्र यस कथाकी प्रमुख पात्र हो । उसकै केन्द्रीय भूमिकामा प्रस्तुत कथा सम्पन्न भएको छ । उसको मातृत्त्व खण्डित भएपछि त्यसको प्रतिकार स्वरूप ऊ आफ्नी छोरीको वैवाहिक कार्यक्रमबाट आशीर्वाद नदिइ फर्किएकी छे । म पात्र आफ्नो मातृत्त्वको आघात सहन नसक्ने पात्रका रूपमा आएकी छे । ऊ पुरुष प्रधान समाजको सामाजिक व्यवस्थाको सिकार भएकी छे । लोग्नेले दोस्रो विवाह गरेर उसको नारीत्त्वको अपमान  गरेको छ । लोग्नेले अर्को बिहे गर्नुको कारण म पात्रको सुगठित शरीर नभएका कारणले हो भन्ने आरोप उसले लगाएकी छे । आफ्नी स्वास्नीको पुष्प र सुगठित शरीर नभएका कारणले पुनर्विवाह गर्ने पुरुष प्रधान समाजबाट प्रताडित हुन पुगेकी नारी चरित्रको भूमिका म पात्रले निर्वाह गरेकी छे । उसको सन्दर्भबाट नारीहरूले सबै कुरा सहन सक्छन् तर जब उनीहरूको मातृत्त्व यो आघात पर्छ र मातृत्त्व खण्डित हुन्छ त्यसलाई भने सहन सक्दैनन् भन्ने दृष्टान्त म पात्रको चारित्रिकीकरणद्वारा देखाइएको छ । समग्रमा म पात्र यस कथाकी प्रतिनिधि पात्र हो । उसले पुरुष प्रधान समाजमा पुरुषद्वारा शारीरिक सौन्दर्यका कारण अपहेलित गरी एकल जीवन बिताउन बाध्य बनाइएका नारीहरूको प्रतिनिधित्त्व उसले गरेकी छे । स्वभावका आधारमा स्थिर स्वभाव भएकी पात्र हो । उसले कुनै पनि मूल्यमा आफ्नो मातृत्त्व खण्डित हुन दिएकी छैन । सुरुदेखि अन्त्यसम्म नै उसको स्वभाव एकनाशको छ । प्रवृत्तिका आधारमा हेर्दा उसको स्वभाव कहीँ पनि असत् र खराब छैन । उसले मातृत्त्वले भरिपूर्ण महान् नारीको भूमिका निर्वाह गरेकी छे । ऊ यस कथाकी आबद्ध चरित्र हो । उसलाई कथाबाट हटाउन सकिँदैन । त्यस्तै उसको भूमिका कथामा प्रत्यक्ष मञ्चीय रहेको छ ।

यस कथाका अन्य पात्रहरू गौण छन् । म पात्रको लोग्नेको मञ्चीय भूमिका कथामा छैन । ऊ नेपथ्यमा छ र उसकै कारणले म पात्रको मातृत्त्व खण्डित हुन पुगेको छ । त्यस्तै निरु यस कथाकी प्रत्यक्ष मञ्चीय पात्र हो । उसले आमासँग आशीर्वाद नदिनुको कारण जान्न चाहेकी छ । आफ्नी आमालाई महत्त्व दिने पात्रका रूपमा आएकी छ । सन्तानको आमाप्रतिको मायालाई देखाउन उसको चरित्र सक्षम रहेको छ । समग्रमा यस कथामा उठाइएको अत्यन्त झिनो र सूक्ष्म विषय केबल दुईजना पात्रहरूको भूमिकाद्वारा पुरा गरिएको छ । त्यसमा पनि एउटा पात्र पूर्ण सक्रिय र अर्को पूर्ण निस्क्रिय रहेको छ । विषयवस्तु नै कमजोर भएका कारण प्रस्तुत कथाको पात्रविधानले जीवन्तता र स्तरीयता पाउन सकेको छैन ।

- **ऋसमा झुन्ड्याइएको जिन्दगी**

प्रस्तुत कथाको कार्यकारी भूमिकामा जम्मा एक जना मात्र पात्र रहेको छ । त्यो म पात्र हो । उसकै पत्रात्मक र संस्मरणाात्मक स्मृति सन्दर्भबाट यो कथा अगाडि बढेको छ । यसमा आएका पात्रहरू म अर्थात् उर्मिला, आलोक, म पात्रका आमा, बुबा र भाइ,उर्मिलाको प्रेमी आदि रहेका छन् । तर म पात्र वा उर्मिला मात्र यस कथाकी प्रत्यक्ष पात्र हो । अरू सबै गौण र अप्रत्यक्ष पात्र रहेका छन् ।

उर्मिला वा म पात्र यस कथाकी प्रमुख चरित्र हो । उमेरले करिब बिस वर्षकी म पात्र सानैदेखि परिवारको दायित्त्वलाई आफ्नो काँधमा बोकेर हिँड्न विवश छे । स्नातकसम्म अध्ययन गरेकी ऊ एक शिक्षित नारी पात्र हो । उसले आफ्नो योग्यता अनुसारको नोकरी पाएकी छैन । यसै कारण गर्दा उसलाई आफ्नो परिवारको दैनिकी चलाउन गाह्रो भएको छ । परिवारले पनि उसलाई कहीँ कहीँ असहयोग गरेको देखिन्छ । उसको प्रेमीलाई परिवारले अस्वीकार गरेको प्रति उसको गुनासो रहेको छ । त्यस्तै भाइको फुर्मासी र आवारा चरित्रबाट पनि ऊ प्रताडित भएकी छे । सिङ्गो परिवारका लागि आर्थिक स्रोत जुटाउने एक मात्र सहारा ऊ बनेकी छे । त्यसैले परिवारको आवश्यकता र मागलाई पुरा गर्न ऊ होटलमा यौनकर्मी हुन बाध्य भएकी छे । समग्रमा म पात्र यस कथाकी मुख्य पात्र हो । कथामा उसकै केन्द्रीय भूमिका रहेको छ । उसैका जीवनमा घटेका अनेक घटना सन्दर्भहरू यस कथामा आएका छन् । ऊ स्त्री चरित्र हो । सुशिक्षित भएर पनि आफ्नो योग्यता अनुसारको जागिर नपाएकी र सिङ्गो परिवारलाई आफैँले चलाउनु पर्ने उत्तर दायित्त्वको बहन गरेकी नारी प्रतिनिधि चरित्रका रूपमा आएकी छे । आर्थिक अभावमा यौनकर्मी भएर बाँच्न विवश

नारीको प्रतिनिधि चरित्रका रूपमा आएकी छे । त्यस्तै प्रवृत्तिका आधारमा ऊ अनुकूल चरित्र हो । विवशतापूर्वक यौनकर्मी हुन बाध्य भएकी एक सहानुभूति प्राप्त गर्ने चरित्र हो । जीवन चेतनाका आधारमा ऊ वर्गीय चरित्र हो । त्यस्तै आवद्धताका आधारमा ऊ बद्ध पात्र हो । त्यस्तै ऊ नेपथ्य नभएर मञ्चीय पात्र हो ।

यस बाहेक प्रस्तुत कथामा आएका अन्य पात्रहरूको प्रत्यक्ष भूमिका छैन । आलोकलाई लेखेको पात्रमा म पात्रको स्मृति सन्दर्भबाट जो जो पात्र आएका छन् तिनको प्रसङ्गवश मात्र चर्चा छ । त्यसबाहेक उल्लेखनीय भूमिका कुनै पात्रहरूको छैन । समग्रमा भन्दा प्रस्तुत कथाको विषयवस्तुलाई फलागमसम्म पुऱ्याउन चयन गरिएका पात्रहरू उपयुक्त छन् । त्यसमा पनि म पात्रको आत्मालापीय चरित्र र पत्रात्मक अभिव्यक्तिले कथालाई स्तरीय बनाएको छ ।

- **भोक**

प्रस्तुत कथा थोरै पात्रहरूको प्रयोगद्वारा लेखिएको छ । यसमा दुई जना पात्रहरू मञ्चीय रूपमा आएका छन् । उनीहरूकै प्रत्यक्ष संलग्नतामा प्रस्तुत कथामा सम्पन्न भएको छ । ती दुई जना पात्रहरू ऊ र घर धन्दा गर्ने की छोरी हुन् । त्यसमध्ये पनि ऊ पात्रसँग सम्बन्धित भएर उक्त सानी बालिका आएकी हुनाले ऊ पात्र नै यस कथाका मुख्य भूमिकामा रहेकी छ ।

ऊ पात्र सामान्य गृहिणी हो । घरमा उसलाई काममा सहयोग गर्ने एक जना महिला कामदार राखिएको छ । उसकै छोरो एकदिन उसले रोटी पकाइ रहेको ठाउँमा आइ अलपक हेरे पछि उक्त बालिका भोकाइ होली भन्ने दया जागृत भएको छ । त्यसैको भोकाएका व्यक्तिलाई खान दिने असल स्वभाव भएकी चरित्रका रूपमा ऊ आएकी छे । त्यस्तै ऊ यस कथामा कुशल गृहिणीका रूपमा पनि देखिन्छे । बालकप्रति विशेष दयाको भावना उसमा पाइन्छ । ऊ त्यस सानी केटीको कलाकारिताबाट प्रभावित भएकी छे । सानी बालिकाले कलाकारिताका अनेक नमुना देखाएपछि उसले बालिकाको अन्तर्निहित प्रतिभाको विकास गर्न कापी र सिसाकलम ल्याइ दिएकी छे । यसबाट ऊ पात्र उदान्त रहेको पुष्टि हुन्छ । यस बाहेक यस कथामा ऊ पात्रको कुनै सूचना पाइँदैन । कार्यका आधारमा ऊ यस कथाकी प्रमुख पात्र हो । उसकै केन्द्रियतामा यो कथा समाप्त भएको छ ऊ यस कथाकी स्त्री पात्र हो । त्यस्तै वर्गीयताका आधारमा हेर्दा उसले घरमा बसेर चुलो चौको गर्ने साधारण बारीको

प्रतिनिधित्व गरेकी छे । त्यसैले ऊ यस कथामा वर्गीय चरित्रको भूमिकामा आएकी छे । त्यस्तै प्रवृत्तिका आधारमा उसको स्वभाव अनुकूल रहेको छ । कथामा कहीँ पनि असत् चरित्रको भूमिकामा छैन । त्यस्तै स्वभावको आधारमा सुरुदेखि अन्त्यसम्म नै एकै स्वभावको रहेकाले स्थिर चरित्रका रूपमा उसलाई हटाइदिँदा कथाको संरचनामा नै परिवर्तन आउने हुँदा ऊ बद्ध पात्र हो । त्यस्तै उसको भूमिका कथामा मञ्चीय रहेको छ । यसबाहेक प्रस्तुत कथामा अन्य उल्लेखनीय पात्र छैनन् । ऊ पात्रकै प्रमुख भूमिकामा कथा समाप्त भएको छ । समग्रमा यस कथाले भोकको प्रसङ्गलाई देखाएको छ र त्यसको प्रस्तुतिका लागि यसका पात्र सक्षम छन् । परन्तु प्रस्तुत कथाको कथानक सशक्त र प्रभावकारी नभएका कारण चरित्रले पनि जीवन्तता प्राप्त गर्न सकेका छैनन् ।

- **बन्द कोठाहरूको शहर**

प्रस्तुत कथाको कार्यकारी भूमिकामा म पात्र रहेको छ । त्यस्तै युवक, नायक, नायकका लठैतहरू, बन्दी मानिसहरू, प्रहरी आदि यस कथामा आएका छन् । यी मध्ये म पात्र यस कथाको प्रमुख पात्र हो भने नायक यस कथाको सहायक पात्र हो । अन्यपात्रहरू खास खास प्रसङ्गमा आएका छन् र आफ्नो भूमिका पश्चात कथाबाट हराएका छन् । कथाको सुरुदेखि अन्त्यसम्म म पात्र आएको छ भने कथाको बिचमा नायक आएको छ ।

म यस कथाको प्रमुख पात्र हो । ऊ खान नपाएर सडकमा त्यसै भौतरिरहेको बेला नायकका दूतहरूले लगेका छन् । बन्द कोठमा उसलाई घण्टौँ बन्दी बनाएर राखिएको छ । त्यस बन्द कोठामा ऊ चुपचाप बस्नु परेको छ । कुनै पनि प्रश्न र जिज्ञासा प्रकट गर्न त्यहाँ प्रतिबन्ध छ । नायकले उसलाई शहरका बारेमा राम्रोसँग बुझ्न र शहरसँग परिचित हुन आदेश दिएको छ । खान, बस्न र लाउन त दिइएको छ तर बोल्ने स्वतन्त्रताबाट बञ्चित गरिएको छ । जुन दिन म पात्रले शहरको बारेमा पूर्ण ज्ञान हासिल गरेको छ त्यसै दिन ऊ नायकको बन्द कोठाबाट मुक्त भएको छ । म पात्र मुक्त वा स्वतन्त्र भए पनि पुनः उसको अवस्था बन्दी हुनु पूर्वकै रहेको छ । अर्थात् बन्दी जीवनमा रहँदा उसले खान, लाउन र बास बस्न पाएको थियो तर बन्दी जीवनबाट मुक्त भएपछि उसको अवस्था दयनीय भएको छ । खान नपाएर सडकमा भोकभोकै छट्पटिएर हिँडनु परेको छ । म पात्र यस कथामा यथास्थितिमा विरोधी पात्रका रूपमा आएको छ । खान र लाउन पाउनु पर्ने मागलाई पुरा नगर्ने तत्कालीन राज्य सत्ताको विरुद्धमा उसले आन्दोलन गरेको छ । सरकारका विरुद्धमा

नारा लगाएको छ । यही कारण ऊ मरणासन्न हुने गरी पिटिएको छ । समग्रमा म पात्र यस कथाको केन्द्रीय चरित्र हो । उसकै चरित्रका वरिपरि प्रस्तुत कथाको कथानक घुमेको छ । लिङ्गका आधारमा ऊ पुरुष चरित्र हो । उसले वर्गीय चरित्रको प्रतिनिधित्व गरेको छ । भोकबाट आक्रान्त भई सडकमा आउन बाध्य भएको पात्रको प्रतिनिधित्व गरेको छ । बेरोजगार युवाहरूको प्रतिनिधि पात्रका रूपमा म पात्र आएको छ । प्रवृतिका आधारमा हेर्दा ऊ यस कथाको अनुकूल चरित्र हो । कथामा कहीँ पनि उसको भूमिका प्रतिकूल छैन । यसले तत्कालीन शासन व्यवस्थाको विरोध गरेको छ । उसले न त स्वतन्त्रतामा शान्तिपूर्वक बाँच्न सकेको छ न परतन्त्रमा बाँच्न सकेको छ । त्यसैले यस कथामा म पात्रका माध्यमबाट स्वतन्त्रता र निरङ्कुशता दुवैका बेथितिहरूको सङ्केत गरेको छ । म पात्र यस कथाको प्रमुख पात्र भएकोले आबृद्धताका आधारमा बद्ध पात्र हो । उसलाई कथाबाट अलग गराउन सकिँदैन । त्यस्तै म पात्र नेपथ्यमा नरहेर मञ्चीय रूपमा रहेको छ ।

नायक यस कथाको सहायक पात्र हो । उसले आफ्ना सहयोगी मार्फत् म पात्र जस्ता कैयौं पात्रहरूलाई बन्दी बनाएको छ । उसले बन्दी बनाएर कुनै एउटा शहरको बन्द कोठामा थुनेको छ । बाँच्नका लागि आधारभूत कुरा प्रदान गरे तापनि उसले स्वतन्त्रता भने बन्दीहरूबाट अपहरण गरेको छ । आफूले भनेको नमान्ने र प्रश्न गर्ने बन्दीहरूलाई उसले कडा दण्ड दिएको छ । अतः नायक यस कथाको महत्त्वपूर्ण सहायक चरित्र हो । यसका क्रियाकलापमा म पात्रको चरित्र घुमेको छ । त्यस्तै उसले लैङ्गिक रूपमा पुरुष पात्रको प्रतिनिधित्त्व गरेको छ । जीवन चेतनाका आधारमा हेर्दा ऊ वर्गीय चरित्र हो उनले व्यक्तिका स्वतन्त्रता अपहरण गर्ने युगयुगको निरङ्कुश शासकको प्रतिनिधित्व गरेको छ । स्वभावका आधारमा ऊ गतिशील रहेको छ । सुरुमा म पात्रप्रति अत्यन्त कठोर व्यवहार गर्ने नायक कथाको अन्त्यतिर म पात्रलाई निरङकुशता र दासत्वबाट मुक्त गर्न पुग्छ । त्यस्तै प्रवृत्तिका आधारमा हेर्दा ऊ यस कथाको असत् चरित्र हो । उसले निर्दोष व्यक्तिलाई प्रलोभनमा पारेमा बन्द कोठामा थुन्ने आफ्नो आदेश मान्न लगाउने, निर्ममतापूर्वक यातना दिने जस्ता कार्य गरेको छ । ऊ यस कथाको आबद्ध पात्र हो । उसले सहायक भूमिकामा रहेर कथालाई उत्कर्षता प्रदान गरेको छ । त्यस्तै मञ्चीयताका आधारमा ऊ प्रत्यक्ष र मञ्चीय पात्र हो । समग्रमा यस कथामा चरित्रहरू कथानकलाई बोकेर हिँड्न सक्ने, कथानकको अभ्युद्देश्यलाई पूरा गर्न सक्ने रहेको छन् ।

- **चिल**

प्रस्तुत कथाको पात्रविधान अत्यन्त नवीन र मौलिक छ । पर्यावरणसँग सम्बन्धित भएर पात्रहरूको चयन गरिएको छ । प्रस्तुत कथाको उद्देश्य मानवीय विषयलाई देखाउनु नभई मानवेत्तर विषयको प्रभावकारी अङ्कन गर्नु रहेको छ । यस कथाको केन्द्रीय पात्र चिल हो । उसैको केन्द्रीयतामा कथा समाप्त भएको, उसकै क्रियाकलाप, मानसिक अवस्था आदिको वर्णनमा प्रस्तुत कथा समाप्त भएको छ । चिल मांसाहारी जीव हो । उसलाई बाँच्नका लागि मासुजन्य वस्तुहरूको आवश्यकता पर्दछ । उसका नवजात बच्चाहरू छन् । ती बच्चालाई ख्वाउन र हुर्काउन उसलाई गाह्रो परेको छ । केही पनि उसले खाने कुरा भेट्टाएको छैन । तिन दिनदेखि ऊ र उसका बचरा भोकै छन् । खाने कुराका लागि उसले अनेक प्रयत्न गरेको छ । जति प्रयत्न गर्दा पनि कहीँ पनि पाएको छैन । अन्त्यमा बच्चाको बिजोग हेर्न नसकेर हत्या गर्ने निर्णयमा पुगेको छ । प्रस्तुत कथामा नवीन पर्यावरणीय विषयसँग सम्बन्धित भएर चरित्रको प्रयोग गरिएको छ । चरित्रका माध्यमबाट मानवेत्तर जगत्लाई जीवन निर्वाहका क्रममा आइ पर्न सक्ने समस्याका बारेमा अवगत् गराइएको छ । यसबाट नवीन तथ्यको उद्घाटन पनि भएको छ । मांसाहारी जीवहरूलाई पहिल्ला समयमा बाँच्न कति कठिन परिरहेको छ भन्ने कुराको जानकारी यस कथाले दिएको छ । चिलले समग्र मानवेत्तर प्राणीहरूको प्रतिनिधित्व गरेको छ । उसले मानवेत्तर प्राणीलाई पछिल्लो समयमा बाँच्नका लागि परिरहेको समस्याका बारेमा अवगत समेत गराएको छ ।

- **आत्माको हत्या**

प्रस्तुत कथा अल्प पात्रहरूको प्रयोग गरी रचना गरिएको छ । यसमा जम्मा एक जना पात्रको मात्र प्रमुख भूमिका छ । यस कथाको प्रत्यक्ष मञ्चीय पात्र म हो । म पात्रकै मानसिक अवस्थाको वर्णन, उसका मनोद्वन्द्वहरू आदिको चित्रण यस कथामा भएको छ । यस बाहेक अफिसमा काम गर्ने केटो र सम्पादक यस कथाका चरित्र हुन् । सम्पादक अदृश्य छ । केवल म पात्रले उसको प्रतीक्षा गरिरहेको देखाइएको छ । ऊ मञ्चीय रूपमा कथामा आएको छैन । काम गर्ने केटासँग म पात्रको दुई पटक संक्षिप्त संवाद भएको छ । यस बाहेक अरू केही भूमिका अन्य पात्रहरूको छैन ।

म पात्र प्रस्तुत कथाको प्रमुख पात्र हो । उसकै वरिपरि यो कथा घुमेको छ । ऊ आदर्श निष्ठावान् र उच्च नैतिकता भएको मान्छे हो । उसमा परिवर्तनप्रतिको चाहना छ ।

उसल परिवर्तनका पक्षमा विभिन्न पत्रपत्रिकाहरूमा समाचारहरू लेखेको छ । ऊ क्रान्तिकारी पनि रहेको छ । उसले पुरानो व्यवस्था रहेका खराबीहरूको विरोध गरेको छ । ऊ स्वाभिमान पूर्वक बाँच्न चाहने व्यक्ति हो । यति हुँदा हुँदै पनि ऊ आर्थिक रूपमा अत्यन्त सङ्कटग्रस्त छ । उसलाई जीवनवृत्तिको सबालमा आर्थिक कठिनाइ छ । त्यसैले पुरानो व्यवस्थाको समर्थक, पनि पत्रकारिताको नमुना र भ्रष्ट सम्पादकसँग जागिरका लागि अनुरोध गर्न गएको छ । जागिर खाने कि नखाने भन्ने विषयमा उसको आफ्नै मनभित्र तीव्र द्वन्द्व उत्पन्न भएको छ । यही द्वन्द्वले उसभित्रको नैतिक सच्चरित्र, क्रान्तिचेत र परिवर्तनप्रतिको दृष्टिकोण समाप्त भई जीवनवृत्तिका लागि विवशतापूर्वक कुनै पनि मान्छे जे गर्न पनि बाध्य हुन्छ भन्ने दृष्टिकोण अगाडि सारेको छ । समग्रमा म पात्र यस कथाको प्रमुख पात्र हो । त्यस्तै उसले पुरुष पात्रको भूमिका निर्वाह गरेको छ । जीवन चेतनाका आधारमा हेर्दा बाध्यतावश आफ्नो मूल्यलाई समाप्त पार्न पुगेका शिक्षित बेरोजगार युवाहरूको प्रतिनिधित्व गरेको छ । प्रवृत्तिका आधारमा हेर्दा उसले कथाभरि कहीँ पनि असत् चरित्र देखाएको छैन । सत् पात्रको भूमिकामा रहेको छ । आफ्नो मूल्यको हत्या पनि विवश भएर गरेकाले ऊ अनुकूल चरित्रकै रूपमा कथामा आएको छ । स्वभावका आधारमा ऊ गतिशील चरित्र हो । उसको स्वभावका कथाको अन्त्य सम्ममा परिवर्तन आइसकेको छ । कथाको सुरुमा दृढ र निश्चयी तथा विचारप्रति प्रतिबद्ध रहेको म पात्र अन्त्यमा विवश भएर परिवर्तन र अग्रगमनको नारा छोडी उक्त पत्रिकामा जागिर खाने निर्णयमा पुगेको छ । आबद्धताका आधारमा हेर्दा ऊ यस कथाको आबद्ध चरित्र हो । उसलाई यस कथाको भूमिकाबाट हटाउन सकिँदैन । त्यस्तै म पात्र यस कथामा मञ्चीय भूमिकामा रहेको छ । यस बाहेक प्रस्तुत कथाका अन्य चरित्रहरू उल्लेखनीय छैनन् । समग्रमा प्रस्तुत कथाका चरित्रहरूले विषयवस्तुलाई फलागमसम्म पुऱ्याउने प्रयत्न त गरेका छन् तर कथामा सबै पात्रहरू निश्चित हुँदा कथा प्रभावकारी र जीवन्त भने बन्न सकेको छैन ।

- **सम्झौता**

प्रस्तुत कथामा अत्यन्त थोरै पात्रहरूको प्रयोग छ । जम्मा तिन जना पात्रहरू यस कथाको कार्यकारी भूमिकामा आएका छन् । तीमध्ये क पात्रकी श्रीमतीको कुनै कथानक भूमिका छैन । 'क' पात्र र ख पात्र नै यस कथाका मुख्य पात्रहरू हुन् । यी दुईको चारित्रिक विशेषता नै कथाको महत्त्वपूर्ण पक्षका रूपमा आएको छ ।

प्रस्तुत कथाको मुख्य चरित्र 'क' पात्र हो । ऊ शासक वर्ग हो । बसौंदेखि उसले शासन व्यवस्था आफ्नो हातमा लिएको छ । भ्रष्ट नेताका रूपमा परिचित भई आगामी चुनावमा उसको पराजय निश्चित छ । ऊ कुनै हालतमा पनि हार्न चाहँदैन । ऊ जुनसुकै मूल्य चुकाएर भए पनि निर्वाचनमा जित्न चाहन्छ । आफ्नो हार निश्चित छ भन्ने कुरा उसलाई थाहा छ । त्यसैले आफ्नो प्रतिद्वन्द्वी र जित सुनिश्चित भएको 'ख' पात्रलाई अपहरण गर्छ । 'ख' पात्रलाई बलपूर्वक सम्झौता गर्न विवश पार्न असत् चरित्रका रूपमा क पात्र आएको छ । उसले निरङकुश शासक वर्गको प्रतिनिधित्व गरेको छ । जनताको नाममा राजनीति गरेर जनतालाई नै धोका दिने र अरूलाई फसाएर, धम्क्याएर चुनाव जित्ने अत्यन्त निकृष्ट पात्रका रूपमा आएको छ । पञ्चायति शासन व्यवस्थामा हुने नाम मात्रको चुनावी प्रसङ्गलाई यस कथाले देखाएको छ । 'क' पात्र यस कथाको प्रमुख विषयवस्तु घुमेको छ । लिङ्गका आधारमा उसले पुरुष पात्रको भुमिका निर्वाह गरेको छ । त्यस्तै जीवन चेतनाका आधारमा ऊ प्रतिनिधि/वर्गीय चरित्र हो । उसले शासक वर्ग र उनीहरूले गर्ने यावत् कर्तुतको प्रतिनिधित्व गरेको छ । स्वभावका आधारमा ऊ स्थिर चरित्र हो । उसको चरित्रमा कथाको सुरुदेखि अन्त्यसम्म कुनै परिवर्तन आएको छैन । त्यस्तै प्रवृत्तिका आधारमा ऊ असत् चरित्र भएको पात्र हो । उसको शासकीय दम्भ, चुनाव जितिरहन चाहने प्रवृत्ति, चुनाव जित्नका लागि अनेकौं प्रपञ्च हतकण्डा अपनाउन पनि पछि नपर्ने दुष्ट चरित्रका रूपमा आएको छ । त्यस्तै मञ्चीयताका आधारमा क मञ्चीय चरित्रको हो । उसको भूमिका कथामा प्रत्यक्ष छ ,। त्यस्तै आबद्धताका आधारमा ऊ बद्ध चरित्र हो । कथाबाट उसलाई हटाउन सकिँदैन ।

'ख' पात्र यस कथाको सहायक पात्र हो । उसले चुनाव जित्ने निश्चित छ । यसले जनतामा अपार लोकप्रियता प्राप्त गर्दै गएको छ । ऊ शालीन, शान्त, विकासप्रेमी र जनप्रेमी छ । तर उसले कहिल्यै चुनाव जित्दैन । 'क' पात्र जस्ता शासन सत्तामा बसेकाहरूले उसलाई सदैव दमन गरेको, चुनावमा विवशतापूर्वक सम्झौता गर्न लगाएको प्रसङ्ग यस कथामा छ । राम्रो नेताले सधैं हार्ने र भ्रष्ट नेताले जित्ने गरेको प्रसङ्गलाई प्रस्तुत चरित्रबाट देखाउन खोजिएको छ । 'ख' पात्र जस्ता नेताहरू सत्ताभन्दा सदैव बाहिर रहने र क पात्र जस्ता भ्रष्ट नेताहरू सदैव सत्तासीन रहने प्रवृत्तिलाई 'ख' पात्रका माध्यमबाट देखाइएको छ । 'ख' पात्र यस कथाको सहायक चरित्रका रूपमा आएको  छ । ऊ पुरुष पात्रको लैङ्गिक भूमिकामा देखिएको छ । जीवन चेतनाका आधारमा उसले राम्रा नेताहरू कहिल्यै सत्तामा

पुग्न नसकेको दृष्टान्त देखाएको हुनाले प्रतिनिधि चरित्रका रूपमा रहेको छ । त्यस्तै स्वभावका आधारमा ऊ गतिशील स्वभाव भएको पात्र हो । आफ्नो मूल्य र अस्तित्वलाई नै निमिट्यान्न पार्ने दाउमा 'क' पात्र लागेपछि बाध्य भएर उसले सम्झौता गर्नु परेको छ । प्रवृत्तिका आधारमा ऊ अनुकूल चरित्रको छ । त्यस्तै ऊ यस कथाको प्रत्यक्ष मञ्चीय भूमिकामा आएको छ भने आबद्धताका आधारमा बद्ध चरित्रका रूपमा आएको छ । समग्रमा प्रस्तुत कथाको पात्र विधान विषयवस्तुलाई फलागमसम्म पुऱ्याउन सक्षम रहेको छ । चरित्रहरूको प्रभावकारी प्रयोगले कथा स्तरीय र जीवन्त बन्न पुगेको छ ।

- **अवतरण**

प्रस्तुत कथामा धेरै पात्र आए तपनि श्री 'स' ज्यू नामको नेता नै प्रमुख कार्यकारी पात्रका भूमिकामा रहेको छ । अन्य पात्रहरू प्रसङ्गवश आएका छन् र आफ्नो भूमिका पुरा गरी गएका छन् । कथामा नेता बाहेक अरू कसैको पनि प्रभावकारी भूमिका छैन । त्यसैले श्री 'स' ज्यू नै यस कथाको प्रमुख पात्र भएकाले उसको चरित्र चित्रण गरिएको छ ।

श्री 'स' ज्यू यस कथाको प्रमुख पात्र हो । उसकै चरित्रका वरिपरि प्रस्तुत कथाको कथानक घुमेको छ । ऊ प्रभावशाली राजनीतिकर्मी हो । उसले महत्त्वपूर्ण पद प्राप्त गरेको छ । २००७ साल भन्दा अगाडि राणाका तर्फबाट उसले प्रतिनिधित्व गरी पद र प्रतिष्ठा प्राप्त गरेको छ । प्रजातन्त्रकालमा पनि पार्टी खोलेर पुन पद र प्रतिष्ठा प्राप्त गर्न सफल भएको छ । पञ्चायत कालमा पनि उसले जनताका नाममा राजनीति गरी राजभक्ति देखाएर महत्त्वपूर्ण पद प्राप्त गरेको छ । तर एक्कासी ऊ चुनावमा पराजित हुँदा मानसिक रूपमा उद्वेलित हुन पुगेको छ । यही कारण मानसिक रूपमा अशान्त भई शक्तिको प्रतीक पुगेको छ । यही कारण मानसिक रूपमा अशान्त भई शक्तिको प्रतीक अग्लो स्थानमा चढेर तल नझर्ने बरु झर्नु परे आत्महत्या गर्ने चेतावनी दिएको छ । यसबाट ऊ अत्यन्त सङ्कीर्ण मानसिकता भएको व्यक्तिका रूपमा चित्रित भएको छ । सत्यलाई स्वीकार गर्न नसक्ने, पराजयलाई स्वीकार्न नसक्ने, सधैं सत्ता लिप्सा र आफ्नो स्वार्थलोलुपतामा बाँचि रहन चाहने पात्रका रूपमा आएको छ । सदियौँदेखि सत्ता, पद र प्रतिष्ठाका लागि आफ्नो नैतिकता र मूल्य दाउमा राख्न पनि पछि नपर्ने स्वार्थलोलुप चरित्रको प्रतिनिधित्व गरेको छ । जुनसुकै परिवर्तन आए पनि आफूलाई परिवर्तन गरी सत्ताको लागि मरिमेट्ने चरित्रका रूपमा यस पात्रलाई लिन सकिन्छ । समग्रमा श्री 'स' ज्यू यस कथाको प्रमुख चरित्र हो । ऊ कार्यकारी

भूमिकामा रहेको छ । उसकै चरित्रका वरिपरि प्रस्तुत कथा घुमेको छ । लिङ्गका आधारमा उसले पुरुष चरित्रको भूमिका निर्वाह गरेको छ । त्यस्तै जीवन चेतनाका आधारमा हेर्दा उसले वर्गीय चरित्र बोकेको छ । सत्ता लिप्सा, कुत्सित स्वार्थ र मोहमा फसेका व्यक्तिहरूको प्रतिनिधित्व गरेको छ । स्वभावका आधारमा हेर्दा ऊ स्थिर स्वभाव भएको पात्र हो । उसको सत्ता मोह चुनावमा पराजित भएपछि पनि नगएको कारणले उसको स्वभावमा कुनै परिवर्तन आएको छैन । प्रवृत्तिका आधारमा ऊ असत् चरित्र भएको पात्र हो । उसको स्वभाव कहीँ पनि अनुकरण योग्य छैन । त्यसैले ऊ यस कथाको असत् चरित्र हो । आबद्धताका आधारमा ऊ बद्ध पात्र हो । उसलाई कथाबाट हटाउन सकिँदैन । त्यस्तै ऊ यस कथाको प्रत्यक्ष मञ्चीय चरित्र हो । समग्रमा प्रस्तुत कथाको चरित्र सत्ता लिप्सामा सधैँ रहि रहन चाहने शासक प्रवृत्तिलाई देखाउन सक्षम रहेको छ ।

- **मैले लेख्न छाडिदिएँ**

प्रस्तुत कथा मूलतः दुई जना पात्रहरूको संवादमा आधारित छ । श्रीमान् र श्रीमतीका बिचका संवाद यसमा आएको छ । म पात्रका स्मृतिसन्दर्भसँग जोडिएका र श्रीमतीको स्मृति सन्दर्भसँग जोडिएका केही पात्रहरू रहेका छन् । जस्तै सबिता, विख्यात् प्रगतिवादी साहित्यकार, रिक्सा चालक, प्रभात आदि । यी पात्रहरू खास प्रयोजनका लागि आएका छन् र उक्त प्रयोजन समाप्तपछि कथामा कहीँ पनि रहेका छैनन् । श्रीमती श्रीमान्लाई प्रश्न सोध्ने र उसको उत्तर सुन्ने मात्र प्रयोजनका लागि आएकी छे । श्रीमतीका बारेमा अन्य कुनै सूचनाहरू प्रस्तुत कथामा दिइएको छैन । प्रस्तुत कथाको प्रमुख चरित्र 'म' पात्र रहेकाले उसैको मात्र चारित्रिक पक्षको विश्लेषण गरिएको छ ।

म पात्र प्रस्तुत कथाको प्रमुख कार्यकारी भूमिकामा आएको छ । ऊ प्रगतिशील लेखक हो । समाजमा प्रगतिशील लेखनका नाममा बढ्दै गएको विकृतिप्रति उसले चिन्ता व्यक्त गरेको छ । ऊ समाजका तल्ला वर्ग जो शोषित छन्, निमुखा छन् र सदियौँदेखि काव्यको हरूेक पक्षका मूलधारबाट बाहिर रहेका छन् तिनका बारेमा साहित्य लेखी उनीहरूको स्थितिमा सुधार ल्याउन चाहन्छ । उसले दुई वटा पुस्तकहरू पनि श्रमजीवीका पक्षमा रहेर लेखिसकेको छ । तर समाजमा आफूलाई सच्चा प्रगतिशील भन्नेहरूले देखाएको आडम्बरी, दम्भी र सैद्धान्तिक नाराप्रति म पात्रले तीव्र असहमति जनाएको छ । आफूलाई श्रमजीवी वर्गको लेखक ठान्ने व्यक्तिले त्यही श्रमजीवीको श्रम शोषण गर्ने गरेको प्रसङ्ग

अगाडि ल्याएर प्रगतिवादी लेखनका क्रममा देखिएका विकृतिहरूको सशक्त विरोध गरिएको छ । ऊ जानका लागि साहित्य लेखिरहेको छ । उसले पढ्न पनि नसक्ने र लेखेको कृत बुझ्न पनि नसक्ने हुनाले लेख्नुको कुनै औचित्य छैन भन्ने दृष्टिकोण अवलम्बन गरेको छ । ऊ सच्चा प्रगतिशील लेखकका रूपमा आएको छ । ऊ वास्ताविक साथी भएर आएको छ । समग्रमा भन्दा म पात्र यस कथाको प्रमुख पात्र हो । उसैको कार्यकारी भूमिकामा कथावस्तु फलागमसम्म पुगेको छ । लिङ्गका आधारमा ऊ पुरुष पात्र हो । त्यस्तै जीवन चेतनाका आधारमा ऊ वर्गीय चरित्र हो । उसले श्रमजीवी, वर्गको आवाज बुलन्द गर्ने प्रगतिशील लेखकहरूको प्रतिनिधित्व गरेको छ । स्वभावका आधारमा ऊ सुरुदेखि अन्त्यसम्म नै प्रगतिशील लेखनका क्रममा भएका आडम्बरी चरित्र र सच्चा लेखनको विरोधी र समर्थक रहेकाले स्थिर स्वभाव् भएको पात्रका रूपमा रहेको छ । त्यस्तै प्रवृत्तिका आधारमा हेर्दा ऊ अनुकूल वा सत् प्रवृत्ति भएको पात्र हो । उसले शोषित, पिडित, दमीत जनताका पक्षमा साहित्य लेख्ने निर्णय गरेको छ र त्यस्ता वर्गले साहित्य नबुझ्ने हुँदा लेख्न छोडिदिने निर्णय गरेको छ । त्यस्तै आबद्धताका आधारमा हेर्दा ऊ यस कथाको बद्ध पात्र हो । उसलाई कथाबाट निकाल्दा कथाको सम्पूर्ण मूल्य र मानक नै समाप्त हुन्छ । त्यस्तै ऊ यस कथाको मञ्चीय पात्र हो । उसले प्रत्यक्ष रूपमा कथामा भूमिका निर्वाह गरेको छ । समग्रमा प्रस्तुत कथाको पात्रहरूले स्तरीय र जीवन्तमा प्राप्त गरेका छैनन् । सघन कथानक नभएको कारणले पनि उनीहरूको चरित्रले उत्कर्षता नपाएको हो ।

## ४.३ निष्कर्ष

बन्द कोठाहरूको शहर कथा सङ्ग्रहमा रहेका कथाहरूमा पात्रविधान यसप्रकार रहेको छ । मूल्य र मान्यता कथामा पात्र प्रयोग सबल रहेको छ । यस कथाको प्रमुख पात्र श्रीधर हो । सहायक पात्रका रूपमा मीरा र जयन्त आएका हुन् । दायित्व कथाको आख्यान योजना कमजोर भएकाले पात्रविधान पनि कमजोर रहेको छ । यस कथाको प्रमुख भूमिकामा म पात्र रहेको छ । चकमन्न कथामा पात्रविधान सशक्त रूपमा आएको छ । महेश यस कथाको प्रमुख पात्र हो भने सामूहिक पात्रको रूपमा उसको परिवार आएको छ । नातासम्बन्ध कथामा कथावस्तु अनुकूल पात्र प्रयोग भएको छ । उमा यस कथाको प्रमुख पात्र हुन् । निर्णय र स्वीकारोक्ति थोरै पात्र प्रयोग गरेर लेखिएको कथा हो । निर्णय कथामा विमला प्रमुख पात्र हुन भने स्वीकारोक्ति कथामा दिनेश प्रमुख पात्र हो । उसकी आमा

सहायक पात्रका रूपमा आएकी छिन् । आशीर्वाद कथा पात्र विधानका दृष्टिले उत्कृष्ट रहेको छ । म पात्र यस कथाको प्रमुख भूमिकामा रहेको छ । सहायक पात्रको रूपमा निरु रहेकी छिन् भने गौण भूमिकामा  सीता, लोग्ने, ज्वाईं आएका छन् । रूसमा झुन्ड्याइएको जिन्दगी पत्रात्मक र संस्मरणात्मक स्मृति सन्दर्भबाट अगाडि बढेको कथा भएकाले अल्प पात्रको प्रयोग  गरिएको छ । म पात्र नै यस कथाको प्रमुख भूमिकामा रहेको छ । भोक कथामा जम्मा दुई जना पात्र रहेका छन् । ऊ पात्र प्रमुख भूमिकामा रहेको छ भने घरधन्दा गर्नेकी छोरी सहायक पात्रका रूपमा आएको छ । बन्द कोठाहरूको शहर कथाको पात्रविधान सबल रहेको छ । यस कथामा म पात्र प्रमुख भूमिकामा रहेको छ । नायक सहायक पात्र हो । बन्दी मानिसहरू, प्रहरी आदि गौण पात्र हुन् । चिल कथाको पात्रविधान अत्यन्त नवीन र मौलिक रहेको छ । पर्यावरणसँग सम्बन्धित भएर पात्रहरूको चयन गरिएको छ । मानवेत्तर प्राणी चील कार्यकारी भूमिकामा रहेको छ । आत्माको हत्या कथामा थोरै मात्र पात्रको प्रयोग भएको छ । म पात्र प्रमुख भूमिकामा रहेको छ । केटो, सम्पादक गौण भूमिकामा आएका छन् । सम्झौता कथामा ३ जना पात्रको मात्र कार्यकारी भमिका छ । क पात्र यस कथाको प्रमुख भूमिकामा रहेको छ । ऊ शासक वर्ग हो । ख सहायक पात्र हो भने क पात्रकी श्रीमतीको कुनै कथानक भूमिका नभएकाले गौण पात्र हो । अवतरण र मैले लेख्न छाडिदिएँ कथामा पनि थोरै मात्र पात्रहरूको प्रयोग भएको छ । अवतरणमा श्री 'स' ज्यू कार्यकारी भूमिकामा छ । ऊ एउटा प्रभावशाली राजनीतिकर्मी हो । मैले लेख्न छाडिदिएँमा म पात्र प्रमुख रहेका छन् । म पात्र प्रगतिशील  लेखक हुन् ।

बन्द कोठाहरूको शहर कथा सङ्ग्रहमा रहेका प्रायः सबै कथाहरूमा अल्प पात्रको प्रयोग गरिएको छ । पात्र प्रयोगका सन्दर्भमा प्रमुख, सहायक, अनुकूल, प्रतिकूल, वर्गीय, नारी, पुरुष, गतिशील, स्थिर आदि प्रकारका पात्रहरूको प्रयोग भएको छ । पात्रविधानका दृष्टिले यस कथासङ्ग्रहका कथाहरू उत्कृष्ट छन् ।

# पाँचौं परिच्छेद

# बन्द कोठाहरूको शहर कथा सङ्ग्रहको परिवेश विधान

## ५.१ परिवेशको परिचय

कथा विधाको अर्को महत्त्वपूर्ण घटक परिवेश हो । यसलाई देश, काल र वातावरण पनि भन्ने गरिन्छ (बराल, २०५३ : ६७) । घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ जसले पाठकलाई बाँध्ने काम गर्दछ । (बराल र एटम्, २०६६ :३३) ।

परिवेशको अर्थ देश, काल र वातावरण भन्ने बुझिन्छ । देशले कार्यव्यापार घट्ने ठाउँ, कालले कथामा कार्यव्यापारको समय र वातावरणले कार्यव्यापारबाट उत्पन्न प्रभावलाई बझाउँछ । परिवेश आन्तरिक र बाह्य गरी दूई प्रकारको हुन्छ । बाह्य परिवेश भनेको मनोदशा, मानसिक द्वन्द्व आदि पर्दछन् । परिवेशले कथामा स्वाभाविकता र विश्वसनीयताको सिर्जना गराएर पाठकमा गहिरूो प्रभाव पार्ने भएकाले परिवेशलाई कथाको महत्त्वपूर्ण घटक मानिन्छ ।

## ५.२ परिवेश विधान

- **मूल्य र मान्यता**

प्रस्तुत कथाको परिवेश विधान अन्तर्गत देश, काल र वातावरणको चर्चा गरिएको छ । प्रस्तुत कथाको देश अन्तर्गत विभिन्न स्थानिक सन्दर्भहरू आएका छन् । प्रस्तुत कथामा शहरी र ग्रामीण परिवेश आएको छ । शहरको नजिकै रहेको ग्रामीण पविरेश यस कथामा आएको छ । जयन्त र मीरा घरबाटै धाएर कलेजमा पढने गरेकाले पनि प्रस्तुत कथाको परिवेश ग्रामीण र शहरी परिवेशको मिश्रण हुन पुगेको छ । श्रीधरको नित्य कर्मबाट पनि यस कुराको पुष्टि हुन्छ । उनले ट्युसन पढाएर गुजारा गर्नु, शिक्षाण पेसा अँगाल्नु, पौरोहित्य गर्नु आदि क्रियाकलापसँग स्थानगत पर्विश जोडिएर आएको छ । यति हुँदाहुँदै पनि प्रस्तुत कथाको कार्यव्यापार घटित भएको स्थल सार्वभौम छ । कुनै स्थान विशेषको नाम कथामा छैन । त्यसैले प्रस्तुत कथा सर्वदेशीय रहेको छ ।

प्रस्तुत कथाको कालिक सन्दर्भ प्रस्ट आएको छैन । यस कथाको समाख्यान काल भने तिन चार महिलाको छ । तिन चार महिना जतिको अनुमानित समयमा प्रस्तुत कथाले

आफ्नो आख्यान समय विस्तार गरेको छ । प्रस्तुत कथा २०४० सालमा लेखिएको सङ्केत प्राप्त हुनाले २०४० साल भन्दा अगिको कालिक सन्दर्भ पनि यस कथामा आएको छ । मूलतः समाजमा आउँदै गरेको परिवर्तन र त्यसबाट नवीन मूल्यको उदय भई प्राचीन मूल्य र मान्यतामा नैतिक सङ्कट देखा परेको अवस्थाका रूपमा यस कालको कालिक सन्दर्भ प्राप्त भएको छ ।

प्रस्तुत कथा सुरुदेखि नै ग्लानि र अपमान युक्त मानसिक वातावरणबाट सुरु भएको छ । आफ्ना छोराछोरीले मूल्य र मान्यता बिर्सँदै गएको र स्वयं आफैँलाई अपमान गर्दै गएको निराशापूर्ण वातावरण श्रीधरमा छाएको छ । नयाँ पुस्ताले आफ्नो रहनसहन र लवाइखवाइ देखेर नोकरचाकरका रूपमा चित्रण गर्दा श्रीधरमा उत्पन्न भएको क्षेभ र घृणाबोधसँगै पाठकमा युवा पुस्ताप्रति उत्पन्न हुने क्षेभ यस कथामा प्राप्त हुन्छ । आफूले अनेक दुःख गरेर हुर्काइ बढाइ सुशिक्षित बनाएका सन्तानबाट आफैँ अपहेलित हुनुपर्दा श्रीधरमा उत्पन्न भएको विषदमय वातावरणले पाठकबाट विशेष सहानुभूति प्राप्त गरेको देखिन्छ । हर्ष, लज्जा, ग्लानी, क्षेभ, क्रोध जस्ता अनेक मानसिक अवस्थाहरू प्रस्तुत कथाको घटनाक्रमबाट पाठकमा सिर्जना हुँदै जान्छन् । प्रस्तुत कथामा मूलतः मानसिक वातावरण आएको छ । कथा पढ्ने क्रममा पाठकमा उत्पन्न्न हुने विभिन्न मानसिक संवेगहरूले कथालाई जीवन्त बनाएको छ ।

- **दायित्त्व**

प्रस्तुत कथामा मिथकीय परिवेश र वास्तविक परिवेश गरी दुई प्रकारको रहेको छ । मिथकीय परिवेश अन्तर्गत गौतम बुद्धको बुद्धत्व प्राप्त भएको परिवेश आएको छ । निर्वाणप्राप्तिका क्रममा भएका घटनालाई दायित्त्व विहीन घटनाका रूपमा पुनर्परिभाषित गरिएको छ । त्यस्तै वर्तमानको परिवेश अन्तर्गत म पात्रले दायिथव बोध गरेको परिवेश आएको छ । यो वास्तविक परिवेश हो । यो कथा कहाँ घटेको छ र कहिले घटेको हो भनी छुट्याउने कुनै आधार छैन । त्यसैले यस कथाको स्थान सर्वदेशीय र समय सर्वकालिक रहेको छ । यो कथा केवल म पात्रको मानसिक परिवेशमा घटित भएको छ । उसको मनमा आउने अनेक संवेग, विचार र दृष्टिकोणसँगै कथाको मानसिक वातावरण निर्माण भएको छ । म पात्रको मानसिक वातावरणबाट पाठकमा एक विशेष प्रभाव निर्माण भएको छ । त्यही प्रभावले कथालाई आस्वाद्य बनाएको छ । पाठकमा जिम्मेवारी करुणा, क्षोभ, दुःख जस्ता

अनेक मानसिक संवेगहरू यस कथाको आश्वादनका क्रममा उत्पन्न हुने हुनाले एक प्रकारको पाठकीय प्रभाव छोड्न यो कथा सक्षम रहेको छ ।

- **चकमन्न**

प्रस्तुत कथाले काठमाडौं शहरलाई कार्यपीठिका बनाएको छ । परिवेश अन्तर्गत आउने स्थानिक सन्दर्भमा काठमाडौंको परिवेश कथाको मञ्चित परिवेशका रूपमा आएको छ । त्यस्तै प्रसङ्गवश रुस आएको छ । स्थानका रूपमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, क्षेत्रपाटी, एम्बेसडर होटल आदि आएका छन् । त्यसमध्ये यस कथाले महेशको आफ्नो घरभित्र करिब २४ घण्टा जतिको कालिक परिवेशलाई स्थान बनाइ कार्यव्यापार घटित भएको छ । यो कथाको कालिक सन्दर्भ हेर्दा कथा कथनकाल करिब २४ घण्टाको छ । बिहान एयरपोर्टमा रसियाबाट ओर्लेपछि भोलिपल्ट बिहान ३ बजेसम्मको घटनाक्रम यसमा कथामा आएको छ । बिहान, बेलुका, दिउँसो जस्ता कालिक सन्दर्भहरू यस कथामा आएका छन् । यो कथा २०४३ सालमा लेखिएकाले त्यसभन्दा अगिको नेपालको शहरी सभ्यतालाई देखाउने प्रयत्नका रूपमा पनि यस कथाको कालिक सन्दर्भ आएको छ । तत्कालीन सामन्तवादी समाज व्यवस्थामा पैसाको मूल्यलाई देखाउन समेत यस कथाको कालिक सन्दर्भ सक्षम रहेको छ । काठमाडौं लगायतका आधुनिक शहरमा विकसित हुँदै गएको गलत आर्थिक क्रियाकलाप, स्खलित हुँदै ग एको सामाजिक प्रचलन आदिलाई यस कथाको कालिक र स्थानिक सन्दर्भबाट देखाउन खोजिएको छ । प्रस्तुत कथाको वातावरण विषादमय छ । अस्वस्थ किसिमको वातावरण यसमा छ । जुनसुकै पाठक पनि यस कथाको आश्वादनपछि विषादमय बन्न पुग्छ । महेशको घरको अस्वस्थ वातावरणबाट पाठकमा ग्लानी, क्षेभ, अत्यास, घृणा जस्ता अनेक मानसिक उद्वेलनहरू उत्पन्न हुन्छन् । यी सबै पक्षबाट यस कथाको परिवेश विधान कथावस्तु र त्यसले बोकेको उद्देश्यसँग मेल खाएकाले यस कथाको परिवेश विधान सफल रहेको पुष्टि हुन्छ ।

- **नाता सम्बन्ध**

प्रस्तुत कथाले शहरी परिवेशलाई आफ्नो  कार्यपीठिका बनाएको छ । शहर अन्तर्गत पनि काठमाडौं यस कथाको मुख्य स्थानिक सन्दर्भ हो । यो कथा मूलतः अर्थसचिव चापागाइँको घरमा घटेको छ । एउटा घर नै यस कथाको प्रकार्यगत स्थल हो । त्यस बाहेक अर्थमन्त्रालय उमाको मायती गाउँ, होटल प्यागोडा, आर्यघाटआदि स्थानहरूले यस कथाको यथार्थ परिवेश निर्माण गर्न सहयोग पुऱ्याएका छन् । त्यस्तै यस कथाको कथा कथन काल

करिब तेह्र दिनको रहेको छ । चापागाइँको मृत्युदेखि हिन्दु संस्कार अनुसार उसको काजक्रिया नभएसम्मको करिब तेह्र दिनको कालावधि यस कथामा आएको छ । त्यस्तै यो कथा २०४४ सालमा लेखिएकाले त्यसभन्दा अगिको कालिक परिवेशलाई पनि यसले अभिव्यञ्जित गरेको छ । उदाउँदै गरेको नयाँ समाज र आधुनिकतालाई यस कथाको कालिक सन्दर्भले प्रस्तुत गरेको छ । त्यस्ता कथालाई विश्वसनीय र प्रभावकारी बनाउन कथामा विभिन्न कालिक सूचनाहरू आएका छन् । बिहान, दिउँसो, पाँचबजे, बेलुकी, एक महिना जस्ता कालिक सूचकहरूले कथाको विश्वसनीयतामा वृद्धि गर्दै कथालाई स्वभाविक बनाएका छन् । यस कथाको वातावरण अत्यन्त सन्नाटामय र उकुसमुकुस हुने खालको छ । पाठक अत्यन्त दारुण र विषादमय मानसिक वातावरणबाट निस्सासिएर भाग्न चाहन्छ । यस कथामा शोकको घटना छ । तर कहीँ शोक व्यक्त भएको छैन । लोग्नेको मृत्युमा स्वास्नीका आँखामा आँसु नआएर ग्लिसेरोल लाउनु परेको छ । बाबुको मृत्युमा छोरो परस्त्रीसँग रमाइलो गर्न नपाएकोमा रिसाउँछ । कट्टेल अर्थसचिवको कोसेली गृहसचिव कहाँ पुऱ्याउँछ । यस्तो विभत्स र कुरूप दृश्यबाट अत्यन्त हृदयविदारक, सन्नाटामय मानसिक वातावरण पाठकमा जागृत हुने गर्छ । यस कथाको परिवेश विधानले पाठकमा एक विशेष पाठकीय प्रभाव छोड्न सफल छ । यसबाट कथा जीवन्त बन्न पुगेको छ ।

- **निर्णय**

प्रस्तुत कथा ग्रामीण परिवेशको कार्यपीठिकामा लेखिएको छ । यस कथामा स्थान प्रत्यक्ष रूपमा नआएकाले सार्वभौम पनि रहेको छ । यो कथामा प्रत्यक्ष र स्मृति सन्दर्भ गरी दुई माध्यमबाट कथावस्तु अगि बढेको छ । प्रत्यक्ष सन्दर्भमा विकासको घर नै यस कथाको मुख्य कार्यथलो हो । विकासको घरको एउटा कुर्सीमा बसेर नवदुलही विमलाले आफ्नो जीवनको भविष्य र भिनाजुलाई पतिका रूपमा स्वीकार गर्नुपर्ने कारणहरू उल्लेख गरेकी छे । त्यसैले यस कथाको प्रत्यक्ष स्थानका रूपमा विकासको घर रहेको छ । अर्को स्थान विमलाको स्मृति सन्दर्भबाट आएको छ । विमलाको घर, छोराछोरीलाई पढ्न पढाउने विद्यालय, कमलाको कोठा आदि स्थानिक सन्दर्भका रूपमा आएका छन् । यस्ता स्थानिक प्रसङ्गहरूले कथानकलाई प्रभावकारी रूपमा अगि बढाउन सक्षम रहेका छन् । परिवेश अन्तर्गत कालिक प्रसङ्ग पनि आउँछ । यस कथामा पनि विभिन्न कालिक सन्दर्भहरू आएका छन् । ती कालिक सन्दर्भहरूले स्थानसँग सन्दर्भित भएर कथानकलाई प्रभावकारी बनाएका छन् । यस

कथाले समेटेको विस्तृत समय भने करिब आठ वर्षको छ । विमला बेहुली बनेर विकासको घरमा आएदेखि विहानसम्मको घटना प्रत्यक्ष कालिक परिवेशमा आधारित छ भने दिदी भिनाजुको बिहे, बालबच्चाको जन्म, दिदीको मृत्यु र उसको भिनाजुसँगको विवाहसम्मको घटना करिब आठ वर्ष जतिको छ । कथा लेखनको कालिक समय २०४१ साल रहेका छ । त्यस भन्दा अगिको नेपालको समाज व्यवस्थाको प्रत्यक्ष झल्को यस कथामा आएको छ । यस कथाको वातावरण कारुणिक किसिमको छ । नाबालक छोराछोरीलाई सदाको लागि छोडेर जानुपर्ने नियतिको कठोर दण्ड कमलाले पाएकी छे । यसबाट कथा कारुणिक बन्न पुगेको छ । पाठकलाई यस घटनाले अत्यन्त संवेदित बनाएको छ । त्यस्तै बालबालिकाको भविष्यका लागि विमलाले आफ्नो प्रेमीलाई छोडेर भिनाजुसँग बिहे गर्ने निर्णय गरेकी छे । यसबाट पनि कथामा विशेष भाव जागृत भएको छ । समग्रमा कारुणिक भावको सञ्चार यस कथामा भएको छ । पाठकमा विशेष सहानुभूति, दया, माया, शोक, करुणा जस्ता मानसिक क्रिया प्रतिक्रियाहरू उत्पन्न गर्न यसले सहयोग पुऱ्याएको छ ।

- **स्वीकारोक्ति**

प्रस्तुत कथाले शहरी परिवेशलाई कार्यपीठिका बनाएको छ । त्यसमा पनि काठमाडौंका सभ्रान्त सिंह परिवारको कथा यसमा आएको छ । प्रस्तुत कथा एउटा कोठामा घटित भएको छ । दिनेशको आफ्नो घरको एउटा कोठामा यो कथा सम्पन्न भएकाले यसको स्थानिक सन्दर्भ घरको कोठा हो । जम्मा एक घण्टाको कालिक परिवेशमा घरको एउटा कोठामा आमा र छोराबिच भएको संवाद नै यस कथाको परिवेशका रूपमा आएको छ । यस कथाको प्रसङ्गवश तानिएर आउने कालिक समय भने बढी रहेको छ । दिनेश अहिले युवक भएको छ । प्रस्तुत कथा दिनेशको जन्मको प्रसङ्गसम्म तानिएर जाने हुँदा करिब बिस वर्ष जतिको समयावधि यसमा छ । तथापि प्रस्तुत कथाको प्रत्यक्ष कालावधि भने एक घण्टाको मात्र छ । एक घण्टाको समयक्रममा दिनेशको घरको एउटा कोठामा घटेको घटना नै यस कथाको कालिक र स्थानिक सन्दर्भ हो । प्रस्तुत कथाको वातावरण पनि विशेष किसिमको छ । पाठकमा शङ्का, घृणा, भय जस्ता अनेक थरी संवेगहरू कथाको आश्वादनका क्रममा उत्पन्न हुँदै जान्छन् । आमासँग सम्बन्धित गोप्य घटना छोराले थाहा पाएपछि अब के होला भन्ने रोमाञ्चक वातावरण सिर्जना हुन पुगेको छ । साथसाथै छोराले उक्त घटनालाई स्वीकार गर्दा पाठकमा शान्त भाव जागृत भएको छ भने मेरो बाबु रामबहादुर नभएर

हरिबहादुर हो र आमाले उक्त कुरालाई स्वीकार गर्नुपर्छ भन्ने छोराको अभिव्यक्तिसँगै आमा बेहोस भएको घटनाले पाठकमा सन्नाटामय वातावरण  सिर्जना गर्न पुगेको छ । समग्रमा यस कथाको परिवेश विधानले कथाको विश्वसनीयता निर्माणमा सहयोग पुऱ्याएको छ । साथसाथै कथाको आश्वादन, पाठकीय प्रभाव र प्रभावकारिताको निर्माणमा भूमिका खेलेको छ ।

- **आशीर्वाद**

प्रस्तुत कथा करिब दश मिनेटको कालावधिमा घरको एउटा कोठामा घटित भएको छ । यसको भौगोलिक सन्दर्भ के हो ? कहाँ घटित भएको हो ? शहर हो कि ग्रामीण परिवेशमा हो प्रस्ट हुन सकेको छैन । तर कथामा छोरीले आफैं जीवनसाथी रोजेको, ज्वाइँ एम.ए. सम्म पढेको, महाविद्यालयमा पढाउँदै गरेको जस्ता सन्दर्भले यो कुनै नगर परिवेशको घटना हो कि भन्ने अनुमानसम्म गराउँछ । यसबाहेक यस कथामा कथाको स्थानिक सन्दर्भलाई उल्लेख गरिएका अन्य कुने आधारहरू छैनन् । निरु आफ्नी आमाको घर आएकी छे । करिब दश मिनेट जतिको कालावधि यसमा घटेको छ । अत्यन्त छोटो कालिक परिवेश यसमा आएको छ । निरु र आमा एक आपसमा वात्सल्य साटासाट गरिरहेको र सोफामा सम्म नबसेको अवस्थामा कथा सम्पन्न भएको छ । यो कथा लेखनको कालिक सन्दर्भ भने २०४३ साल हो । यस कथाले २०४३ साल भन्दा अगिको नेपालको परिवेशलाई तानेर ल्याएको छ । तत्कालीन समयको सामाजिक, आर्थिक, राजनीतिक, समाज व्यवस्था, महिलाको स्थान आदि जस्ता अनेक प्रसङ्गहरू यस कथामा तानिएर आएका छन् । कथाको केन्द्रीय कथन काल भने दश मिनेट र सिङ्गो कथामा आएको प्रासङ्गिक समय चौबिस घण्टाको छ । प्रस्तुत कथामा नै तथ्यपूर्ण वातावरण छ । कथा पढ्दै जाँदा  पाठकमा निराशा र करुणा जागृत हुन्छ । एउटी नारीको मातृत्त्व खण्डित हुँदा उसले वैवाहिक कार्यक्रम नै छोडेर आउनु, छोरीलाई वैवाहिक जीवनको सफलताको शुभ काममा नदिनु जस्ता कुराले पाठकमा विशेष मानसिक वातावरणको सिर्जना गरेको छ । यसबाट पाठकमा क्षोभ, करुणा र उत्साह जागृत भएको छ । त्यस्तै छोरीले आमाप्रति ममता देखाउनु, आमाले आफ्नो आशिर्वाद सदैव छोरीप्रति नै रहेको भाव व्यक्त गर्नु जस्ता घटनाले वात्सल्य रससँगै शान्त वातावरणको सिर्जना भएको छ । कथानक र चरित्र दुर्बल भएका कारण कार्यपीठिका र त्यसबाट पर्ने मानसिक असरको प्रभावकारिता पनि कमजोर बन्न पुगेको छ ।

- **क्रसमा झुन्ड्याइएको जिन्दगी**

प्रस्तुत कथा शहरी परिवेशमा कार्यपीठिका बनाइ लेखिएको छ । काठमाडौंलाई यस कथाले आफ्नो मुख्य कार्य स्थल बनाएको छ । त्यस्तै म पात्रको काम गर्ने प्राइभेट फर्म, होटल मेडेन, कलेज, म पात्रको घर आदि कार्यकारी स्थलका रूपमा आएका छन् । त्यस्तै यस कथाको मुख्य कथनकाल केही वर्षको रहेको छ । म पात्रले स्नातक उत्तीर्ण गरेपछि कलर्कको जागिर खाएको, त्यतिले नपुगेर यौनकर्मी बनेको, यौन व्यवसायमा संलग्न रहँदा रहँदै एकदिन आलोकलाई होटलमा देखेको जस्ता कालिक सन्दर्भहरूले यस कथाको समय सीमालाई केही वर्षहरूमा तन्काएको देखिन्छ । त्यस्तै यस कथाको लेखन काल २०४३ साल हो । यस कथाले त्यसभन्दा अगिको नेपाली समाजमा व्याप्त बेरोजगारी र गरिबी जस्ता अनेक सामाजिक समस्याहरूलाई सङ्केत  गरेको छ । तत्कालीन समयमा शिक्षित युवाहरूले जागिर पाउन गर्नु परेका सङ्घर्ष, गरिबीका कारण आर्थिक समस्याको समाधानका लागि गर्नुपर्ने आजीविकाका अनेक प्रसङ्गहरू यस कथाको परिवेश अन्तर्गत आएका छन् । यस कथाको वातावरण विषदमय छ । एउटी युवतीले आफू र आफ्नो परिवारको सञ्चालनका लागि गर्नुपरेका अनेक दुःख कष्टहरू यस कथामा आएका छन् । यसबाट पाठकमा कारुणिक भाव सञ्चेतना जागृत भएको छ । त्यस्तै परिवारले गरेको असहयोग, भाइको फुर्मासी चरित्र र म पात्रको विवशताबाट पाठकमा क्षोभ र दुःख प्रकट हुन्छ । समग्रमा प्रस्ुत कथाको परिवेश विधान विषयवस्तुको सत्यता र पाठकमा विषयको प्रभाव जागृत गर्न सक्षम रहेको छ ।

- **भोक**

प्रस्तुत कथाको कार्यपीठिका शहरी परिवेश छ । घरमा काम गर्न राखेको नोकर्नीको छोरीसँग मालिक्नी ऊ पात्रले गरेको संवाद र घटना यस कथामा आएको छ । यस कथामा कुनै घरको एउटा भान्सा कोठा रहेको छ । भान्सा कोठामा ऊ पात्रले रोटी बनाइ रहेको प्रसङ्ग छ । यस बाहेक प्रस्तुत कथाको स्थलगत परिवेश प्राप्त हुन सकेको छैन । त्यस्तै कालिक सन्दर्भ हेर्दा प्रस्तुत कथाले करिब बाऱ्ह घण्टा जतिको कालिक परिवेशलाई ओगटेको छ । बेलुकीको रोटी खानाका रूपमा रोटी पकाएदेखि बिहान उक्त बच्चीलाई सिसाकलम र कागज ल्याइदिएसम्मको अवधि यस कथाको केन्द्रीय कथा कथव कालका रूपमा आएको छ । यस कथाको रचना २०४४ साल भन्दा अगि भएकाले तत्कालीन समयको सामाजिक परिवेश

पनि परोक्ष रूपमा आएको छ । तत्कालीन समयको मुख्य चुनौतीका रूपमा रहेको गरिबी, अरूको घरमा काम गर्न बस्नु पर्ने अवस्था, बालबालिकाहरूले आफ्नो इच्छा लागे अनुसारको खान नपाउने बाध्यता आदि जस्ता सामाजिक संरचनागत पक्षलाई पनि यस कथाले मुख्य रूपमा देखाएको छ । त्यस्तै यस कथाको वातावरण रोमाञ्चक छ । सानी बालिकाको खाना खाने आग्रहमा वात्सत्यभाव सम्प्रसारित हुन्छ भने उसले बनाएका कलाकारिताका नमुना देखेर पाठक रोमाञ्चित हुने गर्छ । अतः प्रस्तुत कथाको परिवेश अन्तर्गतको वातावरण पाठकीय मनस्थितिलाई प्रभाव पार्न सक्ने संवेदनायुक्त रहेको छ ।

- **बन्द कोठाहरूको शहर**

प्रस्तुत कथाले शहरी परिवेशलाई आफ्नो कार्यपीठिका बनाएको छ । यसमा कुनै अज्ञान शहरको प्रसङ्ग छ । त्यसभित्र नायक बस्ने स्थान छ । त्यो स्थान अत्यन्त कालो र डरलाग्दो छ । अन्धकार छ । कहीँ पनि प्रकाश छैन । त्यस्तै म पात्रलाई शहरका बारेमा परिचित हुन र सरहको ज्ञान थाहा पाउन निर्देशन दिइएको प्रसङ्गले शहर भित्रको व्यस्त जीवनलाई यस कथाले आफ्नो कथा स्थलका रूपमा लिएको छ । त्यस्तै उक्त शहरका सडक, गल्ली, चोकहरू पनि यस कथामा आएका छन् । साथसाथै स्मृति सन्दर्भका माध्यमबाट दन्त्य कथामा वर्णित विभिन्न स्थानहरू पनि आएका छन् । स्थानका दृष्टिले प्रस्ट सङ्केत नभएकाले सार्वजनिक पनि छ । त्यस्तै समयका हिसाबले हेर्दा केही महिनाको कालावधि यसमा रहेको छ । म पात्रलाई नायकले बन्दी बनाएपछि मुक्त नगरुन्जेलका केही महिनाहरू यस कथाको कालिक सन्दर्भ हो । त्यस्तै कथाको वर्णनका क्रममा आउने दिन, रात, बिहान, महिना, घण्टा, भोलि, अबदेखि, कहिल्यै, सधैं जस्ता कालिक सन्दर्भले कथाको विषयवस्तुलाई विश्वसनीय रोचक र प्रभावकारी बनाएको लेखनका हिसाबले प्रस्तुत कथाको लेखनकाल २०४१ साल हो । त्यस अघिको कालिक परिवेश र सन्दर्भलाई समेत कथाले सङ्केत गर्न खोजेको छ । कालको पनि कितान नभएको र यस्तो घटना वा निरङ्कुश प्रवृत्ति अनेक कालखण्डमा घट्दै आएकाले यो सार्वकालिक पनि रहेको छ । प्रस्तुत कथाको वातावरण कारुणिक रहेको छ । म पात्रले भोकभोकै सडकमा दिनबिताउनु पर्दा पाठकको मनमा कारुणिक भाव सम्प्रसार हुन्छ । त्यस्तै प्रहरीको निर्मम प्रहार, त्यसबाट म पात्र बेहोस बन्नु, नायकले उठाएर लैजानु, बन्द कोठाभित्र बन्दी बनाउनु, स्वतन्त्रता अपहरण गर्नु, दण्ड दिनु आदि जस्ता घटनाले पाठकमा करुणा, भय र क्षोभ उत्पन्न गराउँछ । म पात्र स्वतन्त्र भई

सकेपछि भने शान्त भाव वा पाठकीय प्रभाव परेको छ भने पुनः म पात्रको अवस्था बन्दी पूर्वकै हुनुले पाठकमा एक प्रकारको त्रासदी, करुणा र सम्वेदना जागृत हुन्छ । समग्रमा कथाको विषयवस्तुलाई उपयुक्त कार्य कारण शृङ्खलामा अगाडि बढाउने क्रममा आएका स्थान, काल र वातावरणले प्रस्तुत कथाको प्रभावकारिता र विश्वसनीयतामा बृद्धि गरेको छ ।

- **चिल**

प्रस्तुत कथाले कुनै स्वच्छ ग्रामीण पर्यावरणीय इलाकालाई कार्य पीठिका बनाएको छ । शमीको रुख, जङ्गल, नदी जस्ता पर्यावरणीय स्थलहरू यस कथामा आएका छन् । चिल लगायतका मांसाहारी जीवहरूले पछिल्लो समयमा बाँच्नका लागि गर्नु परिरहेको सङ्घर्षलाई देखाइएको छ । त्यसैले प्रस्तुत कथाको परिवेश अन्तर्गतको स्थान सार्वभौम वा सार्वदेशीय छ । त्यस्तै यस कथाको कालिक सन्दर्भ पनि अस्पष्ट छ । कथामा प्रस्तुत भएको केन्द्रीय कथनकाल भने तिन दिनको छ । तिन दिनको अवधि प्रस्तुत कथाको सम्पूर्ण कार्यव्यापार समाप्त भएको छ । चिल तिन दिनदेखि सिकार खोजेर उडिरहेको र तिन दिनपछि कहीँ सिकार नपाएर बचरा र आफ्नो दुवैको हत्या र आत्महत्या गर्ने मोडमा पुगेको छ । यसबाट प्रस्तुत कथाको कालावधि तिन दिनको रहको पुष्टि हुन्छ । त्यस्तै लेखनका हिसाबले प्रस्तुत कथा २०४२ सालमा लेखिएको हो । प्रस्तुत कथाको कालिक परिवेशसँग जोडिएर दिनरात, साँझ, विहान, हिजो, आज, जस्ता सन्दर्भ पनि कथामा आएका छन् । यी सबै तथ्यबाट प्रस्तुत कथा सार्वकालिक छ भन्ने प्रस्ट हुन्छ । प्रस्तुत कथाको वातावरण अत्यन्त कारुणिक छ । जुनसुकै पाठक पनि प्रस्तुत कथा पढेर सम्वेदित हुने गर्छ । चिलले तिनदिनसम्म भोकै बस्नु परेको, आफूसँगै आफ्ना नवजात शिशु भोकभोकै बस्नु परेपछि उत्पन्न भएको छटपटी, पीडा र तनाव आदि जस्ता कारणले पाठकबाट चिलले सहानुभूति प्राप्त गर्छ । चिलले बाँच्न पाउनु पर्छ र उसको बाँच्न पाउने अधिकार कसैले पनि खोस्नु हुँदैन भन्ने दृष्टिकोण पाठकमा जागृत हुने हुँदा प्रस्तुत कथाको वातावरण पाठकलाई विशेष प्रभाव पार्न सक्ने देखिन्छ । कतै खाने कुरा नभेट्टाएर आफ्ना बचरालाई मार्ने निर्णय गरेको चिलको क्रियाकलापले पाठक करुणामा द्रवीभूत हुन्छ । विषयवस्तुको प्रभावकारी प्रस्तुति र अभिव्यञ्जनाका लागि प्रस्तुत कथाको परिवेश विधान सक्षम रहेको छ ।

- **आत्माको हत्या**

प्रस्तुत कथाको स्थानिक र कालिक सन्दर्भ प्रस्ट रूपमा आएको छैन । यो कथा कुन स्थानमा घटित भयो र कहिले घटित भयो भनी कथामा प्रस्ट रूपमा उल्लेख गरिएको छैन । यस कथाको स्थानिक सन्दर्भमा सम्पादकको कार्यकक्ष रहेको छ । एउटै स्थानमा यो कथा सम्पन्न भएको छ । म पात्र अज्ञात स्थलबाट सम्पादकको पत्रिका प्रकाशित हुने कार्यालयमा गएको छ र उसले त्यही बसेर सम्पादकको प्रतीक्षा गरेको छ । यसका अतिरिक्ति उक्त कार्यालयको बाहिरी बगैँचा पनि रहेको छ । यस बाहेक अन्य स्थानिक सन्दर्भहरू यसमा आएका छैनन् । त्यस्तै प्रस्तुत कथाको कालिक सन्दर्भलाई हेर्दा यसको केन्द्रीय कथनकाल दुई-तिन घण्टा जतिको छ । म पात्र सम्पादकको कार्यालयमा आएर सम्पादकलाई प्रतीक्षा गरिरहेको र केही समय बित्दा पनि नआएको, ऊ फूलबारीतिर डुल्न गएको सम्मका कालावधिहरूले अनुमानित समय निधारित गर्छन् । त्यसबाहेक यस कथामा अन्य कुनै कालिक सन्दर्भहरू आएका छन् । यो कथाको प्रथम प्रकाशन २०२४ मा भएकाले त्यसभन्दा अगिको कालिक सन्दर्भ यस कथामा आएको छ । काल र स्थानका हिसाबले यो कथा स्वतन्त्र छ । स्थानको केवल अनुमानसम्म मात्र गर्न सकिन्छ । यो कथाले शहरी परिवेशलाई कार्यपीठिका बनाएको प्रस्ट हुन्छ । किनभने २०२४ सालभन्दा अगाडिको समयमा पत्रिकाको प्रकाशन शहर बाहेक अन्यत्र सम्भव थिएन । प्रस्तुत कथामा द्वन्द्वग्रस्त मानसिक अवस्था देखेर पाठक पनि मानसिक रूपमा उद्वेलित हुन पुग्छ । उसको नैतिक निष्ठा, क्रान्तिकारी जुझारूपन प्रति पाठकमा उत्साही भावना पैदा हुन्छ । उसको दयनीय आर्थिक अवस्था बाँच्नका लागि उसले गर्नु गरेको सङ्घर्ष आदिबाट पाठकमा सहानुभूति वा करुणा जागृत हुन्छ । बाध्य भएर उसले आफ्नो भावना र मूल्य विपरीतको पत्रिकामा जागिर खाने निर्णयमा पुग्दा पनि उसले पाठकबाट सहानुभूति पाउँछ । समग्रमा यस कथाको परिवेशले स्थानिक र कालिक पक्षमा प्रभावकारिता र विश्वसनीयता ल्याई कथाको आश्वादन र प्रभावोत्पादकतामा वृद्धि गरेको छ ।

- **सम्झौता**

प्रस्तुत कथामा परिवेश विधान अन्तर्गत स्थान र काल स्पष्ट रूपमा आएको छैन । स्थान अन्तर्गत यसले शहरी परिवेशलाई नै आफ्नो कार्यपीठिका बनाएको छ । निर्वाचन कार्यालय, प्रतिपक्षी दलको नेता जस्ता प्रसङ्ग यसमा आएकाले यसले शहरी परिवेश

अन्तर्गतका स्थानहरूलाई सङ्केत गरेको छ । यस कथाको प्रमुख कार्यकारी स्थल ‘क’ पात्रको घरको एउटा कोठा हो । त्यही स्थानिक सन्दर्भमा यो सम्पूर्ण कथा घटित भएको छ । ‘क’ पात्रको घरको एउटा कोठामा ‘ख’ लाई अघोषित बन्दी बनाइएको छ । त्यही स्थान नै यसकथाको मुख्य सन्दर्भ हो । त्यस्तै प्रसङ्गबाट आउने अन्य स्थानिक सन्दर्भहरूले पनि तत्कालीन घटनालाई नै पुष्टि गर्ने प्रयत्न गरेका छन् । त्यस्तै यस कथाको कालिक सन्दर्भ प्रस्ट रूपमा आएको छ । यस कथाको प्रत्यक्ष अवधि करिब एक घण्टा जतिको छ । ‘क’ दम्पति आएर ‘ख’ लाई भेटेदेखि ‘क’ ले ‘ख’ लाई करिब एक घण्टा धम्क्याएर चुनाव नलड्ने सम्झौता गरुन्जेलको कालावधि यस कथामा आएको छ । प्रस्तुत कथा २०४२ सालमा लेखिएकाले त्यसभन्दा अगाडिको पञ्चायति शासन व्यवस्थामा हुने गरेको नाम मात्रको चुनावी प्रसङ्गलाई कथाले सशक्त रूपमा प्रस्तुत गरेको छ । प्रस्तुत कथाको वातावरण अन्यन्त प्रदुषित र कोलाहलमय छ । शक्तिशालीले शक्तिहीनलाई बलपूर्वक सम्झौता गर्न बाध्य बनाइएको प्रसङ्गले कथाको आश्वादन कारुणिक र आक्रोसपूर्ण बन्न पुगेको छ । ‘क’ पात्रप्रति सहानुभूति प्राप्त हुन्छ । क का दम्भपूर्ण अभिव्यक्ति, उसका षड्यन्त्र, जालझेल र अनेक प्रपञ्चले पाठकमा घृणा भाव उत्पन्न भएको छ । ‘ख’ को असल चरित्र, प्रजाप्रेमी, शालीनता, जनताप्रति उत्तरदायी जस्ता कारणले पाठकमा ऊ प्रति सदभाव जागृत हुन्छ । समग्रमा प्रस्तुत परिवेश विधानले कथाको प्रभावकारितामा वृद्धि गरेको छ । कथाको पाठकीय प्रभावमा समेत वृद्धि भएको छ ।

- **अवतरण**

प्रस्तुत कथाले शहरी परिवेशलाई कार्यपीठिका बनाएको छ । यस कथामा प्रभावशाली राजनीतिज्ञको घर नै कार्यकारी स्थलका रूपमा आएको छ । श्री ‘स’ ज्यूको घर, उसले चढेको अग्लो ट्याङ्की आदि स्थानिक सन्दर्भका रूपमा आएका छन् । यस बाहेक कथामा अन्य कुनै स्थानिक सन्दर्भहरू आएका छैनन् । अतः प्रस्तुत कथाले सार्वभौम स्थान सङ्केत गरेको छ । त्यस्तै प्रस्तुत कथाको कालिक सन्दर्भ प्रस्ट रूपमा यस कथामा आएको छ । यस कथाको केन्द्रीय कथन काल एक डेढ घण्टाको रहेको छ । चुनाव हारेपछि पराजित मानसिकताको कारण अग्लो स्थानमा नेता बसी रहनु र जनतालाई हाम फालेर मर्ने सङ्केत दिनु र अन्त्यमा  जनताले प्रधानमन्त्री बनाइदिएको घोषणा गरेपछि भुइँमा उत्रनुसम्मको एक डेढ घण्टाको प्रत्यक्ष कथा कथनकाल यस कथामा आएको छ । तर प्रस्तुत कथाको कालिक सन्दर्भ धेरै अगाडिसम्म विस्तार भएको छ । नेताको पृष्ठभूमि राणाकाल, प्रजातन्त्रकाल र

पञ्चायत कालसम्म नै रहेको प्रसङ्ग यसमा आएकाले परिधीय कालिक सन्दर्भले भने निकै लामो समय ओगटेको छ । त्यस्तै प्रस्तुत कथाको वातावरण हास्यप्रद रहेको छ । नेताको सत्ता लिप्सा, आडम्बरी प्रवृत्ति र उसले चुनावको पराजय पछि देखाएका प्रतिक्रियाबाट पाठकहरूमा हास्य भावको सिर्जना हुन्छ । त्यस्तै उसको चरित्र र व्यवहारबाट पाठकमा घृणा र क्षोभ समेत उत्पन्न हुन्छ । समग्रमा प्रस्तुत कथाको परिवेश अन्तर्गतका स्थान, काल र वातावरणले कथाको प्रभावकारितामा वृद्धि गरेको छ ।

- **मैले लेख्न छाडिदिएँ**

प्रस्तुत कथाले शहरी परिवेशलाई कार्यपठिका बनाएको छ । नेपालगञ्ज यसको मुख्य स्थलका रूपमा आएको छ । त्यस्तै काठमाडौं शहरको प्रसङ्ग पनि यस कथामा रहेको छ । म पात्रको घर नेपालगञ्ज हो र उसको आफ्नै घरको एउटा कोठामा प्रस्तुत कथा सम्पन्न भएको छ । एक घण्टा जतिको प्रत्यक्ष कार्यकारी कालिक प्रसङ्ग यसमारहकौ छ । म पात्रको स्मृति सन्दर्भ अन्तर्गतको विख्यात प्रगतिवादी साहित्यकारको घटना सन्दर्भ पनि यसमा आएकाले यस कथाले ओगटेको समग्र समय भने केही वर्षको छ । त्यस्तै यतिका दिन, भोलि, पर्सि, अस्ति, अबदेखि, कहिल्यै, उकदिन, सधैँ जस्ता कालिक सन्दर्भहरूले पाठलाई विश्वसनीय र प्रभावकारी बनाएका छन् । प्रस्तुत कथा २०४१ सालमा प्रकाशित भएकाले त्यस भन्दा अगाडिको कालिक सन्दर्भ पनि यस कथामा जोडिएर आएको छ । त्यस समयको यावत् प्रसङ्गहरू पनि परिवेश अन्तर्गत प्रस्तुत कथामा तानिएर आएका छन् । यस कथाको वातावरण नैराश्यपूर्ण रहेको छ । समाजमा रहेको देखावटी र आडम्बरी चरित्रले समाज दिनानुदिन खोक्रो र मूल्यहीन बन्दै गएको कारण पाठकमा पनि नैराश्य भाव जागृत हुन्छ । त्यस्तै जसले आफूलाई श्रमजीवीको सच्चा पहरेदार मान्छ उसैले उसको श्रमशोषण गर्दा पाठकमा घृणाको भाव पैदा हुन्छ । त्यस्तै जनताका वास्तविक लेखकहरूले समाजका बेथितिहरूसँग जुध्न नसकेर लेख्न छाड्ने निर्णय गर्नुले पाठकमा नैराश्य जागृत हुन्छ । समग्रमा भन्दा प्रस्तुत कथा शहरी परिवेशलाई आधार बनाएर लेखिएको छ । नेपालगन्ज र काठमाडौंली सन्दर्भ यस कथाको परिवेशमा आएको छ र पाठकीय विशेष प्रभाव सिर्जना गर्न सक्षम रहेको छ ।

## ५.३ निष्कर्ष

बन्द कोठाहरूको शहरमा रहेका कथाहरूको परिवेश विधान यसप्रकार रहेको छ । मूल्य र मान्यता कथामा शहरी र ग्रामीण परिवेश दुबै परिवेश आएको छ । कार्यव्यापार घटित भएको स्थल सार्वभौम छ । कालिक सन्दर्भ प्रष्ट आएको छैन । प्रस्तुत कथामा मूलतः मानसिक वातावरण आएको छ । दायित्व कथामा मिथकीय परिवेश र व ास्तविक परिवेश आएको छ । मिथकीय परिवेशमा गौतम बुद्धको बुद्धत्व प्राप्त भएको परिवेश आएको छ । त्यस्तै वास्तविक परिवेशका रूपमा म पात्रले दायित्व बोध गरेको परिवेश आएको छ । यस कथाको स्थान सर्वदेशीय र समय सर्वकालिक रहेको छ । चकमन्न कथाले काठमाडां शहरलाई कार्यपीठिका बनाएको छ । स्थाना रूपमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रपाटी, एम्बेसडर होटल आदि आएका छन् । यस कथाको कालिक सन्दर्भ करिब २४ घण्टाको छ । नातासम्बन्ध कथाले काठमाडौंलाई कार्यपीठिका बनाएको छ । यो कथा मूलतः अर्थसचिव चापागार्यको घरमा घटेको छ । त्यस बाहेक उमाको माइती गाउँ, होटल प्यागोडा आर्यघाट आदि स्थानहरू आएका छन् । निर्णय कथामा ग्रामीण परिवेश आएको छ । प्रत्यक्ष सन्दर्भमा विकासको घर,विमलाको घर स्थानिक परिवेशको रूपमा रहेको छ । स्वीकारोक्ति कथाले काठमाडौंका सभ्रान्त सिंह परिवाको एउटा कोठालाई स्थानिक कार्यपीठिका बनाएको छ । एक घण्टाको मात्र कालिक परिवेश आएको छ । आशीर्वाद कथामा सर्वदेशीय स्थान परिवेशको रूपमा रहेका छ । प्रस्तुत कथा करिब दश मिनेटको कालावधिमा घरको एउटा कोठामा घटित भएको छ । क्रसमा झुन्ड्याइएको जिन्दगी कथा शहरी परिवेशमा लेखिएको छ । काठमाडौं शहर, म पात्रको काम गर्ने प्राइभेट फर्म, होटल मेडेन, कलेज, म पात्रको घर स्थलकका रूपमा आएका छन् । कथनकाल केही वर्षको रहेको छ । भोक कथाले शहरी परिवेशलाई कार्यपीठिका बनाएको छ । यस कथामा कुनै घरको एउटा भान्साकोठा स्थानको रूपमा रहेको छ । प्रस्तुत कथाले करिब बाह्र घण्टा जतिको कालिक परिवेशलाई ओगटेको छ । बन्द कोठाहरूको शहर कथाले शहरी परिवेशलाई कार्यपीठिका बनाएको छ । अज्ञान शहर, नायक बस्ने स्थान, स्डक, गल्ती, चोक आदि स्थलको रूपमा आएको छ । कथाको वर्णनका क्रममा आउने दिन, रात, विहान, घण्टा, सधैं जस्ता कालिक सन्दर्भले विषयवस्तुलाई प्रभावकारी बनाएको छ । चिल कथाले कुनै स्वच्छ ग्रामीण पर्यावरणीय इलाकालाई कार्यपीठिका बनाएको छ । शमीको रुख, जङ्गल, नदी जस्ता पर्यावरणीय स्थलहरू कथामा आएका हुन् । प्रस्तुत कथाको कालिक सन्दर्भ पनि अस्पष्ट छ । त्यसैले

प्रस्तुत कथाको परिवेश सर्वदेशीय र सर्वकालिक रहेको छ । आत्माको हत्या कथामा सर्वदेशीय र सर्वकालिक परिवेश आएको छ । सम्झौता कथामा परिवेश विधानअन्तर्गत स्थान र काल स्पष्ट रूपमा आएको छैन । निर्वाचन कार्यालय, प्रतिपक्षी दलको नेता जस्ता प्रसङ्ग यसमा आएकाले शहरी परिवेशको सङ्केत गरेको छ । प्रस्तुत कथाको वातावरण अत्यन्त प्रदुषित र कोलाहलमय छ । अवतरण कथाले शहरी परिवेशलाई कार्यपीठिका बनाएको छ । श्री 'स' ज्यूको घर, पानी ट्याङ्की स्थानगत सन्दर्भका रूपमा आएको छ । प्रस्तुत कथाले सार्वभौम स्थान र सर्वकालिक समयलाई सङ्केत गरेको छ । मैले लेख्न छाडिदिएँ कथाले शहरी परिवेशलाई कार्यपीठिका बनाएको छ । नेपालगञ्ज यसको मुख्य स्थलको रूपमा आएको छ । त्यस्तै काठमाडौं शहरको प्रसङ्ग पनिछ । करिब १ घण्टा जतिको कालिक प्रसङ्ग यस कथामा रहेको छ । यस कथाको वातावरण नैराश्यपूर्ण रहेको छ ।

प्रस्तुत कथासङ्ग्रहमा रहेका कथाहरू शहरी, ग्रामीण र मिथकीय परिवेशमा रचिएका छन् । कतिपय कथाहरूमा निश्चित स्थान र समयको प्रयोग भएको छ । कतिपय कथाहरू सार्वभौम स्थान र सर्वकालिक परिवेशमा रचिएको छ । दायित्व कथामा गौतम बुद्धको बुद्धत्व प्राप्त भएको परिवेश मिथकीय रूपमा आएको छ । कथावस्तु र त्यसले बोकेको उद्देश्यसँग परिवेश विधानले मेल खाएकाले परिवेश विधान सफल रहेको पुष्टि हुन्छ ।

## छैटौं परिच्छेद

# बन्द कोठाहरूको शहर कथा सङ्ग्रहको दृष्टिविन्दु एवम् सारवस्तु विधान

## ६.१ दृष्टिविन्दु एवम् सारवस्तुको परिचय

कथा विधाको महत्त्वपूर्ण घटक दृष्टिबिन्दु हो । कथा कसरी भनिएको छ भन्दा पनि कसले भन्दैछ भन्ने कुरासँग दृष्टिबिन्दु गाँसिएको छ । कुनै कथयिताले आफू नै औपन्यासिक कथानकमा बसेर बोल्ने अनुमति पाएको हुन्छ भने कतै सानो ढोकाबाट देखिएका कुराहरू र कतै सम्पूर्णत : ओकल्ने छुट पाएको हुन्छ (बराल र एटम, २०६६ : ३५) ।

### अ) आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु

कथामा दृष्टिबिन्दु पात्र प्रथम पुरुषको रूपमा रहेमा आन्तरिक दृष्टिबिन्दुका हुन्छ । आन्तरिक दृष्टिबिन्दु पनि केन्द्रीय र परिधीय गरी दुई प्रकारका ाछन् । प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुमा स्वयम् कथाकार वा अरू कुनै पात्र 'म' को रूपमा मुख्य पात्र रही कथामा प्रस्तुत हुन्छ । परिधीय दृष्टिबिन्दुमा चाहिँ 'म' पात्र त रहन्छ तर कथामा त्यसको स्थान कि त गौण रहन्छ कि तटस्थ । यस्तो दृष्टिविन्दुमा लेखिएको कथामा मुख्य कथाको केन्द्र अर्कै पात्र बनेको हुन्छ र 'म' पात्रले त्यही पात्रलाई केवल प्रस्तुत गर्ने माध्यम भएर भूमिका खेल्दछ (श्रेष्ठ ;२०५७ : १०) ।

### आ) बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दु

तृतीय पुरुष दृष्टिविन्दुका हकका कथावाचक 'ऊ' पात्र कथाका अन्य पात्र घटनाको बारेमा नालीबेली लगाउन सक्षम छ भने त्यो सर्वज्ञात दृष्टिबिन्दु हुन्छ । तर आफैं स्वयम् यावत् स्थितिका बारेमा जानकारी राख्न नसकेर अन्य पात्रबाट जानकारी प्राप्त गर्छ भने त्यो सीमित दृष्टिबिन्दु हुन्छ । यदि तृतीय पुरुष पात्रको प्रयोगमा कथाकार निरपेक्ष रहन्छ र पात्रलाई मात्र क्रियाव्यापारमा संलग्न गराउँछ भने त्यहाँ वस्तुगत दृष्टिबिन्दु हुन्छ (पौडेल; २०६५ : २१) । दृष्टिबिन्दु जुनसुकै भए तापनि त्यसको प्रयोजन भनेको कथामा आएको पात्रलाई चिनाउनु नै हुन्छ ।

कथा पढि सकेपछि जुन कुराको बोध पाठकले गर्दछ, वा सन्देश प्राप्त गर्दछ त्यही विचारतत्व हो, सारवस्तु हो । त्यसैले सारवस्तु वा विचारतत्व महत्त्वपूर्ण उपकरण हो । विचारतत्व वा सारवस्तुविना कथा लेखिनु सम्भव छैन कथाकारले कथामार्फत साररूपमा

सम्प्रेषण गरेको कथ्य नै सारवस्तु हो (पौडल, २०६५ : १६) । कथाको उद्भवको बीज र उद्देश्य वा परिणति पनि सारवस्तु नै हो । यसले लेखकको जीवन दर्शनको भार पनि बहन गरेको हुन्छ । सारवस्तुलाई सिधै उपदेशका रूपमा व्यक्त गरियो भने त्यसको कथाको कलात्मक मूल्य घटाउँछ । त्यसको साटो कथाको प्रत्येक पक्षमा सारवस्तु फिँजाएर प्रस्तुत गरियो भने त्यसले पाठकलाई कथाका प्रत्येक पक्ष प्रति सचेत बनाउँछ (बराल र एटम्, २०६६ : १२) ।

सारवस्तु/विचारतत्व बिहीन भएका आधुनिक कथाहरू प्राय : हुँदैनन् । कतिपय कथाहरूमा प्रत्यक्ष सारवस्तु पाइन्छ भने कतिपयमा अप्रत्यक्ष वा नाटकीकरण गरेर सारवस्तु प्रस्तुत गरिएको हुन्छ । यसकारण कथाको सफल प्रयोजनका निम्ति पनि सारवस्तुको आवश्यक हुन्छ ।

## ६.२ दृष्टिविन्दु एवम् सारवस्तु विधान

- **मूल्य र मान्यता**

प्रस्तुत कथा बाह्य दृष्टिविन्दुमा लेखिएको छ । समाख्याताले कथाभन्दा बाहिरै बसेर सम्पूर्ण कथाको नालीबेली लगाएको छ । पात्र पात्रको संवादका क्रममा भने दृष्टिविन्दु परिवर्तन भएको छ । यस्तो अवस्थामा प्रथम पुरुष र द्वितीय पुरुष दृष्टिविन्दुको सिर्जना हुन पुगेको छ । पात्रहरूको समाख्यानगत प्रकार्यको अवस्था बाहेक उनीहरूको वर्णन, क्रियाकलापप्रति टिप्पणी र मूल्याङ्कनका क्रममा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यसको उदाहरूणका लागि निम्न साक्ष्यलाई अगि सार्न सकिन्छ :

"सामुन्नेको खोपामा रहेको थोत्रो घडी क्रिँ क्रिँ क्रिँ गरेर कर्कटा स्वरमा चिच्याउँछ । निकैबेरको त्यो ध्वनि सुनेर पनि अटेरी भएर श्रीधर बाजे सिरक तान्छन् ।" (पृ. १)

यस साक्ष्यबाट प्रस्तुत कथामा पात्र प्रत्यक्ष रूपमा आफ्नो वा अरूको कथा भन्न नआई बाहिरै बसेर समाख्याताले कथा भनिरहेको प्रस्ट हुन्छ । प्रस्तुत कथामा दृष्टि केन्द्री पात्रका रूपमा श्रीधर रहेको छ । उसैलाई यस कथामा केन्द्रित गरेर उसका समग्र क्रियाकलाप नियाल्ने प्रयत्न गरिएको छ । अतः यस कथाको सङ्केन्द्रीकृत पात्रका रूपमा वा दृष्टिकेन्द्री पात्रका रूपमा श्रीधर रहेको छ । प्रस्तुत कथामा श्रीधरलाई समाख्याताले ज्यादा महत्त्व दिएको र उसकै क्रियाकलापको सूक्ष्म निरीक्षण गरेकाले तृतीय पुरुष सीमित दृष्टिविन्दु भएको कथाका रूपमा **मूल्य र मान्यता** कथा रहेको छ ।

युवा पुस्तामा बढ्दै गएको अराजक विचारले समाजमा नकारात्मक असर पार्दछ । प्रस्तुत कथामा जयन्त र मीराले प्रतिनिधित्त्व गरेको युवा पुस्ता आफ्नो आदर्श मूल्य र मान्यताबाट स्खलित हुँदै गएको छ । आफ्नै आमाबाबु देखेर लाज हुने, आफ्नो समाजमा सदियौंदेखि चलेर आएका मूल्य र आदर्शहरूको निषेध गर्ने जस्ता नैतिकता विरोधी क्रियाकलापले समाजलाई कसरी परिवर्तन गर्न सक्छ र त्यसरी परिवर्तित भएको समाजमा स्थापित हुने मूल्यले कस्तो महत्त्व राख्छ भन्ने दृष्टिकोणलाई महत्त्वका साथ उल्लेख गरिएको छ । परीक्षामा चिट चोर्न पाउनुपर्छ, परीक्षा नलेखी पास हुन पाउनुपर्छ, सुकिला मुकिला भएर सुट पेन्ट नलाउने बाबुआमा बाबुआमा नभएर नोकर चाकर हुनु, सदियौँदेखि आफूले भनि आएको संस्कार मान्नु ढोङ्ग हो भन्ने दृष्टिकोण युवापुस्तामा विकसित भएकाले त्यसले समाजलाई अराजक र विखण्डित तुल्याउँछ भन्ने दृष्टिकोण प्रस्तुत भएको छ । आधुनिकताका नाममा सभ्यताविरोधी र अराजक हुनु हुन्न भन्ने दृष्टिकोण सारवस्तुका रूपमा निष्पन्न भएको छ । यो सारवस्तु विचार वाक्यका रूपमा नआएर प्रच्छन्न रूपमा आएको छ ।

- **दायित्त्व**

प्रस्तुत कथामा आन्तरिक दृष्टिविन्दु रहेको छ । म पात्र स्वयम् समाख्याताका रूपमा कथामा उपस्थित भएर कथा भनेको छ । उसको अनुभव, दृष्टिकोण र आफ्नै जीवन प्रतिको मूल्याङ्कन यस कथामा आएको छ । उसैले जीवनलाई दायित्त्वको बोझ बिसाउने चौतारीको रूपमा विश्लेषण गरेकाले टिप्पणीकर्ताका रूपमा समेत आएको छ । यस कथामा म पात्र नै केन्द्रीय पात्रका रूपमा आएको छ । तर पात्र यस कथाको केन्द्रीय उद्देश्य नभएर उसका माध्यमबाट विचार प्रवाहित भएको छ । त्यसैले जीवनलाई दायित्त्वका रूपमा परिभाषित गरिएकाले यसको केन्द्रीय दृष्टिविन्दुगत कथन चाहिँ विचार नै हो । प्रस्तुत कथामा म पात्रले आफ्ने जीवनको कथा भनेकाले दृष्टिकेन्द्री पात्र पनि आफैँ रहेको छ । अतः प्रस्तुत कथा आन्तरिक केन्द्रीय दृष्टिविन्दुमा लेखिएको कथा हो ।

मान्छे परिस्थितिसँगै आफ्नो दायित्त्व बहन नगरी सुख पाउँदैन । व्यक्ति दायित्त्वबाट भागेर कहिल्यै स्वतन्त्र हुन सक्दैन । उसलाई परिवार र समाजको दायित्त्वले सदैव नियन्त्रण गरिरहन्छ भन्ने सारवस्तु यस कथाबाट निष्पन्न भएको छ । म पात्र पनि अनेक पारिवारिक दायित्त्वलाई बोक्न विवश भएको र ऊ चाहेर पनि बुद्ध जस्तै दायित्त्वविहीन हुन नसकेको दृष्टिकोण आएको छ । व्यक्तिलाई परिवार र समाजले थोपरीदिएको जिम्मेवारी बहन गर्दा

गर्दा कहिल्यै फुर्सद नहुने र दायित्त्व पुरा गर्दा गर्दै आफ्नो अस्तित्व नै गुम्ने प्रसङ्ग पनि सारवस्तुका रूपमा आएको छ । मान्छे समाजमा जन्मेपछि कुनै न कुनै दायित्त्व हुन्छ र त्यो दायित्त्वलाई उसले पुरा गर्नुपर्छ भन्ने सारवस्तु प्रच्छन्न रूपमा यस कथामा रहेको छ ।

- **चकमन्न**

प्रस्तुत कथा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । समाख्याता कथाभन्दा बाहिरै बसेर यस कथाको नालीबेली लगाएको छ । यस कथाको दृष्टिविन्दुलाई देखाउन पहिलो वाक्यलाई अगि सार्न सकिन्छ । “आफ्नो सुटकेस भन्सार चेकपोस्टमा चेक गराएर महेश एयरपोर्ट बाहिरियो” (पृ. १७) । यस साक्ष्यले प्रस्तुत कथा बाह्य दृष्टिविन्दुमा लेखिएको पुष्टि गर्छ । समाख्याताले चरित्रलाई संवाहकको भूमिका दिएर थप चरित्र चित्रणको प्रयास गरेको छ । प्रयास गरेको छ । पात्र पात्रको संवाहका क्रममा भने प्रथम पुरुष र द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । समाख्याता नै यस कथामा पात्रको मूल्याङ्कनकर्ता, टिप्पणीकर्ता, पात्र प्रतिको आफ्नो दृष्टिकोणको प्रस्तुतकर्ताका रूपमा आएको छ । यस कथामा महेशलाई मुख्य रूपमा केन्द्रीकृत गरिएको छ । उसकै क्रियाकलापको सूक्ष्म रूपमा निरीक्षण गरिएको छ । अतः यस कथाको दृष्टिकेन्द्री पात्रका रूपमा महेश रहेको छ । त्यसैले प्रस्तुत कथा तृतीय पुरुष सीमित दृष्टिविन्दुमा लेखिएको छ । यही दृष्टिविन्दुका कारण यस कथाको समग्र प्रभावमा वृद्धि भएको छ ।

प्रतिष्ठा प्राप्त गर्ने आधारका रूपमा पैसालाई मात्र अधिक महत्त्व दिई अस्वस्थ रूपमा पैसा आर्जन गर्ने प्रवृत्तिले जटिल सामाजिक समस्या निम्त्याउँछ । पैसा मात्र सामाजिक प्रतिष्ठा प्राप्त गर्ने आधार होइन । प्रस्तुत कथामा महेशको परिवारले अर्थलाई सामाजिक प्रतिष्ठा प्राप्त गर्ने आधारका रूपमालिएको छ र पैसा कमाउन अत्यन्त निम्न स्तरको कार्य गरेको छ । महेशको बाबुले आफ्नी श्रीमती र छोरीलाई पैसाका लागि यौनकर्मी बनाएको छ । छोरी अन्ना पढाइ छाडेर परपुरुषसँग दिन र रात बिताउने गरेकी छे । आमा आमा नभएर एउटी वेश्यालयकी मालिक्नी जस्तै भएकी छे । यसबाट महेश आफ्नो परिवार अत्यन्त दूषित भएको महसुस गरेको छ । वास्तवमा पैसा मानिसका लागि आवश्यक वस्तु हो । तर यसको आर्जनको प्रक्रिया स्वस्थ हुनु पर्छ भन्ने सारवस्तु यस कथामा रहेको छ । यस्तो सारवस्तु विचार वाक्यका रूपमा नभएर प्रच्छन्न रूपमा आएको छ । अस्वस्थ आर्थिक क्रियाकलापले परिवार र समाजलाई विषाक्त बनाउँछ । यही सार विचारका रूपमा आएको छ ।

- **नाता सम्बन्ध**

प्रस्तुत कथा तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको छ । यस कथाको समाख्याता कथाभन्दा बाहिरै बसेर सम्पूर्ण कथाको नालीबेली लाएको छ । ठाउँठाउँमा पात्रहरूलाई संवादको अवसर दिएकाले पात्रको संवादका क्रममा दृष्टिविन्दुमा विविधता थपिएको छ। तल उल्लिखित साक्ष्यबाट प्रस्तुत कथा बाह्य दृष्टिविन्दुमा लेखिएको छ भन्ने कुरा पुष्टि हुन्छ।

❍ “अर्थ सचिव चापागाईं उमीसँग जिस्कदा जिस्कदैं एक्कासी मुटु समाएर छटपटाउन थाले” (पृ. २८)।

यस साक्ष्यले प्रस्तुत कथा तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको छ भन्ने कुरा देखाउँछ । यस कथाको समाख्याता पात्रहरूको टिप्पणी गर्ने, उनीहरूको मूल्याङ्कन गर्ने, पात्रहरूलाई नै आपसमा कुरा गर्न लाएर कथामा स्वाभाविकता ल्याउने काममा संलग्न छ। समाख्याताले मूलतः उमी, उद्धव र कट्टेलको क्रियाकलापलाई कथामा विशेष जोड दिँदै समावेश गरेको छ । अतः यस कथाको दृष्टिकेन्द्रमा यी तिन चरित्रहरू र तिनीहरूका माध्यमबाट व्यक्त गर्न खोजिएको वैचारिक निष्कर्ष आएको छ । यी तिन पात्रलाई समाख्याताले बराबर समय दिई निकै महत्त्वका साथ प्रस्तुत गरेकाले यस कथाको दृष्टिविन्दु सर्वज्ञ रहेको छ। बाह्य सर्वज्ञ दृष्टिविन्दुको प्रयोगबाट आधुनिक समाजमा बढ्दै गएको मानवीय मूल्यको स्खलनगत वैचारिक निष्कर्षलाई प्रस्तुत गरिएको छ।

प्रियजनको मृत्युको घडी एउटा संवेदित अवस्था हो, त्यस्तो अवस्थामा निहित र कुत्सित स्वार्थ राखेर दिवङ्गत व्यक्तिको अपमान गर्नु हुँदैन । बाँचुन्जेल पनि दुःख दिने र मरेपछि प्रति कुभलो चिताउने आधुनिक समाज विकृत बन्दै गएकाले मानवीय संवेदनायुक्त मानिसको खोजी नै यस कथाको वैचारिक निष्कर्ष हो। लोग्ने मर्न नपाउँदै उसको सम्पत्ति आफ्नो कन्तुरमा हाल्ने स्वास्नी, बाबुको मृत्युमा परस्त्रीसँग मनोरञ्जन गर्न नपाउँदा रिसाउने छोरो, चाकरी गरी आफ्नो स्वार्थ पुरा गर्न पल्केको कट्टेल आदिका माध्यमबाट समाज निकै जटिल मोडमा पुगेकाले भविष्यको विसङ्गत र संवेदनारहित समाजको परिकल्पना समेत यस कथाले गरेको छ। मानवीय मूल्य स्खलित हुनु हुँदैन। सम्पत्तिको आशमा मात्र मानवीय सम्बन्ध स्थापित गरिनु हुन्न र शोकको घडीमा एक छिन धैर्यतापूर्वक शोक प्रकट गर्न सक्नुपर्छ भन्ने दृष्टिकोण र वैचारिक निष्कर्ष सारवस्तुका रूपमा प्रस्तुत कथामा निष्पन्न

भएको छ । यस्तो सार विचार वाक्यका रूपमा नभएर प्रच्छन्न रूपमा कथाभरि छरिएर आएको छ ।

- **निर्णय**

प्रस्तुत कथा बाह्य दृष्टिविन्दुमा लेखिएको छ । समाख्याता कथाभन्दा बाहिरै बसेर कथाका पात्रहरूको मूल्याङ्कन गर्ने, टिप्पणी गर्ने, तुलना गर्ने काम गरेको छ । यस कथाको पहिलो वाक्यलाई दृष्टिविन्दु निर्धारण गर्ने आधारका रूपमा लिन सकिन्छ । "विमली आज आफ्नो जीवनको सम्पूर्णतालाई छोडेर आएकी छे" (पृ. ४१) भन्ने कथांशमा बाह्य दृष्टिविन्दुको प्रयोग भएको छ । पात्र पात्र बिचको संवादका क्रममा भने प्रथम र द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यस कथामा विमलालाई समाख्याताले विशेष महत्त्व दिएको छ । उसका सम्पूर्ण क्रियाकलापहरूको वर्णन यस कथामा भएको छ । त्यसैले विमला यस कथामा समाख्याताको विशेष वर्णनीय पात्रका रूपमा आएकी छे । यस कथाको सङ्केन्द्रीकृत पात्र पनि विमला नै हो । यस  कथामा त्यस्तो सङ्केन्द्रीकृत दृष्टिविन्दु विमला पात्र र त्यसमा पनि उसले प्रस्तुत गरेको विचारमा केन्द्रित छ । आफ्नो अस्तित्व गुमाएर फगत् अर्काको अस्तित्वका लागि मानिसले बाँच्नु पर्छ भन्ने वैचारिक निष्कर्ष विमलाका माध्यमबाट यस कथामा सङ्केन्द्रीकृत भएर आएको छ । त्यसैले तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको प्रस्तुत कथा सीमित पात्रको क्रियाकलाप र वर्णनमा केन्द्रित छ ।

मानिसले निर्णय गर्ने बेलामा विचार पुऱ्याउनु पर्छ । जीवन मानिसले सोचेजस्तो सरल छैन । नियतिका अनेक चपेटामा परेर आफ्नो खुसीका लागि अरूको दुःख ग्रहण गर्न मान्छे बाध्य हुन्छ । विमलाले जुन सुन्दर संसार देखेकी थिई ती सबै तासको घरझैं भताभुङ्ग भए र दिदीका छोराछोरीको रक्षार्थ आफ्नै भिनाजुसँग विवाह गर्न बाध्य भई । यस तथ्यले मानिस अनेक समस्याको समाधान गर्दा गर्दै आफ्नो सुख र खुसीलाई बिर्सन्छ भन्ने कुरा प्रस्ट हुन्छ । जीवनमा कुनै निर्णय गर्नु अघि विचार गर्नु पर्छ । आवेशमा ठिक लागेको कुरा कालान्तरमा गएर जीवनकै आँसु बन्न सक्छ । विमलाले दिदीको खुसीका लागि गरेको निर्णय सुहागरातकै दिनदेखि आँसुमा परिणत भएको छ । यस्ता तथ्य विचार वाक्यका रूपमा नआएर कथाभरि छरिएका अनेक प्रसङ्ग र घटनाक्रमबाट पुष्टि भएकोले विचार वाक्यात्मक सारवस्तु नभएर प्रच्छन्न किसिमको सारवस्तु यस कथाबाट निष्पन्न भएको छ ।

- **स्वीकारोक्ति**

प्रस्तुत कथा तृतीय पुरुष दृष्टिविन्दुमा संरचित छ । समाख्याता समाख्यान भन्दा बाहिरै बसेर कथा भनेको छ । समाख्याताले पात्रका बारेमा टिप्पणी गर्ने, मूल्याङ्कन गर्ने, निर्णय दिने, तुलना गर्ने जस्ता अनेक कार्यबाट यस कथाको कार्यव्यापारलाई अगाडि बढाएको छ । यसको साक्ष्यका लागि तलको कथांशलाई उल्लेख गर्न सकिन्छ :

- "दिनेश आमालाई हेर्छ तरल, स्निग्ध र सौम्य अनुहार, आँखामा एउटा ज्योति" (पृ. ५०)
- "ऊ आमाको स्वीकारोक्ति सहने क्षमता नदेखेर स्वयम् आफू नै त्यसलाई सहन तम्सिन्छ र बिस्तारै आमालाई उठाएर ओछ्यानतिर बढ्छ" (पृ. ५३) ।

माथि दिइएका दुई वटा साक्ष्यहरू प्रस्तुत कथाका पहिलो र अन्तिम वाक्यहरू हुन् । यी दुई वाक्यहरूलाई साछी राख्दा प्रस्तुत कथा तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको पुष्टि हुन्छ । समाख्याताको विशेष झुकाव दिनेशमा पर्न गएको छ । उसको फरक चरित्रमा समाख्याताको दृष्टि पर्न गएको छ । त्यसैले दिनेश यस कथाको सङ्केन्द्रीकृत पात्र हो । ऊ यस कथाको दृष्टिकेन्द्री पात्र हो । त्यसैले यो कथा सर्वत्र नभएर बाह्य सीमित दृष्टिविन्दु भएको कथा हो । समाख्याता तटस्थ बसेर पात्रहरूको समग्र क्रियाकलापको वर्णन यसमा भएको छ ।

सत्य जतिसुकै तितो र पीडादायी भए पनि मानिसले सत्यलाई स्वीकार गर्नु पर्छ । जीवन र सत्यबाट भागेर कहीँ पनि आत्मिक शान्ति मिल्न सक्दैन । दिनेशले आमालाई आफ्नो सामाजिक आडम्बरको खोल हटाउन बारम्बार आग्रह गरेको छ । सामाजिक आडम्बर, आदर्श र भ्रममा बाँचेकी आमालाई उसले वास्तविक जीवनसँग परिचित गराउन चाहेको छ । आफ्नो बाबु जीवित छ भन्ने थाहा हुँदा हुँदै मरिसकेको तथाकथित बाबुलाई बाबुका रूपमा स्वीकार्न नसक्नुलाई सारवस्तुका रूपमा लिइएको छ । मानिस आडम्बर र खोक्रो आदर्शमा होइन वास्तविक यथार्थमा रमाउन सक्नु पर्छ तब मात्र मानवीय मूल्य एवम् अस्तित्वको रक्षा हुन सक्छ भन्ने सारवस्तु यस कथाबाट प्राप्त भएको छ । यस्तो सारवस्तु कथामा विचार वाक्यमा रूपमा नभएर प्रच्छन्न रूपमा कथाभरि छरिएर आएको छ ।

- **आशीर्वाद**

प्रस्तुत कथा आन्तरिक दृष्टिविन्दुमा लेखिएको छ । समाख्याता स्वयम् म पात्रका रूपमा कथामा आएको छ । समाख्याता म पात्रले अरूका बारेमा नभएर आफ्नै बारेमा कथा भनेको छ । त्यसैले यस कथाको दृष्टिकेन्द्री पात्र म नै रहेको छ । उसले आफ्ना सबै स्वभाव, रुचि, विशेषता, अनुभव पाठक समक्ष प्रस्तुत गरेको छ । आफू वैवाहिक कार्यक्रममा सुरुदेखि अन्त्यसम्म नै बस्न नसक्नु, आशीर्वाद दिन नसक्नु आदिको कारण बताइएको छ । त्यसैले आफ्नै कथा भन्न समाख्याता आएकाले आन्तरिक केन्द्रीय दृष्टिविन्दु रहेको कथाका रूपमा आशीर्वाद कथा रहेको दृष्टिविन्दुको प्रयोग यस कथामा सार्थक छ ।

कुनै पनि नारी आफ्नो मातृत्वमाथि भएको आघात सहन सक्तिन । आफ्नो सन्तानप्रति माताले अपार ममता सौचेर राखेको हुन्छे । यहि त्यस्तो ममता कुनै मूल्यमा पनि खण्डित भयो भने नारीलाई असह्य हुन्छ र त्यसको विरोधमा उत्रन्छे भन्ने सन्दर्भलाई यस कथाले देखाउन खोजेको छ । आफ्नी छोरीको कन्यादानमा आफू हुँदाहुँदै पनि सरिक नगराइएपछि म पात्रले त्यसलाई सहन सकेकी छैन र त्यसको प्रतिरोधमा उत्रिएकी छे । त्यसैले नारीको मातृत्वसँग सम्बन्धित भएर अपमान गर्ने उसको संवेदनासँग खेल्ने अधिकार कसैलाई पनि छैन । यस्तो सारवस्तु विचार वाक्यका रूपमा नभएर कथाभरि छरपस्ट भएका विविध प्रसङ्ग र घटनाका आधारमा निष्पन्न भएको हुनाले प्रच्छन्न रूपमा रहेको छ ।

- **क्रसमा झुन्ड्याइएको जिन्दगी**

प्रस्तुत कथा आनतरिक दृष्टिविन्दुमा लेखिएको छ । समाख्याता स्वयम् म पात्रका रूपमा कथामा उपस्थित भएको छ । म पात्रले अरूका बारेमा कथा नभनेर आफ्नै बारेमा कथा भनेको छ । आफ्ना बारेमा टिप्पणी, मूल्याङ्कन, अनुभव आदि प्रस्तुत गरेको छ । यस कथाको दृष्टिकेन्द्री पात्र पनि म नै हो । उसले आफ्नै विचारलाई कथाको केन्द्रीय अभ्युद्देश्य बनाएर प्रस्तुत गरेको छ । म पात्रको सङ्केन्द्रीयतामा आर्थिक अभावको कारण व्यक्तिको जीवनमा आइपर्ने अप्ठेरा र जीविकोपार्जनका बाध्यतालाई देखाइएको छ । त्यसैले प्रस्तुत कथा प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुमा लेखिएको छ ।

व्यक्तिले आफ्नो योग्यता अनुसारको रोजगारी पाउनु पर्छ । यदि आफ्नो योग्यता र क्षमता अनुसारको रोजगारी व्यक्तिले नपाएमा उसको जीवनमा विभिन्न आर्थिक समस्याका मोडहरू आइपर्छन् । यस्ता समस्याले व्यक्तिको जीवनलाई नकारात्मकतातिर लैजान्छ । म

पात्रले परिवारका आर्थिक दायित्त्वको बोझलाई उठाउन यौनकर्मी जस्तो घृणित पेसा अपनाउनु परेको छ । क्लर्कको सामानय जागिरले उसको आर्थिक अवस्थालाई सुधार गर्न नसके पछि उसले बाध्य भएर यौनकार्यमा संलग्न हुनुपरेको छ । व्यक्तिले योग्यता अनुसारको रोजगारी नपाएमा जीवन वृत्तिका लागि जस्तो सुकै मूल्य चुकाउन पनि विवश हुन्छ भन्ने सारवस्तु प्रच्छन्न रूपमा प्रस्तुत कथामा निष्पन्न्न भएको छ ।

- **भोक**

प्रस्तुत कथा तृतीय पुरुष दृष्टिमा संरचित छ । ऊ पात्रसँग सम्बन्धित घटनालाई समाख्याताले प्रस्तुत गरेको छ । यसको समाख्याता कथाभन्दा बाहिरै छ । कथाभन्दा बाहिरै बसेर उसले पात्रका समग्र गतिविधिलाई सूक्ष्मताको साथ निरीक्षण गरेको छ । प्रस्तुत कथाको दृष्टिविन्दु छुट्याउने आधारका रूपमा तलका साक्ष्महरूलाई अगि सार्न सकिन्छ :

- "ऊ रोटी पकाउँदै थिई । घर धन्दा गर्न आइमाईकी सानी छोरी सँघारनेर उभिएर एकटक उसले रोटी पकाएको हेरिरहेकी थिई" (पृ. ६५) ।

माथिको साक्ष्यले प्रस्तुत कथा तृतीय पुरुष/बाह्य दृष्टिबिन्दुमा लेखिएको पुष्टि हुन्छ । समाख्याताले ऊ पात्र र सानी केटीको स्वभाव र विशेषतारु प्रस्तुत गरेको छ । समाख्याता कथामा टिप्पणीकर्ता मूल्याङ्कन कर्ता, तुलनाकर्ता रूपमा दृष्टि पुऱ्याएको छ । यति हुँदा हुँदै पनि समाख्याताको विशेष रुचि बालिका प्रति पर्न गएको छ । बालिका भोकबाट प्रभावित रहेकाले उसको कलाकारिता भोकमा आधारित छ भन्ने विचारलाई यस कथाले सङ्केन्द्रिकृत विषयका रूपमा प्रस्तुत गरेको छ । अतः प्रस्तुत कथा तृतीयपुरुष सर्वज्ञ दृष्टिबिन्दुमा आधारित छ । बालिका र ऊ पात्र दुवैको स्वभाव, विशेषता र रुचिको वर्णन समान रूपमा कथामा गरिएको छ ।

भोक मूल मानवीय पक्ष हो र भोकबाट नै मानिसले प्रगति गर्न सक्छ । मानिसले भोकलाई शमन गर्न अनेक किसिमका क्रियाकलापमा उद्यत हुन्छ । यदि भोक नुहुँदो हो त मानिसले आक्रान्त भएर मुछेको पिठोबाट माछा, कुखुरा लगायतका उपभोग्य वस्तुहरू बनाई तिनको उपयोग गरेकी छे । ऊ अघाएको बेला उसलाई कापी र सिसा कलम दिएर चित्र बनाउन लगाउँदा कागजमा लेखेको चित्र खान नमिल्ने हुँदा बनाउँदिन भन्ने जवाफ पाउँछे । यस सन्दर्भबाट भोक नै हरूेक आविष्कार र प्रगतिको जननी हो भन्ने कुरा पुष्टि हुन्छ ।

यस्तो सारवस्तु विचार वाक्यका रूपमा नभएर कथाभरि छरपस्ट रहेको विचारबाट प्राप्त हुने हुँदा प्रच्छन्न रहेको छ ।

- **बन्द कोठाहरूको शहर**

प्रस्तुत कथा आन्तरिक दृष्टिबिन्दुमा लेखिएको छ । समाख्याता स्वयम् म पात्रका रूपमा कथा भन्न आएको छ । म पात्रले आफ्नो कथा आफैं भनेको छ । आफ्ना अनुभव, जीवन दर्शन स्वयम् आफैं अभिव्यक्त गरेको छ । साथसाथै नायक र अन्यपात्रहरू तथा घटना र अनेक सन्दर्भको व्याख्या गर्ने, टिप्पणी गर्ने, मूल्याङ्कन गर्ने निर्णय गर्ने जस्ता कार्य गरेको छ । त्यसैले म पात्र नै यस कथाको व्याख्याता, टिप्पणी कर्ता, मूल्याङ्कन कर्ता, निर्णय कर्ताका रूपमा रहेको छ । म पात्रले यस कथाको केन्द्र बिन्दुका रूपमा रहेको छ । अर्थात् म पात्र यस कथाको सङ्केन्द्रीकृत विषय हो । उसको मगन्ते जीवन, जान नपाएर छट्पटाएको, भोकका विरुद्ध आन्दोलन गरेको, प्रहरीको पिटाइ खाएको नायकको बन्दी हुन पुगेको, बन्दी गृहमा स्वतन्त्रमा अपहरण भएको, यातना पाएको, बन्दी जीवनबाट मुक्त भएको, पुनः मगन्ते जीवन सुख भएको जस्ता यावत् विषय म पात्रसँग जोडिएर आएका छन् । अतः म पात्र नै यस कथाको दृष्टिकेन्द्री चरित्र हो । प्रस्तुत कथामा आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

कुनै पनि व्यक्तिले खान, बस्न र लाउन पाउनु पर्छ । यो सार्वभौम मानवीय अधिकार हो । म पात्र बस्नको लागि न घर छ, न लाउने कपडा छ, न खाने खाना छ । यी सबैको अभावमा उसको जीवन अत्यन्त कष्टकर छ । ऊ भोकर रोगले शहरका कोठामा बन्दी छ । कहीँ पनि सम्भावनाका बाटाहरू छैनन् । खान दिने नाममा स्वतन्त्रताको अपहरण गरिएको छ । निरङ्कुशतामा उसले खान र बस्न त पाएको छ  तर स्वतन्त्र हुँदा उसको बास सडकमा छ । खान नपाएर छट्पटिएको छ । अत्यन्त कष्टकर जीवन बाँचेको छ । त्यसैले उसलाई आफ्नो जीवन बन्द कोठाहरूको शहरभित्र बन्दी भएको अवस्थामा पाएको छ । शहरमा सबै वस्तु उपलब्ध हुँदाहुँदै पनि उसलाई कुनै पनि वस्तु सहज रूपमा प्राप्य छैनन् । अतः प्रजातन्त्र वा निरङ्कुशतन्त्र जे सुकै भए पनि व्यक्तिले आधारभूत वस्तु तथा सेवाको उपयोग गर्न पाउनु पर्छ भन्ने सारवस्तु प्रस्तुत कथाबाट निष्पन्न भएको छ । यस्तो सारवस्तु विचार वाक्यका रूपमा नआएर कथाभरि छरिएका विचार, प्रकरण आदिबाट प्राप्त भएको छ अत प्रच्छन्न रूपमा यसको सारवस्तु निष्पन्न भएको छ ।

- **चिल**

प्रस्तुत कथामा बाह्य दृष्टिबिन्दु रहेको छ । तृतीय पुरुष दृष्टिविन्दुमा संरचित प्रस्तुत कथामा समाख्याता कथाभन्दा बाहिरै बसेर कथाको विश्लेषण गरेको छ । समाख्याताले खान नपाएर तिनदिनेदेखि बचरा सहित भौतारिरहेको चिलको कारुणिक व्यथाजन्य पर्यावरणीय विषयलाई प्रस्तुत गरेको छ । यस कथामा समाख्याताले चिलको क्रियाकलाप र मनस्थितिको वर्णन गरेको छ । समाख्याता यस कथामा टिप्पणी कर्ता, मूल्याङ्कन कर्ता र निर्णयकर्ताका रूपमा रहेको छ । यस कथाको दृष्टिकेन्द्री पात्र चिल हो । चिलकै केन्द्रीय विषयमा यो कथा लेखिएको छ । त्यसैले यस कथाको सङ्केन्द्रीकृत विषय चिल हो । चिल दृष्टिकेन्द्री पात्र हो । अतः प्रस्तुत कथा तृतीय पुरुष सीमित दृष्टिविन्दुमा लेखिएको छ ।

प्राणीले बाँच्नका सङ्घर्ष गर्छ भन्ने दृष्टिकोणलाई यस कथाले महत्त्वका साथ देखाएको छ । चिलले बाँच्नका लागि अनेक सङ्घर्ष गरेको छ । अबको साहित्य मानवका पक्षमा मात्र होइन मानवेत्तर जगत्सँग सम्बन्धित भएर लेखिनु पर्छ भन्ने सारवस्नु पनि प्रस्तृत कथाबाट निष्पन्न भएको छ । एउटा चिलले खान नपाएर तिन दिन सम्म छट्पटिनु परेको तथा अन्त्यमा आफू सहित बचेराको हत्या गर्ने मनस्थितिमा पुगेको कारुणिक र उल्लेखनीय विषयलाई प्रस्तुत कथाले निकै महत्त्वका साथ प्रस्तुत गरेको छ । पन्छी संरक्षणमा जोड नदिए चिलजस्ता मांसाहारी जीवहरू निकट भविष्यमै लोप भएर जाने सारवस्तु प्रस्तुत कथाबाट निष्पन्न भएको छ ।

- **आत्माको हत्या**

प्रस्तुत कथामा आन्तरिक दृष्टिबिन्दु रहेको छ । समाख्याता स्वयम् म पात्रका रूपमा कथामा उपस्थित भएको छ । उसले आफ्नै बारेमा कथा भनेको छ । आफ्ना रुचि, चाहना, बाध्यता, कर्तव्यहरू पाठक समक्ष प्रस्तुत गरेको छ । उसकै चरित्रका वरिपरि कथाको विषयवस्तुको फन्को मारेको छ । अतः म पात्र नै यस कथाको दृष्टिकेन्द्री पात्र हो । उसकै केन्द्रमा यस कथाको दृष्टिविन्दु पनि हो । म पात्र स्वयम्ले आफूसँग सम्बन्धित सूचनाहरू अरूलाई प्रदान गरेको छ । ऊ यस कथाको टिप्पणीकर्ता, मूल्याङकन कर्ता, कुनै विषयको निर्णयकर्ताका रूपमा रहेको छ । यो समग्र कथा नै उसको नैतिक मूल्य र सत्चरित्रको हत्यासँग सम्बन्धित भएकाले पनि म पात्र यस कथाको केन्द्रीय पृष्ठभूमिमा रहेको छ । समग्रमा भन्दा कथाकारको विशेष प्रभाव र झुकाब म पात्रमा रहेको छ । उसैलाई

समाख्याताका रूपमा कथामा प्रस्तुत गरिएको छ । म पात्रले अरूका बारेमा नभएर आफ्नै बारेमा कथा भनेकोले आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग यस कथामा भएको निष्कर्ष निकाल्न सकिन्छ ।

मानिसले बाँच्नका लागि आफ्नो नैतिक मूल्यको समेत हत्या गर्नु पर्छ । प्रस्तुत कथामा म पात्रले जीवनवृत्तिको कुनै मार्ग र उपाय नभएर आफ्नो नैतिक मूल्य भन्दा विपरीतको कार्यमा आफूलाई संलग्न गराउनु परेको छ । ऊ यसबाट अत्यन्त दुःखी छ तर विवश पनि छ । उसको अगाडि जीवनवृत्तिको कुनै मार्ग छैन । त्यसैले ऊ बाध्य भएर आफ्नो स्वभिमान र नैतिक मूल्यलाई तिलाञ्जलि दिन पुगेको छ । मानिस जीवन वृत्तिका क्रममा विवश भएर अत्यन्त दुस्साह र कठिन निर्णय लिन पुग्छ भन्ने सारवस्तु प्रस्तुत कथाबाट निष्पन्न भएको छ । यस्तो सारवस्तु बिचार वाक्यका रूपमा नआएर प्रच्छन्न रूपमा आएको छ ।

- **सम्झौता**

प्रस्तुत कथा तृतीय पुरुष दृष्टिबिन्दुमा लेखिएको छ । समाख्याता कथाभन्दा बाहिर बसेर यस कथाको नालीबेली लगाएको छ । उसले क पात्र र 'ख' पात्रसँग सम्बन्धित कथा भनेको छ । उसले क पात्र र ख पात्रका समग्र चरित्रलाई उत्तिकै महत्त्वका साथ प्रस्तुत गरेकोले सर्वज्ञ समाख्याताका रूपमा रहेको छ । उसले कथामा पात्रहरूको मूल्याङ्कन, टिप्पणी गर्ने, निर्णय दिने जस्ता कार्यहरू गरेको छ । प्रस्तुत कथामा बाह्य दृष्टिबिन्दु छ भन्ने कुराको पुष्टिका लागि तलको साक्ष्यलाई अगि सार्न सकिन्छः

○ "क को कुरा कुनेर 'ख' भुतुक्क हुन्छ : उसको टाउको निहुरिन्छ" (पृ. ९५) ।

यस साक्ष्यबाट समाख्याताले आफ्नो कथा नभनेर अरूको कथा भनि रहेको पुष्टि हुन्छ । यस कथाको दृष्टिकेन्द्री चरित्र 'क' र 'ख' दुवै हुन् । त्यसमा पनि 'ख' को विवशता प्रति समाख्याताको सहानुभूति छ । 'ख' पात्रको वर्णन र चारित्रीकरणमा समाख्याताले विशेष झुकाव राखेको छ । अतः यस कथाको सङ्केन्द्रीकृत पात्र 'ख' हो । उसको विवशतापूर्ण किंकतत्वर्यविमूढको अवस्थालाई समाख्याताले विशेष रुचिका साथ प्रस्तुत गरेको छ । प्रस्तुत कथा तृतीय पुरुष सर्वज्ञ दृष्टिबिन्दुको अवलम्बन गरी लेखिएको छ ।

जाल, झेल, षड्यन्त्र र अनेक प्रपञ्च गरी जितिएको चुनावले जनभावनाको कदर हुँदैन भन्ने सारवस्नु यस कथाबाट निष्पन्न भएको छ । 'ख' पात्र लोकप्रिय हुँदाहुँदै पनि 'क'

पात्रले बलपूर्वक उसलाई चुनावी मैदानबाटै पाखा लगाएर आफ्नो पद र प्रतिष्ठाको दुरूप्रयोग गरेको छ । यस्तो भ्रष्ट संस्कारबाट कहिल्यै पनि समाजको विकास हुन नसक्ने दृष्टिकोण प्रस्तुत भएको छ । जो लोकप्रिय छ उसलाई चुनावी मैदानबाटै हटाएर होइन ऊसँग प्रतिस्पर्धा गरेर र लोकप्रिय भएर चुनाव जित्नु पर्छ । जनमत अमूल्य हुने हुँदा जनताको मतको कदर गर्न सक्ने राजनीतिक संस्कारको विकास हुनु पर्छ भन्ने सारवस्तु प्रच्छन्न रूपमा अभिव्यक्त भएको छ ।

- **अवतरण**

प्रस्तुत कथा आन्तरिक दृष्टिविन्दुमा लेखिएको छ । यस कथामा समाख्याता स्वयम् म पात्रका रूपमा उपस्थित छ । उसैले श्री 'स' ज्यूको कथा भनेको छ । उसले नेताको बारेमा टिप्पणी गर्ने, मूल्याङ्कन गर्ने, निर्णय गर्ने जस्ता कार्यहरू गरेको छ । समाख्याता म पात्रले आफ्नो बारेमा कथा नभनेर नेताको बारेमा कथा भनेको छ । यसबाट प्रस्तुत कथा केन्द्रीय दृष्टिविन्दुमा नभई परिधीय दृष्टिविन्दुमा लेखिएको पुष्टि हुन्छ । यस कथाको दृष्टिकेन्द्री पात्र श्री 'स' ज्यू हो । उसकै मनोभावना, क्रियाकलाप तथा सम्पर्क चरित्रको चारित्रिक वर्णन समाख्याताले गरेको छ । चुनाव हारेपछि हरूेक कोणबाट अवतरित भएको नेताको क्रियाकलापको सूक्ष्म निरीक्षण यस कथामा भएकाले यस कथाको सङ्केन्द्रीकृत पात्र पनि नेता नै हो । अतः प्रस्तुत कथा प्रथम पुरुष परिधीय दृष्टिविन्दुमा संरचित छ ।

सत्ता, पद र विरासतमा बाँचिरहेको मानिस एक्कासी ती सबै वस्तु गुमाएर अवतरित हुनुपर्दा उसमा मानसिक तनाव उत्पन्न हुन्छ । प्रस्तुत कथाको नेता पनि अप्रत्याशित रूपले चुनाव हारेपछि उसमा मानसिक तनाव उत्पन्न भएको छ । यस घटनालाई उसले सहज रूपमा स्वीकार्न सकेको छैन । जिते प्रधानमन्त्री हुने सुअवसरमा अप्रत्याशित रूपमा हार्नु पर्दा उसमा मानसिक विक्षिप्तता सिर्जना भएको छ । सत्यलाई स्वीकार गर्न सक्नुपर्छ । राजनीतिमा मतादेशको सम्मान गर्न अत्यन्त जरुरी हुन्छ भन्ने दृष्टिकोण वा सारवस्तु प्रस्तुत कथाबाट प्रच्छन्न रूपमा निःसृत भएको छ ।

- **मैले लेख्न छाडिदिएँ**

प्रस्तुत कथा आन्तरिक दृष्टिविन्दुमा लेखिएको छ । समाख्याता म पात्रका रूपमा आएको छ । म पात्रले नै यस कथाको समाख्याताको भूमिका निर्वाह गरेको छ । उसले आफ्ना दृष्टिकोण, विचार र स्मृति सन्दर्भलाई अगाडि बढाएको छ । त्यस्तै ऊ अरूका बारेमा टिप्पणी गर्ने, मूल्याङ्कन गर्ने, अरूप्रतिको आफ्नो दृष्टिकोण प्रस्तुत गर्ने पात्रका रूपमा रहेको

छ । म पात्रनै यस कथाको सङ्केन्द्रीकृत विषय हो । उसकै चरित्र र विचारको वरिपरि प्रस्ततुत कथा घुमेको छ । उसले देख्न छाडिदिनुको मुख्य वैचारिक पक्षलाई कथाको सङ्केन्द्रित विषयका रूपमा लिइएको छ । उसले लेख्न छाड्नुको कारण के हो ? उसले किन लेख्न छाड्यो भन्ने विषयमा नै सम्पूर्ण कथा केन्द्रित भएको छ । अतः म पात्र र त्यसमा पनि उसको विचार नै यस कथाको दृष्टिविन्दु भएर आएको छ । उसले अरूका बारेमा नभएर आफ्नै बारेमा कथा भनेकाले दृष्टिकेन्द्री पात्रका रूपमा पनि म पात्र स्वयम् रहेको छ । यस कारण प्रस्तुत कथामा आन्तरिक केन्द्रीय दृष्टिविन्दु रहेको छ ।

विचार आदर्शका रूपमा नभएर व्यवहारिक रूपमा नै आउनु पर्छ । जुन दिनसम्म विचार र व्यवहार केबल नारामा मात्र सीमित हुन्छ त्यो दिनसम्म व्यक्ति व्यवहारिक हुन सक्दैन । जसका लागि विचार वा व्यवहाको प्रतिपादन गरिन्छ त्यो उसैका लागि लागु भएन भने त्यसको कुनै मूल्य हुँदैन भन्ने सारवस्तु प्रस्ततुत कथाबाट निष्पन्न भएको छ । म पात्रले लेखेको जनवादी साहित्य जसका लागि लेखेको हो उसले न त त्यसलाई पढ्न सकेको छ न बुझ्न सकेको छु । त्यस्तो लेखन जसका विरुद्ध लेखियो उसले मात्र पढेर मूल्याङ्कन गर्ने हुँदा म पात्रले अब लेख्न छोड्ने निर्णय गरेको छ । यसबाट जसका नाममा साहित्य लेखेर नाम र दाम दुबै कमाएका छन् तिनैको श्रमको शोषण गर्ने तथाकथित जनवादी लेखकप्रतिको असहमति नै यस कथाको सारवस्तु हो । यो सार विचार वाक्यका रूपमा नआएर प्रच्छन्न रूपमा आएको छ ।

## ६.३ निष्कर्ष

बन्द कोठाहरूको शहर कथासङ्ग्रहमा रहेका कथाहरूको दृष्टिविन्दु तथा सारवस्तु तल उल्लेख गरिएको छ ।

मूल्य र मान्यता कथामा आन्तरिक दृष्टिविन्दु रहेको छ । म पात्र स्वयम् समाख्याताको रूपमा उपस्थित भएर कथा भनेको छ । त्यसैले यो कथा आन्तरिक केन्द्रीय दृष्टिविन्दुमा लेखिएको कथा हो । मान्छे समाजमा जन्मेपछि कुनै न कुनै दायित्व हुन्छ र त्यो दायित्वलाई उसले पुरा गर्नुपर्छ भन्ने सारवस्तु कथामा प्रच्छन्न रूपमा रहेको छ । मुल्य र मान्यता बाह्य दृष्टिविन्दुमा लेखिएको छ । प्रस्तुत कथामा श्रीधरलाई समाख्याताले ज्यादा महत्त्व दिएकाले र उसकै क्रियाकलापकको सूक्ष्म निरीक्षण गरेकाले तृतीय पुरुष सीमित दृष्टिविन्दु यस कथामा रहेको छ । आधुनिकताको नाममा सभ्यताविरोधी र अराजक हुनु हुन्न भन्ने दृष्टिकोण कथामा विचार वाक्यमा रूपमा नआएर प्रच्छन्न रूपमा आएको छ ।

चकमन्न कथामा समाख्याता कथाभन्दा बाहिरै बसेर कथाको नालीबेली लगाएको छ। त्यसैले प्रस्तुत कथामा तृतीय पुरुष सीमित दृष्टिविन्दुको प्रयोग भएको छ । पैसा मानिसका लागि आवश्यक वस्तु हो । तर यसको आर्जनको प्रक्रिया स्वस्थ हुनुपर्छ भन्ने सारवस्तु कथामा प्रच्छन्न रूपा आएको छ। नातासम्बन्ध कथामा समाख्याता कथाभन्दा बाहिरै बसेर कथाको नालीबेलीलगाएकाले यस कथामा तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दु रहेको छ । सम्पत्तिको आशमा मात्र सम्बन्ध स्थापित गरिनु हुन्न शोकको घडीमा धैर्यतापूर्वक शोक प्रकट गर्नुपर्छ भन्ने सारवस्तु कथामा प्रच्छन्न रूपमा आएको छ।

निर्णय कथा बाह्य दृष्टिविन्दुमा लेखिएको छ । समाख्याता कथाभन्दा बाहिरै बसेर पात्रहरूको टिप्पणी गर्ने, तुलना गर्ने काम गरेको छ । त्यसैले प्रस्तुत कथा तृतीय पुरुष सीमित दृष्टिविन्दु रहेको छ। जीवनमा कुनै निर्णय गर्नुअघि विचार गर्नुपर्छ। आवेशमा ठिक लागेको कुरा कालान्तरमा गएर जीवनकै आँसु बन्न सक्छ भन्ने सारवस्तु कथामा प्रच्छन्न किसिमले निष्पन्न भएको छ। स्वीकारोक्ति कथामा समाख्याता समाख्यान भन्दा बाहिरै बसेर कथा भनेकाले यो कथा सर्वत्र नभएर बाह्य सीमित दृष्टिविन्दु भएको कथा हो । मानिस आडम्बर र खोक्रो आदर्शमा होइन वास्तविक यथार्थमा रमाउनुपर्छ तब मात्र मानवीय मूल्य एवम् अस्तित्वको रक्षा हुन सक्छ भन्ने सारवस्तु कथामा प्रच्छन्न रूपमा छरिएर आएको छ। आशीर्वाद कथा आन्तरिक दृष्टिविन्दुमा लेखिएको छ । समाख्याता स्वयम् मा पात्रका रूपमा कथामा आएकाले आन्तरिक केन्द्रीय दृष्टिविन्दु रहेको छ । नारीको मातृत्वसँग सम्बन्धित भएर अपमान गर्ने उसको संवेदनासँग खेल्ने अधिकार कसैलाई पनि छैन । यस्तो सारवस्तु कथामा विचार वाक्यका रूपमा नआएर प्रच्छन्न रूपमा आएको छ।

क्रसमा झुन्ड्याइएको जिन्दगी कथा आन्तरिक दृष्टिविन्दुमा लेखिएको छ । समाख्याता स्वयम् म पात्रका रूपमा कथामा उपस्थित भएको छ। त्यसैले प्रस्तुत कथा प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुमा लेखिएको छ । व्यक्तिले योग्यता अनुसारको रोजगारी नपाएमा जीवन वृत्तिका लागि जस्तोसुकै मूल्य चुकाउन पनि विवश हुन्छ भन्ने सारवस्तु कथामा प्रच्छन्न रूपमा आएको छ । भोक तृतीय पुरुष दृष्टिविन्दुमा संरचित छ । ऊ पात्रसँग सम्बन्धित घटनालाई समाख्याताले कथा बाहिरै बसेर निरीक्षण गरेको छ । अतः प्रस्ततुत कथा तृतीय पुरुष सर्वज्ञ दृष्टिविदुमा आधारित छ । भोक नै हरेक आविष्कार र प्रगतिको जननी हो भन्ने कुरा सारवस्तुका रूपमा कथामा निष्पन्न भएको छ। बद कोठाहरूको शहर कथा आन्तरिक दृष्टिविन्दुमा लेखिएको छ। समाख्याता स्वयम् म पात्रका रूपमा कथा भन्न

आएको छ । म पात्र नै यस कथाको दृष्टिकेन्द्री चरित्र हो । प्रस्तुत कथामा आन्तरिक केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको छ । प्रजातन्त्र वा निरङ्कुशतन्त्र जे सुकै भए पनि व्यक्तिले आधारभूत वस्तु तथा सेवाको उपयोग गर्न पाउनुपर्छ भन्नेसारवस्तु कथामा आएको छ । चिल बाह्य दृष्टिविन्दुमा संरचित कथा हो । समाख्याताले बाहिरै बसेर विश्लेषण गरेको छ । चिल दृष्टिकेन्द्री पात्र हो । अतः प्रस्तुत कथा तृतीय पुरुष सीमित दृष्टिविन्दुमा लेखिएको छ । अबको साहित्य मानवका पक्षमा मात्र होइन मानवेत्तर जगतसँग सम्बन्धित भएर लेखिनुपर्छ भन्ने सारवस्तु कथामा प्रच्छन्न रूपमा आएको छ ।

आत्माको हत्या कथामा आन्तरिक दृष्टिविन्दु रहेको छ । समाख्याता स्वयम् म पात्रका रूपमा कथामा उपस्थित भएको छ । म पात्रले अरुका बारेमा नभएर आफ्नै बारेमा कथा भनेकाले आन्तरिक केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको छ । मानिसले जीवन वृत्तिका क्रममा विवश भएर अत्यन्त दुस्साह र कठिन निर्णय लिन पुग्छ भन्ने सारवस्तु कथामा प्रच्छन्न रूपमा आएको छ । सम्झौता कथा तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको छ । समाख्याता कथाभन्दा बाहिर बसेर नालीबेली लगाएको छ । प्रस्तुत कथा तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुको अवलम्बन गरी लेखिएको छ । जनताको मतको कदर गर्न सक्ने राजनीतिक संस्कारको विकास हुनुपर्छ भन्ने सारवस्तु प्रच्छन्न रूपमा अभिव्यक्त भएको छ ।

अवतरण कथा आन्तरिक दृष्टिविन्दुमा लेखिएको छ । समाख्याता स्वयम् म पात्रका रूपमा आएको छ । उसैले श्री 'स' ज्यूको कथा भनेको छ । अतः प्रस्तुत कथा प्रथम पुरुष परिधीय दृष्टिविन्दुमा संरचित छ । राजनीतिमा मतादेशको सम्मान गर्न अत्यन्त जरुरी हुन्छ भन्ने दृष्टिकोण वा सारवस्तु कथाबाट प्रच्छन्न रूपमा निःसृत भएको छ । मैले लेख्न छाडिदिएँ कथा आन्तरिक दृष्टिविन्दुमा लेखिएको छ । समाख्याता म पात्रको रूपमा आएर आफ्ना दृष्टिकोण, स्मृति सन्दर्भलाई अगाडि बढाएको छ । यसकारण प्रस्तुत कथामा आन्तरिक केन्द्रीय दृष्टिविन्दु रहेको छ ।

बन्द कोठाहरूको शहर कथा सङ्ग्रहमा रहेका कथाहरूमा आन्तरिक र बाह्य दुबै दृष्टिविन्दुको प्रयोग गरिएको छ । आन्तरिक दृष्टिविन्दुमा केन्द्रीय र परिधीय रहेका छन् । बाह्य दृष्टिविन्दुमा रचिएका कथाहरू सर्वज्ञ र सीमित रहेका छन् । यस सङ्ग्रहका सबै कथाहरूको सारवस्तु भने प्रच्छन्न रूपमा आएको छ । कुनै पनि कथामा सारवस्तु विचार वाक्यको रूपमा आएको छैन । प्रस्तुत कथासङ्ग्रह दृष्टिविन्दु तथा सारवस्तु विधानका दृष्टिले सफल रहेका छन् ।

## सातौँ परिच्छेद

# बन्द कोठाहरूको शहर कथा सङ्ग्रहको भाषाशैली विधान

## ७.१ भाषाशैलीको परिचय

शैली भनेको भाषालाई अभिव्यक्त गर्ने विभिन्न ढाँचा, तरिका र पद्धति हो । त्यसैले भाषा एउटै भए पनि हरेक लेखकको शैली भने भिन्न रहन्छ । रचनाकारको त्यस्तो विशिष्ट प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ । जसका भाषिक एकाइको सौन्दर्य बोधक समुच्य हुन्छ र भाषा एवम् विषयका दृष्टिबाट विचलन हुन्छ (शर्मा, २०४८ : ३) । अतः शैली भनेको कलात्मक रूप दिने ढङ्ग हो ।

साहित्य भाषाको माध्यमबाट अभिव्यक्त हुने कला हो । भाषा कथा वा साहित्यका सम्पूर्ण विधाको मात्र होइन सिङ्गो मानवीय व्यवहार र क्रियाकलापको अनिवार्य तत्व हो । भाषा अभिव्यक्ति अनिवार्य माध्यम हुनाले साहित्यमा हुने कलात्मक माध्यम पनि भाषा नै हो । सामान्य जनजीवनले प्रयोग गर्ने भाषा समयको सीमाभित्र बाँधिएको हुन सक्छ तर कथामा प्रयुक्त भाषाको समग्र कालखण्डमा व्याप्ति पाएको हुन्छ । कथ्य होस् या लेख्य भाषा एउटा सामाजिक चिन्तन गर्ने प्रक्रिया पनि हो (पौडेल, २०६५ : २२) ।

## ७.२ भाषाशैली विधान

- **मूल्य र मान्यता**

प्रस्तुत कथामा सुन्दर भाषिक सौन्दर्यको प्रयोग भएको छ । विभिन्न स्रोतबाट आएका भाषिक शब्दहरूको औचित्यपूर्ण विन्यासले कथालाई प्रभावकारी बनाएको छ । तत्सम, आगन्तुक र तद्भव स्रोतका शब्दहरूको प्रयोग यस कथामा भएको छ । क्रिङ क्रिङ, चिच्याउनु, चुर्लुम्म, घुम्लुङ जस्ता तद्भव, फाटिग, अर्लाम, सिफन, कन्जर्भेटिभ, फुर्माइस, डक्टर, रिटायर्ड, फेसन जस्ता आगन्तुक र वैराग्य, नित्य, तर्पण आदि तत्सम शब्दको कलात्मक प्रयोग यस कथामा भएको छ । प्रस्तुत कथामा सरल र जटिल गरी दुई प्रकारका वाक्यात्मक ढाँचाहरूको प्रयोग भएको छ । कहीँ कहीँ मिश्र वाक्ययुक्त जटिल वाक्यहरू यस कथामा आएका छन् । छोटा छोटा र आकर्षक प्रयोगले यस कथाको भाषिक रमणीयतामा वृद्धि गरेको छ । विचलन युक्त भाषाको प्रयोग यस कथाको अर्को आकर्षण हो ।

"सामुन्नेको खोपामा रहेको थोत्रो घडी क्रिं क्रिं क्रिं गरेर कर्कश स्वरमा चिच्याउँछ (पृ. १) भन्ने वाक्यमा घडीको मानवीकरण गरिएको छ । घडी चिच्याउनु, कर्कश आवाज निकाल्नु जस्ता वाच्यार्थ  निषेध हुने पदावलीले यस कथालाई अभिव्यङ्ग्यको स्तरमा पुऱ्याई भाषिक रमणीयतामा वृद्धि गरेको छ । कहीँ कहीँ गत्यात्मक दृश्य विम्बको पनि मधुर प्रयोग भएको छ । जस्तैः

"खोक्ता खोक्ता उनको मुख रातो हुन्छ, छातीमा  जलन हुन थाल्छ र उनीहरूले आफ्नो छाती माड्न थाल्छन्" (पृ. २) ।

माथिको कथांशमा दृश्यविम्ब आएको छ । यो विम्बले पाठकमा गतिशील प्रभाव पार्छ । त्यस्तै यस कथामा आधुनिक पुस्ताप्रति व्यङ्ग्य गरिएको छ । दाइजो प्रथाप्रति व्यङ्ग्य गरिएको छ । जयन्तको मृत्युको कारणले सिङ्गो युवापुस्ताप्रति चरम व्यङ्ग्य प्रहार गरी स्खलित हुँदै गएको नैतिकताप्रति प्रश्न उठाइएको छ । कहीँ कहीँ काव्यात्मक भाषाको प्रयोग समेत भएको छ । त्यस्तै क्रियापदहीन वाक्यको प्रयोगले भाव रमणीयतामा वृद्धि गरेको छ ।

- **दायित्त्व**

प्रस्तुत कथामा प्रयुक्त भाषिक शिल्पले कथाको भाव रमणीयतामा वृद्धि गरेको छ । तत्सम, तद्भव र आगन्तुक स्रोतबाट शब्दहरूको रमणीय प्रयोगले कथाको सौन्दर्यमा वृद्धि गरेको छ । बुबा, ख्वाक् ख्वाक्, दाजु, आमा, दुध जस्ता तद्भव शब्द, अंश, दायित्त्व, बन्दी, ईर्ष्या जस्ता तद्भव शब्द र अफिस, सेमिनार, रिपोर्ट जस्ता आगन्तुक शब्दको प्रयोगले भाषिक विन्यासमा विविधता सिर्जना गरेको छ । प्रस्तुत कथाको भाषामा आलङ्कारिता पनि रहेको छ । जस्तैः "म चाहन्छु दायित्त्व बन्धनको परिधिदेखि टाढा गएर, गौतमझैँ बटवृक्षको छायामुनि बसी तप गरुँ" (पृ. १३) । यस वाक्यमा उपमा अलङ्कार रहेको छ । सार्थक विचलनको प्रयोगले प्रस्तुत कथा थप आश्वाद्य बन्न पुगेको छ । जस्तैः "दायित्त्वको पाटोको माझमा थिचिएर जर्जर भइसकेको बुढो" (पृ. १२), "दायित्त्वको भारीले कम्मर भाँचिइ सकेको बिरामी मानिस" (पृ. १२) जस्ता पदक्रमगत विचलन र अर्थतात्विक विचलनयुक्त वाक्यले भाषिक सौदर्यमा वृद्धि गरेको छ । त्यस्तै सिद्धार्थ गौतमको मिथकीय सन्दर्भले यस कथालाई थप अभिव्यङ्ग्य युक्त बनाएको छ । मिथकीय अभिव्यञ्जनाद्वारा काव्यार्थ सौन्दर्यमा वृद्धि भएको छ । समग्रमा प्रस्तुत कथाको भाषिक शिल्प कथाले अङ्गीकार गरेको विषयलाई कलात्मक रूपमा प्रस्तुत गर्न सक्षम रहेको छ ।

- **चकमन्न**

**चकमन्न** कथामा रमणीय भाषिक शिल्पको प्रयोग भएको छ । विभिन्न स्रोतबाट टिपिएका शब्दहरूको अनिवतिपूर्ण संयोजनले भाषिक मिठास थपेको छ । तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरूले भाषिक विविधतासँगै अभिव्यक्तिगत सामर्थ्यमा वृद्धि गरेको छ । सुटकेस, एयरपोर्ट, ट्याक्सी, स्ट्यान्ड, कोरियर जस्ता बहुप्रचलित अङ्ग्रेजी शब्दहरूले अभिव्यक्तिमा स्तरीयता थपेको छ । यस कथाको वाक्यगठन पनि आकर्षक छ । सरल र संयुक्त शब्दहरू यस कथाका वाक्यात्मक ढाँचामा आएका छन् । आलङ्कारिक पदक्रमले भाषिक विचलन निम्त्याएको छ । भाषिक विचलनका माध्यमबाट कथाको भाव रमसणीयतामा वृद्धि भएको छ । आफन्त परिवेशको भावना (पृ. १७), नारीत्त्वको भारले आकर्षण (पृ. १८), जस्ता विशेष विचलनयुक्त शब्दावलीहरूको कथाको सौन्दर्य बढाएका छन् । अलङ्कारहरूले सुन्दर संयोजन पनि यस कथामा भएको छ ।

- धेरै दिनपछि आफ्नो मुलुक र आफ्नो शहरको न्यास्रो मेटिएभ्कैं लाग्यो महेशलाई (पृ. १७) - उपमा
- अलिपर उभिएर उसैतिर हेर्दै मुसुमुसु हाँसिरहेका दुई युवती (पृ. १७) - दृश्य विम्ब
- महेश मदहोशभ्कैं हेरिरहेको थियो (पृ. १९) - उपमा
- भ्कट्ट हेर्दा उसलाई आफ्नी आमा भ्कन् तरुनी र आकर्षक भएभ्कैं लाग्यो (पृ. २०) - उपमा
- भ्याम्म काँचका भाँडा फुटेजस्तो डम्म आवाज आयो (पृ. २४) - श्रोत विम्ब

यसरी प्रकृतिबाट टिपिएका अनेक विम्बहरूको सुन्दर प्रयोगले कथाको भावरमणीयतामा वृद्धि गरेको छ । समग्रमा कथावस्तुले जुन विषय प्रतिपादन गरेको छ त्यसलाई कलात्मक रूपमा अभिव्यक्ति गर्न प्रस्तुत कथाको भाषिक सौन्दर्य सक्षम रहेको छ ।

- **नाता सम्बन्ध**

**नातासम्बन्ध** कथामा रमणीय भाषिक शिल्पको प्रयोग भएको छ । भाषिक शब्द र पदावलीहरूको छनोट र चयन, वाक्य गठन, भाषिक विचलन जस्ता भाषिक सौन्दर्यबाट कथाको भाव रमणीयतामा वृद्धि भएको छ । तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरूको सुन्दर प्रयोग भएको छ । यसबाट भाषिक विविधतामा वृद्धि भएको छ । सरल र जटिल गरी

दुई प्रकारको वाक्यगठनले यस कथालाई आकर्षक बनाएको छ । आलङ्कारिक किसिमका वाक्यहरू पनि यस कथामा आएका छन् । भाषिक रूपबाट हेर्दा व्याकरणिक पदक्रमले कथालाई विशिष्ट बनाएको छ । कहीँ कहीँ जटिल र संश्लेषित किसिमका वाक्यहरू पनि आएका छन् । विम्बालङ्कारको सुन्दर संयोजन यस कथाको अर्को भाषिक शिल्प हो । यस कथामा अनुभूतिगत विम्ब पनि आएको छ । यसले कथाको भाव निर्माणमा सहयोग पुऱ्याएको छ ।

- “उनको जिउ सिरिङ सिरिङ गरेर काम्न थाल्यो” (पृ. २८) । अनुभूतिगत विम्ब
- “चापागाईं बेहोस भइसकेका छन् उनको शरीर कामि रहेकै छ । हातखुट्टा चल्मलाई रहेकै छन्” (पृ. २९) । - दृश्य विम्ब
- “चापागाईंको मृत्युले त झन् उनलाई मुक्ति दिएझैँ भान हुन्छ” (पृ. ३२) । - उपमा अलङ्कार
- “तर बुबाको खबरले उसको सम्पूर्ण प्रसन्नता कपुर उडेझैं उड्यो” (पृ. ३७) । - उपमा

माथिका विभिन्न भाषिक सौन्दर्यगत साक्ष्यहरूले प्रस्तुत काव्यको अभिव्यञ्जन सामर्थ्यमा समेत वृद्धि गरेको पुष्टि हुन्छ । यस कथामा कहीँ कहीँ क्रियापद विहीन वाक्य ढाँचाको प्रयोग समेत भएको छ । त्यस्तै ‘नाता सम्बन्ध’ भन्ने शीर्षकसँग कथावस्तुगत वा अभिव्यक्तिगत सम्बन्ध रहेको छ । यस कथाको केन्द्रीय कथ्यलाई शीर्षकले बुझाउन सक्षम रहेको छ । अतः प्रस्तुत कथाको शीर्षक योजना र कथ्यका बिच सम्बन्ध छ । समग्रमा भन्दा प्रस्तुत कथाले अवलम्बन गरेको विषयलाई उपयुक्त कथा संरचनामा प्रस्तुत गरी त्यसलाई सौन्दर्यपूर्ण रूपमा अभिव्यक्त गर्न कथाकार सफल छन् ।

- **निर्णय**

प्रस्तुत कथामा सुन्दर भाषिक सौन्दर्यको प्रयोग भएको छ । वाक्य गठन, भाषिक पदपदावलीको छनोट, सार्थक विचलन, पदपदावलीका विभिन्न आगमनगत स्रोतहरू, विम्बालङ्कारको सुन्दर प्रयोग, शीर्षक विधान आदिजस्ता कथाका विभिन्न सौन्दर्यक घटकहरूले सिङ्गो कथाको भाव रमणीयतामा वृद्धि गरेको छ । तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरूको प्रयोग भावको पुष्टिका लागि भएको छ । यसबाट अभिव्यक्तिगत

स्पष्टता र कथाको भावरमणीयतामा वृद्धि भएको छ। वाक्य गठन पनि आकर्षक रहेको छ। सरल र जटिल वाक्यात्मक संरचनाको प्रयोगले यसको भाषिक सौन्दर्यमा वृद्धि भएको छ। त्यस्तै कहीँ कहीँ क्रियापदहीन वाक्यको प्रयोगले र तिनमा निहित काव्यात्मकताले गद्य भाषामा चपलताको निर्वाह हुन पुगेको छ। जस्तैः "एक टक स्नेही दृष्टिले हेरिरहेको छ विकास विमलीलाई। एउटा पूर्ण तृप्तिको भाव छ उसको आँखामा" (पृ. ४२)। यस साक्ष्यले गद्य भाषाको चपल प्रयोगलाई सङ्केत गरेको छ। साथसाथै विचलन युक्त वाक्यहरू पनि प्रशस्त मात्रामा कथाको सौन्दर्य वृद्धिका लागि आएका छन्। त्यस्तै विशेष उक्तिगत कथन पनि यस कथामा रहेका छन्। जस्तै "साँच्चि भन्ने हो भने ऊ एउटा अधुरो जीवनलाई पूर्णता दिन आएकी छे तर उसको अन्तरको अपूर्णता सधैँ अपूर्ण नै रहने छ। उसका आफ्ना सपननाहरू, आकाङ्क्षा र उत्कण्ठाहरू सबै अपूर्ण नै रहने छन्" (पृ. ४१)। यस्ता विशेष अर्थ भएका वाक्यहरूले कथाको अभिव्यङ्ग्य सौन्दर्यमा वृद्धि गरेको छ। साथसाथै जीवन र जगत्सँग सम्बन्धित भएर विभिन्न सन्दर्भहरू टिपिएको छ र ती विम्बहरूद्वारा सुन्दर अलङ्कारको निर्माण हुन पुगेको छ। यस्ता विम्बालङ्कारका उदाहरूणहरू तल रहेका छन् :

- "जीवनको अन्तिम घडीमा निराश शून्यताले परिवेष्ठित कमलीको अनुहारले विमलीलाई भित्रैदेखि छोप्छ" (पृ. ४३)। - रूपक
- "काललाई आउने पाहुना झैँ पर्खनु पर्ने कस्तो भयावह परिस्थिति हो यो" (पृ. ४३)। - उपमा

यस्ता अलङ्कारयुक्त वाक्यहरू यस कथामा प्रशस्त आएका छन्। अलङ्करण योजनाका माध्यमबाट कथाको भावरमणीयता र कथात्मक सौन्दर्यमा वृद्धि भएको छ। कथाकारले जुन अभ्युद्देश्यका साथ विषयवस्तुको प्रतिपादन गरेका छन् त्यसको कलात्मक अभिव्यक्ति प्रस्तुत गर्न यस कथाको शिल्प योजना सक्षम रहेको छ।

- **स्वीकारोक्ति**

प्रस्तुत कथामा सुन्दरभाषिक शिल्पको प्रयोग भएको छ। विषयवस्तुको पुष्टिका लागि अपनाइएको प्रस्तुतिगत कला आलङ्कारिक किसिमको रहेको छ। विभिन्न स्रोतबाट लिइएका भाषिक शब्दहरू, वाक्यगठन, चिलन, विम्बालङ्कार, शीर्षकीकरण जस्ता शिल्प प्रविधिले कथाको भाव रमणीयतामा वृद्धि भएको छ। तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरूको मिश्रित प्रयोग यस कथामा छ। वाक्यगठन अन्तर्गत सरल र जटिल गरी दुई प्रकारका

वाक्य योजना रहेका छन् । जटिल वाक्य अन्तर्गत संयुक्त वाक्यहरू अत्यधिक प्रयोग छ । यस कथामा गद्य भाषाको चपल प्रयोग पाइन्छ । यही कारणले गर्दा प्रस्तुत कथा काव्यात्मक बन्न पुगेको छ । यसको पुष्टि तलको साक्ष्यद्वारा गर्न सकिन्छ :

"दिनेश आमालाई हेर्छ तरल, स्निग्ध र सौम्य अनुहार, आँखामा एउटा ज्योति । आमाको आँखामा हेर्ने बित्तिकै दिनेशलाई एउटा स्निग्ध वात्सल्य उम्रिन्छ अनि दिनेश तरल हुँदै जान्छ, तरल हुँदै ऊ अनस्तित्व हुन्छ" (पृ. ५०) । यस साक्ष्यमा एकातिर भाषिक विचलन भएको छ भने अर्कोतिर काव्यात्मक प्रस्तुति रहेको छ । यसबाट कथाको भावरमणीयतामा वृद्धि भएको छ । त्यस्तै केही अलङ्कारहरूको प्रयोग पनि यस कथामा भएको छ । उदाहरूणका रूपमा केही साक्ष्यलाई अगि सार्न सकिन्छ :

- "एउटा विष्फोट भएझैं ऊ फुट्छ" (पृ. ५१) । उपमा
- "आमा अवाक् प्रस्तर प्रतिमा झैं विस्फारित नेत्रले ऊ तिर हेरिरहन्छिन्" (पृ. ५१) । - उपमा
- "उसले आमाको स्निग्ध, सौम्य र शान्त अनुहारमा एउटा छाया हेर्छ, कायर छायाँ, भीरु छायाँ" (पृ. ५०) । काव्यात्मक वाक्य माथिका साक्ष्यहरूले प्रस्तुत कथालाई सौन्दर्यपूर्ण बनाएका छन । अभिव्यक्तिमा सशक्तता र प्रभावकारिता आएको छ । समग्रमा विषयवस्तुको प्रस्तुति यस कथामा कलात्मक अभिव्यञ्जनाका साथ भएको छ ।

- **आशीर्वाद**

प्रस्तुत कथा लघु आयाममा संरचित छ । छोटा छोटा वाक्य, तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरू, विचलनयुक्त सार्थक भाषा, आलङ्कारिक भाषा आदिको कारण प्रस्तुत कथाको भाव रमणीयतामा वृद्धि भएको छ । भाषिक स्रोतगत विविधताका कारण अभिव्यक्तिमा सघनता र प्रभावकारिता थपिएको छ । कहीं कहीं काव्यभाषाको आभास पनि पाइन्छ । जस्तै "म तिम्री अपराधिनी छु छोरी । तर मेरो ममता निर्दोष छ ! मेरो रोमरोम तिमीहरूको सुखद भविष्यको शुभकामनाले ओतप्रोत छ" (पृ. ५७) भन्ने वाक्यहरूमा गद्य भाषाको चपल प्रयोग छ । यसबाट कथाको सौन्दर्यमा वृद्धि भएको छ । त्यस्तै विचलनयुक्त भाषाको प्रयोग पनि पाइन्छ । तिम्रो मायाको तिर्खाले छट्पटिएँ (पृ. ५६), आफ्नो व्यक्तित्व टुक्राटुक्रा भएको देखेँ (पृ. ५६), आफ्नो ममतालाई निचोरि रहेँ (पृ. ५६), ममता निमोठियो

(पृ. ५६) जस्ता विशेष अर्थयुक्त भाषिक प्रयोगबाट विचलन भएको छ । यस्तो विचलनले कथाको भाव रमणीयता र अर्थ सौन्दर्यमा वृद्धि गरेको छ । "मैले आफ्नी छोरीलाई पराइझैं हेर्न सकिन" (पृ. ५५) भन्ने कथमा छोरीलाई पराइसँग तुलना गर्न नसकिने भावाभिव्यक्तिमा उपमा अलङ्कार निर्माण भएको छ । यस्ता सुन्दर विम्ब र तिनको अभिव्यङ्ग्यबाट निर्माण भएको अलङ्कारद्वारा कथाको सौन्दर्यमा वृद्धि भएको छ । समग्रमा यसको शिल्पविधान वस्तु पक्षको कलात्मक अभिव्यक्तिका लागि सक्षम रहेको छ ।

- **क्रसमा झुन्ड्याइएको जिन्दगी**

प्रस्तुत कथामा वस्तुपक्षको प्रस्तुतिका लागि कलात्मक शिल्प सौन्दर्यको प्रयोग भएको छ । विभिन्न स्रोतबाट लिइएका भाषिक शब्दहरूले कथाको अभिव्यक्ति पक्षमा सघनता ल्याएको छ । त्यस्तै कथाको वाक्य ढाँचामा पनि विविधता पाइन्छ । सरल र जटिल वाक्यहरूको औचित्यपूर्ण संयोजनले कथा प्रभावकारी बन्न पुगेको छ । त्यस्तै विचलनयुक्त भाषिक प्रयोगले कथाको भाव सौन्दर्यमा वृद्धि गरेको छ । त्यस्तै जीवन र जगत्बाट टिपिएका विभिन्न विम्बहरूले कथाको अभिव्यक्तिमा सशक्तता ल्याएको छ । पत्रात्मक शैलीको प्रयोगले कथाको आश्वादनमा पनि फरकपन ल्याएको छ । सम्बोधन ढाँचा भएकाले पाठक कथाको आश्वादनका क्रममा नयाँ स्वादको अनुभव गर्न पुग्छ । गद्य भाषाको चपल प्रयोग पनि यस काव्यको विशेषता हो । केही उदाहरूण हेरौं :

"यसरी म एउटा लास भइसकेकी छु, जिउँदो लाश जो क्रसमा झुन्ड्याइएको छ र त्यसमा तिनवटा किला ठोकिएका आमा, बुबा र भाइ । म रगताम्य र क्षतविक्षत त्यसैमा झुन्डिएको छु" (पृ. ६३) । यस साक्ष्यमा सुन्दर भाषिक विचलन भएको छ । अतिशयोक्ति अलङ्कार छ । दृश्य विम्बको प्रयोग छ । त्यस्तै "नानी ! तिमी मेरी छोरी होइनौ, जेठो छोरा हौ" (पृ. ६२) भन्ने कथनमा अपह्नुति अलङ्कार रहेको छ । उपमेयको निषेध गरी उपमानको स्थापना गरिएको छ । त्यस्तै यस कथाको शीर्षकीय अभिव्यञ्जना पनि सशक्त छ । म पात्र जिउँदो लास जस्तै भएर बाँचिरहनु परेको अवस्थालाई क्रसमा टाँगिएको जिन्दगीसँग तुलना गरिएको छ । परिवारको क्रसमा ऊ झुन्डिन बाध्य छे । त्यसैले प्रस्तुत कथाको शीर्षक विधान पनि अभिव्यञ्जनात्मक र सार्थक छ । समग्रमा प्रस्तुत कथाको विषयलाई कलात्मक रूपमा प्रस्तुत गर्न यसको शिल्प सौन्दर्य सक्षम रहेको छ ।

- **भोक**

प्रस्तुत कथामा सुन्दर भाषिक शिल्पको प्रयोग भएको छ । अन्य कथा भन्दा यस कथामा छोटा छोटा वाक्यहरूको वाक्यढाँचा रहेको छ। तत्सम, तदभव र आगन्तुक तिनवटै स्रोतका शब्दहरू यस कथामा उपयोग भएको छ । यसबाट कथाको अभिव्यक्तिमा प्रभावकारिता वृद्धि, भएको छ। यस्तै सरल र जटिल वाक्यको वाक्य ढाँचाले कथाको भाषिक संरचनामा विविधता सिर्जना गरेको छ। विचलनयुक्त भाषा, गद्य भाषामा पनि काव्यात्मकता वा गद्य भाषाको चपल प्रयोग यस कथाका विशेषता हुन्। त्यस्तै प्रस्तुत कथाको संवादात्मक पक्षले पनि भाषिक रमणीयतामा वृद्धि गरेको छ । त्यस्तै हृदय द्रवित हुन्छ (पृ.६६) जस्ता विशेष अर्थयुक्थ पद पदावलीहरूको प्रयोगले यस कथाको प्रभावकारीतामा वृद्धि गरेको छ । तल्लीनमा, सौन्दर्य, सिर्जना, मौन, तृष्णा जस्ता तत्सम शब्द, रोटी, माछा, कुखुरा, बेल्ना, जस्ता तद्भव र कागज खबर, पेन्सिल, कपी जस्ता आगन्तुक शब्दहरूको औचित्यपूर्ण संयोजनले यस कथाको भाषिक सौन्दर्यमा वृद्धि भएको छ । समग्रमा कथाको वस्तु पक्षको कलात्मक प्रस्तुतिका लागि यस कथामा अपनाइएको शिल्प योजना सफल र प्रभावकारी रहेको छ।

- **बन्द कोठाहरूको शहर**

विषयवस्तुको कथात्मक प्रस्तुतिका लागि प्रस्तुत कथामा कलात्मक शिल्प सौन्दर्यको उपयोग गरिएको छ । यस कथाको भाषिक विन्यास, विचलन, विशेष अर्थयुक्त शब्दहरू, विम्बालङ्कार आदिका माध्यमबाट कथाको भावरमणीयता वृद्धि भएको छ। छोटा, मझौला र लामा जस्ता मिश्रित वाक्य ढाँचाले भाषिक विविधता थपेको छ । त्यस्तै तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरूको प्रयोगले भाषिक अर्थमा प्रभाकारिता ल्याएको छ । जस्तैः "यो सडेगलेको सामाजिक अवस्थाको विरोधमा विद्रोहको बिगुल फुक्न थालेको थिएँ" (पृ.६९) । यसमा भाषिक विचलन छ। विशेष कथन छ जसले कथाको भाव सौन्दर्यलाई वृद्धि गरेको छ "भोक र जाडो, अभाव र आपूर्ति, आकाङ्क्षा, निराशा र कुण्ठाले सन्निपात भएथ्यो र म विद्रोहो र क्रान्तिकारी कविता फलाक्न थालेको थिएँ" (पृ.६९) । यस साक्ष्यमा पनि विचलनका साथै अत्युक्ति अलङ्कार रहेको छ । त्यस्तै विद्रोह मडारिनु (६९), मथिन्हाल रन्थनाउनु (प.६९), वातावरण आक्रोशमय हुनु (पृ.६९), जस्ता भावार्थपूर्ण अभिव्यक्तिले कथाको प्रभावकारितामा वृद्धि गरेको छ । त्यस्तै "तर त्यो अँध्यारो बन्द कोठा, जहाँ समस्त

चेतना कठाङ्ग्रिन्छ" (पृ. ७२) ले विशेष भाव संवहन गरेको छ । अभिव्यङ्ग्य सौन्दर्य प्रकट भएको छ। त्यस्तै केही विम्बालङ्कारले यस कथाको भाव सौन्दर्यमा वृद्धि गरेको छ :

- "निकैबेर सुनासान गल्लीहरू छिचोल्दै अघि म बसे झैँ एउटा बन्द कोठामा पुग्छु" (पृ.७१) । उपमा
- " तिमीलाई भोजन चाहिएको छ । लुगा चाहिएको छ, वास चाहिएको छ तर निक्कै सङ्घर्ष गरेर पनि तिमीले यी कुरा पाउन सकेका छैनौ" (पृ. ७०) ।- अनुप्रास, व्यतिरेक
- "यो शहर चिने चिनेझैँ लाग्छ" (पृ. ७४) । - उपमा

प्रस्तुत कथामा गद्य भाषाको चपल प्रयोग पनि पाइन्छ । काव्यात्मक भाषाले यस कथाको आश्वादन रुचिका बनाएको छ । साथसाथै यसको शीर्षक अभिव्यङ्यात्मक बन्न पुगेको छ । समग्रमा यस कथाको भाषिक शिल्पले कथाको विषयवस्तुको कलात्मक प्रस्तुतिलाई सङ्केत गरेको छ ।

- **चिल**

प्रस्तुत कथा रमणीय भाषिक शिल्पका साथ प्रस्तुत भएको छ । कथामा प्रयुक्त वाक्यगठन, विचलन, अलङ्कार, शीर्षक विधान जस्ता शिल्प सौन्दर्यगत पक्षहरूले काव्यको भावरमणीयतामा वृद्धि भएको छ । त्यस्तै संसारमा बढ्दै गएको प्राकृतिक स्रोतको विनाशले मानवेत्तर जगत्माथि खतरा उत्पन्न भएको अभिव्यङ्ग्य सौन्दर्य पनि प्रस्तुत भएको छ । सरल र जटिल गरी दुई प्रकारका वाक्य ढाँचाहरूको सुन्दर प्रयोग यस कथामा भएको छ । त्यस्तै क्रियापदविहीन वाक्य र काव्यात्मक वाक्यहरूको पनि प्रयोग भएको छ । तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरूको प्रयोगले भाषिक विविधतासँगै अर्थगत रमणीयतामा बृद्धि भएको छ । काव्य भाषाको नमुनाको रूपमा तलको उद्धरण राख्न सकिन्छ : "बिहानको सूर्योदयका साथ ऊ उडिरहेको छ, गाउँ, खेत, नदीको किनारा" (पृ.७६) । त्यस्तै प्रस्तुत कथामा प्रयुक्त केही विम्ब र अलङ्कारको प्रयोगलाई तल उल्लेख गर्न सकिन्छ :

- "उसलाई आफ्नो छाती तिखो चुच्चोले फोरेर आफ्नै रगतमासु खाउँ झैँ लाग्छ" (पृ.७८) । - उपमा

- "निकै लामो उडानपछि वेगसाथ एउटा शमीको रूपमा ओर्लिन थाल्छ" (पृ. ७८) । दृश्य विम्ब

- हिंस्रक रिसले उसका आँखा बाहिर निक्लेलाभ्कैँ हुन्छ" (पृ.७८) । उपमा माथि प्रयुक्त अलङ्कारहरूले कथाको भाव सौन्दर्भ र रमणीयतामा वृद्धि गरेको छ । विचलन युक्त वाक्यहरूले कथालाई आश्वादान योग्य बनाएको छन् । समग्रमा प्रस्तुत कथाको भाषिक शिल्प विषयवस्तु अन्तर्गत उठाइएको पर्यावरणीय विषयको कलात्मक प्रस्तुति गर्न सक्षम रहेको छ ।

- **आत्माको हत्या**

प्रस्तुत कथा कलात्मक भाषिक शिल्पका साथ प्रस्तुत भएको छ । यस कथाले उठाएको विषयलाई प्रस्तुत गर्ने क्रममा अपनाइएको शिल्पसचेतनामा कलात्मकता पाइन्छ । वाक्य गठन, भाषिक पदपदावली आदिको सुन्दर प्रयोगले भाव रमणीयतामा वृद्धि भएको छ । तत्सम (प्रतिबद्धता, कार्य, युग, मुक्ति), तद्भव (दोहोरो, सधैँ, म, एक्लिँदै) र आगन्तुक (जागिर, च्यालेन्ज, प्लेट, अफिस)  आदिको प्रयोगले अभिव्यक्ति कुशलतामा बृद्धि भएको छ । त्यस्तै "एक कानले सुनेर अर्को कानले उडाउनु" (पृ.८०) जस्ता टुक्काहरूले कथालाई आश्वाद्य बनाएका छन् । त्यस्तै गद्यभाषाको चपल प्रयोगले पनि कथाको भाव सौन्दर्यमा वृद्धि गरेको छ :

- "ल तेरो प्रतिबद्धता; तेरो सिद्धान्त तेरा मूल्य र मान्यताको विरुद्ध छ, यो अखबार, यसमा तँ आफ्नै प्रतिबद्धताको विरोधमा लेख्छस्, आफ्नै मान्यताको विरुद्ध चल्छ तेरो कलम" (पृ. ८२) ।

यस साक्ष्यमा काव्यात्मक भाषा रहेको छ । साथै विचलन युक्त वाक्यको प्रयोगले छुट्टै भाषिक सौन्दर्यमा बृद्धि गरेको छ । त्यस्तै अत्युक्ति अलङ्कार पनि रहेको छ -

- "उसको मृत्युको चिसो स्पर्शले म शान्त हुन्छु" (पृ. ८३) ।

समग्रमा प्रस्तुत कथामा रमणीय भावसौन्दर्यको प्रयोग छ । आफ्नै विचारमाथि गरिएको विजयलाई आत्माको हत्याका रूपमा लिइएको छ । म पात्रको आन्तरिक मनोद्वन्द्वको कुशल अभिव्यञ्जना सौन्दर्यमय भाषिक शिल्पका साथ हुन सक्नु यस कथाको सबल पक्ष हो ।

- **सम्झौता**

प्रस्तुत कथामा सुन्दर भाषिक शिल्पको प्रयोग भएको छ । विषयवस्तुलाई कलात्मक अभिव्यञ्जनाका साथ प्रस्तुत गर्न यस कथाको भाषिक शिल्प सक्षम रहेको छ । प्रस्तुत कथामा रहेका 'क' पात्र र 'ख' पात्रका छोटा तर आकर्षक संवादले भाव रमणीयतामा वृद्धि भएको छ । छोटा छोटा वाक्य, विशेष कथन, विचलन, काव्य भाषा, विम्बलङ्कार, शीर्षकीय अभिव्यञ्जन आदिले कथाको आश्वादन र सौन्दर्यमा वृद्धि भएको छ । त्यस्तै ब्वाँसे प्रवृति (पृ.८७), जम्बुमन्डी (पृ. ८६), प्रेम र युद्धमा सबैकुरा नैतिक नै ठहर्छ (पृ.८७) जस्ता विशेष कथनले कथाको भाव सौन्दर्यमा वृद्धि गरेको छ । काव्य भाषाको सुन्दर प्रयोग पनि यस कथाको अर्को विशेषता हो । जस्तै :

○ "किनभने आज जनतामा असन्तोष छ, आज, भ्रष्टाचार, नातावाद, कृपावाद, कागजी योजनाहरू, झुटा आश्वासन र दिन प्रतिदिनको बढ्दो महङ्गीले जनताको धैर्य चरमसीमामा पुगिसकेको छ र जन असन्तोष छ" (पृ.८९) ।

यस साक्ष्यमा विषयवस्तुलाई प्रस्तुत गर्ने क्रममा गद्य भाषाको चपल प्रयोग भएको छ । त्यस्तै भाषाका विभिन्न स्रोतबाट आएका शब्दहरूले कथाको भाव रमणीयता र प्रभावकारितामा वृद्धि गरेको छ । त्यस्तै इन्द्रियजन्य विम्बहरूको प्रयोगले पनि कथाको प्रभावकारितामा वृद्धि भएको छ । घ्याक्क ढोका खुल्नु (पृ.८४), तीव्र उत्तेजनाले चिच्याउँछ, कपटी हाँसो हाँस्छ (पृ.८९), क एकचोटि अट्टाहस गर्छ (पृ.८५) जस्ता श्रोतृविम्बहरूले कथालाई आश्वादन योग्य बनाएका छन् । त्यस्तै केही अलङ्कारहरूको पनि यस कथामा सुन्दर प्रयोग भएको छ । "ख" लाई लाग्छ उसको प्रतिद्वन्द्वी र विद्रोही व्यक्तित्व साह्रै विनम्र भइ दिएको छ र विरोधी आफ्नै उदण्डनामा आक्रामक नै छ (पृ. ८५) । यस साक्ष्यमा उत्प्रेक्षा विषयवस्तुलाई प्रभावकारी सौन्दर्यपूर्ण रूपले अभिव्यक्त गर्न सक्षम रहेको छ ।

- **अवतरण**

प्रस्तुत कथामा सुन्दर भाषिक शिल्पको संयोजन भएको छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोगले प्रस्तुत कथालाई प्रभावकारी बनाएका छन् । त्यस्तै सरल र जटिल वाक्यजन्य वाक्य ढाँचाले पनि कथाको भाव रमणीयतामा वृद्धि भएको छ । विचलन युक्त भाषा र काव्यात्मकता वा गद्य भाषाको चपल प्रयोगले कथाको भाव सौन्दर्यमा वृद्धि भएको छ । त्यस्तै विम्बालङ्कारयुक्त भाषिक प्रयोगले अर्थगत स्तरीयता सिर्जना गरेको छ ।

त्यस्तै **अवतरण** भन्ने शीर्षक विधानमा अभिव्यङ्ग्य सौन्दर्य रहेको छ । 'देश सन्न हुनु' (पृ. ९२),'लोप्पा ख्वाउनु' (पृ. ९१) जस्ता विशेष कथन युक्त वाक्यहरू कथामा आएका छन् । त्यस्तै प्रस्तुत कथाको शीर्षकमा व्यङ्ग्य छ । यस साक्ष्यले प्रस्तुत कथाको व्यङ्ग्यलाई सङ्केत गर्दछ : "राजनीति मनोविज्ञान बाबु ! तिन वर्षसम्म पनि राजनीतिमा रहि रहनु पनि एउटा जिद्दीले नै सक्छ । माथि पुगेर उभिएको जिद्दी कहिले पनि तल आउन पाउन्न । जब आउँछ त अझमाथि पुग्ने विश्वासपछि मात्र" (पृ. ९५) । यस साक्ष्यले मानवीय स्वार्थीपनमाथि व्यङ्ग्य प्रहार गरेको छ । नेताको आफ्नो पद र स्वार्थबाट कहिल्यै तल ओर्लन नचाहने मानसिक प्रवृत्तिलाई यस कथाले सङ्केत गरेको छ । समग्रमा प्रस्तुत कथा कलात्मक अभिव्यक्तिका साथ प्रस्तुत भएको छ । समसामयिक राजनीतिक विषयवस्तु, त्यसलाई फलागमसम्म पुऱ्याउन आउने  चरित्र, तथा त्यसको प्रस्तुति शिल्पगत कोणबाट प्रस्तुत कथा सफल रहेको छ ।

- **मैले लेख्न छाडिदिएँ**

प्रस्तुत कथामा सुन्दर भाषिक शिल्पको प्रयोग भएको छ । सरल र जटिल गरी दुई प्रकारका वाक्यात्मक संरचना अन्य कथामा झैँ यस कथामा पनि रहेका छन् । जटिल वाक्य अन्तर्गत संयुक्त वाक्यहरू आएका छन् । त्यस्तै तत्सम, तद्भव र आगन्तुक शब्दहरूको सुन्दर र औचित्यपूर्ण प्रयोगद्वारा कथाको प्रभावकारितामा वृद्धि भएको छ । तत्सम स्रोतका विधि, विद्रोही, साधारण, अनुभूति, नवयुवक, व्यक्तिगत, कविता, सङ्गठन आदि शब्दहरू, तद्भव स्रोतका टाँगावाल, रूपैयाँ, हजार, म, झोँक, आगो जस्ता शब्दहरू तथा आगन्तुक स्रोतका बोर्डर, पुलिस, टि.बी., सेम्फथाइजर, आदि शब्दहरूको सुन्दर प्रयोगद्वारा अभिव्यक्तिको प्रभावकारितामा वृद्धि भएको छ । त्यस्तै क्रियापदहीन वाक्यको प्रयोगले भाषिक विचलनसँगै काव्यात्मकताको निर्वाह पनि भएको छ । यस कथामा भाषिक विचलन पनि पाइन्छ । जस्तै "उहाँभित्रको प्रगतिशीलता रसाएर आयो" (पृ. ९८), 'अस्वस्थ अहम्लाई आत्मश्लाघाको मलम' (पृ. ९८),'गरिबको मसिहा' (पृ. ९८) आदि कथांशमा विशेष भावयुक्त अर्थ रहेको छ । त्यस्तै क्रियापदहीन काव्य भाषा पनि यस कथामा आएको छ । जस्तैः

'के लेख्छन् र त्यहाँकाले पनि, यौन र यौन कुण्ठा बाहेक । तपाइँ मकहाँ आउनुहोस् अनि हेर्नुहोस् मेरो कमाल' (पृ. १००) । यस कथनमा काव्यात्मकताको आश्वादन पाउन सकिन्छ । त्यस्तै 'गरिबका मसिहा' अभिव्यक्तिले दृष्टान्त अलङ्कार पनि सिर्जना भएको छ ।

समग्रमा प्रस्तुत कथाले उठाउन खोजेको विषयवस्तुलाई कलात्मक रूपमा प्रस्तुत गर्न यो कथाको शिल्प पक्ष सक्षम रहेको छ ।

## ७.३ निष्कर्ष

बन्द कोठाहरूको शहर कथासङ्ग्रहभित्रका कथाहरूको भाषाशैलकिो अध्ययन गरिएको छ । मूल्य र मान्यता कथामा सुन्दर भाषिक सौन्दर्यको प्रयोग भएको छ । तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरूको प्रयोग भएको छ । प्रस्तुत कथामा सरल र जटिल गरी दुई प्रकारका वाक्य ढाँचाहरूको प्रयोग छ । कहीँ कहीँ काव्यात्मक भाषाको प्रयोग समेत भएको छ । दायित्व कथाको भाषिकव शिल्पले कथाको भाव रमणीयतामा वृद्धि गरेको छ । प्रस्तुत कथाको भाषामा आलङ्कारिता पनि रहेको छ । जस्तैः “म चाहन्छु दायित्व बन्धनको परिधिदेखि टाढा गएर, गौतमझैँ वटवृक्षको छायामुनि बसी तप गरुँ” (पृ. १३) । मिथकीय अभिव्यञ्जनाद्वारा काव्यको अर्थ सौन्दर्यमा वृद्धि घएको छ । चकमन्न कथामा रमणीय भाषिक शिल्पको प्रयोग भएको छ। विभिन्न स्रोतबाट टिपिएका शब्दहरूको अन्वितिपूर्ण संयोजनले भाषिक मिठास थपेको छ । कथावस्तुले प्रतिपादन गरेको विषयलाई कलात्मक रूपमा अभिव्यक्त गर्न प्रस्तुत कथाको भाषिक सौन्दर्य सक्षम रहेको छ । नातासम्बन्ध कथामा रमणयि भाषिक शिल्पको प्रयोग भएको छ । व्याकरणिक पदक्रमले कथालाई विशिष्ट बनाएको छ । कथाले अवलम्बन गरेको विषयलाई उपयुक्त कथा संरचनामा प्रस्तुत गरी त्यसलाई सौन्दर्यपूर्ण रूपमा अभिव्यक्त गर्न कथाकार सफल छन् । निर्णय कथाको वाक्यगठन आकर्षक रहेको छ । कहीँ कहीँ क्रियापदहीन वाक्यको प्रयोगले र तिनमा निहित काव्यात्मकताले गद्य भाषामा चपलताको निर्वाह हुन पुगेको छ । अलङ्कारयुक्त वाक्यहरू पनि प्रशस्त आएका छन् । कथाकारले जुन उद्देश्यमका साथ विषयवस्तुको प्रतिपादन गरेका छन् त्यसको कलात्मक अभिव्यक्ति प्रस्तुत गर्न यस कथाको शिल्प योजना सक्षम रहेको छ । स्वीकारोक्ति कथामा सुन्दर भाषिक शिल्पको प्रयोग भएको छ । तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरूको मिश्रित प्रयोग यस कथामा छ । यस कथाको गद्य भाषाको चपल प्रयोग पाइन्छ । विषयवस्तुको प्रस्तुति यस कथामा कलात्मक अभिव्यञ्जनाका साथ भएको छ । आशीर्वाद कथा लघु आयाममा संरचित छ । छोटा छोटा वाक्य, तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरू, विचलनयुक्त सार्थक भाषा, आलङ्कारिक भाषा आदिको कारण प्रस्तुत कथाको भाव रमणीयतामा वृद्धि भएको छ । समग्राम यसको शिल्पविधान वस्तु पक्षको कलात्मक अभिव्यक्तिका लागि सक्षम रहेको छ । रूसमा झुन्ड्याइएको जिन्दगी कथामा

कलात्मक शिल्प सौन्दर्यको प्रयोग भएको छ । प्रस्तुत कथाको शीर्षक विधान पनि अभिव्यञ्जनात्मक र सार्थक छ । कथाको विषयलाई कलात्मक रूपमा प्रस्तुत गर्न यसको शिल्प सौन्दर्य सक्षम रहेको छ । भोक कथामा छोटा छोटा वाक्य ढाँचा रहेको छ । विचलनयुक्त भाषा, गद्य भाषामा पनि काव्यात्मकता यस कथाको विशेषता हो । यस कथामा अपनाइएको शिल्प योजना सफल र प्रभावकारी रहेको छ ।

बन्द कोठाहरूको शहर कथामा भाषिक विन्यास, विचलन, विशेष अर्थयुक्त शब्दहरू, विम्बालङ्कार आदिका माध्यमबाट कथाको भाव रमणीयतामा वृद्धि भएको छ । प्रस्तुत कथामा गद्य भाषाको चपल प्रयोग पाइन्छ । समग्रमा यस कथाको भाषिक शिल्पले कथाको विषयवस्तुको कलात्मक प्रस्तुतिलाई सङ्केत गरेको छ । चिल कथामा प्रयुक्त वाक्यगठन, विचलन, अलङ्कार, शीर्षक विधान जस्ता शिल्प सौन्दर्यगत पक्षले भाव रमणीयतामा वृद्धि गरेको छ । समग्रममा प्रस्तुत कथाको भाषिक शिल्प विषयवस्तुअन्तर्गत उठाइउको पर्यावरणीय विषयको कलात्मक प्रस्तुति गर्न सक्षम हेको छ । आत्माको हत्या कथाले उठाएको विषयलाई प्रस्तुत गर्ने क्रममा अपनाइएको शिल्प चेतनामा कलात्मकता पाइन्छ । काव्यात्मक भाषा र विचलन युक्त वाक्यको प्रयोगले छुट्टै भाषिक सौन्दर्य वृद्धि गरेको छ । म पात्रको आन्तरिक मनोद्वन्द्वको कुशल अभिव्यञ्जना सौन्दर्यमय भाषिक शिल्पका साथ हुन सक्नु यस कथाको सबल पक्ष हो । सम्झौता कथामा विषयवस्तुलाई कलात्मक अभिव्यञ्जनाका साथ प्रस्तुत गर्न यस कथाको भाषिक शिल्प सक्षम रहेको छ । कथामा क पात्र र ख पात्रका छोटा तर आकर्षक संवादले भावरमणीयतामा वृद्धि भएको छ । समग्रमा विषयवस्तुलाई प्रभावकारी रूपमा अगाडि बढाउन यस कथाको शिल्प पक्ष सक्षम रहेको छ । अवतरण कथामा सुन्दर भाषिक शिल्पको संयोजन भएको छ । अवतरण भन्ने शीर्षक विधानमा अभिव्यङ्ग्य सौन्दर्य रहेको छ । समसामयिक राजनीतिक विषयवस्तुलाई फलागमसम्म पुऱ्याउन आउने चरित्र तथा त्यसको प्रस्तुति शिल्पगत कोणबाट प्रस्तुत कथा सफल रहेको छ । मैले लेख्न छाडिदिएँ कथामा सुन्दर भाषिक शिल्पको प्रयोग भएको छ । क्रियापदहीन वाक्यको प्रयोगले भाषिक विचलनसँगै काव्यात्मकताको निर्वाह पनि भएको छ । समग्रमा प्रस्तुत कथाले उठाउन खोजेको विषयवस्तुलाई कलात्मक रूपमा प्रस्तुत गर्न यो कथाको शिल्प पक्ष सक्षम रहेको छ ।

बन्द कोठाभित्रको शहर भित्र रहेका पन्ध्रवटै कथाहरू भाषिक शिल्प विधानका दृष्टिले उत्कृष्ट रहेका छन् ।

## परिच्छेद- आठ

## शोध निष्कर्ष

### ८.१ सारांश

कथाकार सनत रेग्मीको चौथौ कथासङ्ग्रह **बन्द कोठाहरूको शहर** (२०४५) हो । यस कथा सङ्ग्रहमा पन्ध्रबाट कथाहरू सङ्गृहीत छन् । यसै कृतिमा रहेर प्रस्तुत शोधकार्य गरिएको छ ।

**बन्द कोठाहरूको शहर** कथा सङ्ग्रहको विधातात्विक अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र छ परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद एकमा शोध परिचय प्रस्तुत गरिएको छ । यसको विषयमा रहेर शोधकार्यको समस्या पहिचान गरिएको छ । तिनै शोध समस्याको समाधान नै शोधको उद्देश्य रहेको किटान गरिएको छ । पूर्वकार्यको समीक्षा अन्तर्गत प्रस्तुत शोध शीर्षकसँग सम्बन्धित भएर गरिएको पूर्व अध्ययनहरूलाई प्रस्तुत गरिएको छ । यसरी शोधकार्य गर्दा यसभन्दा अगाडि प्रस्तुत विषय र कथाकार रेग्मीका बारेमा गरिएका अध्ययनलाई कालक्रमिक रूपमा प्रस्तुत गर्दै **बन्द कोठाहरूको शहर** कथासङ्ग्रहको व्यवस्थित अध्ययन हुन बाँकी रहेको कुरा पत्ता लगाइएको छ । त्यसैले प्रस्तुत विषयमा अध्ययन गर्नु शोधको औचित्य र महत्त्व स्पष्ट भएको छ । त्यस्तै शोधपत्रको सीमाङ्कन अन्तर्गत प्रस्तुत शोधपत्र के कस्ता सीमामा आबद्ध भई लेखिएको छ भनी स्पष्ट पारिएको छ । प्रस्तुत शोधकार्य पुस्तकालयीय अध्ययन कार्य अवलम्बन गरिएको छ । यससँग सम्बन्धित अन्य लेख रचनालाई विवेचना गर्ने क्रममा वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ ।

यसरी निर्माण गरिने शोधपत्रको रूपरेखाअन्तर्गत परिच्छेद एकमा शोध परिचय, परिच्छेद दुईमा सनत रेग्मीको कथायात्रा र प्रवृत्ति, परिच्छेद तिनमा बन्द कोठाहरूको शहर कथासङ्ग्रहको कथानक विधान, परिच्छेद चारमा बन्द कोठाहरूको शहर कथा सङ्ग्रहको पात्र/चरित्र विधान, परिच्छेद पाँचमा बन्द कोठाहरूको शहर कथा सङ्ग्रहको परिवेश विधान, परिच्छेद छमा बन्द कोठाहरूको शहर कथा सङ्ग्रहको दृष्टिविन्दु एवम् सारवस्तु विधान, परिच्छेद सातमा बन्द कोठाहरूको शहर कथा सङ्ग्रहको भाषाशैली विधान रहेको छ भने परिच्छेद आठमा शोध निष्कर्ष प्रस्तुत गरिएको छ ।

परिच्छेद दुईमा कथाकार सनत रेग्मीको कथा यात्रा र प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । रेग्मीले कथा प्रकाशन गर्न सुरु गरेदेखि हालसम्मको समयलाई तिन चरणमा विभाजन गरिएको छ । पहिलो चरण (वि.सं. २०२३-२०३५), दोस्रो चरण (वि.सं. २०३६-२०४५) र तेस्रो चरण (वि.सं. २०४६-हाल) मा विभाजन गरिएको छ ।

प्रत्येक चरणमा कुन कुन कथा सङ्ग्रह प्रकाशनमा आए र ती कथा सङ्ग्रहमा पाइने प्रवृत्तिहरूको चर्चा गरिएको छ ।

परिच्छेद तिनमा बन्द कोठाहरूको शहर कथासङ्ग्रहभित्र रहेका १५ वटै कथाहरूको कथानक प्रस्तुत  गरी निष्कर्ष दिइएको छ ।

परिच्छेद चारमा बन्द कोठाहरूको शहर कथासङ्ग्रहभित्र रहेका कथाहरूको पात्र/चरित्रचित्रण गर्ने काम गरेर प्रमुख तथा सहायक पात्रको चरित्र चित्रण गरिएको छ ।

परिच्छेद पाँचमा बन्द कोठाहरूको शहर कथासङ्ग्रह भित्र रहेका कथाहरूको देश,काल, वातावरणको प्रस्ट पार्ने काम गरिएको छ ।

परिच्छेद छमा बन्द कोठाहरूको शहर कथासङ्ग्रहभित्रका कथाहरूको दृष्टिविन्दु तथा सारवस्तु विधान गरिएको छ । प्रत्येक कथामा कस्तो प्रकारको दृष्टिविन्दु रहेको छ भनी पत्ता लगाउने काम गरिएको छ । त्यस्तै प्रत्येक कथाको सारवस्तु के हो र कसरी कथामा आएको भन्ने कुरा देखाइएको छ ।

परिच्छेद सातमा बन्द कोठाहरूको शहर कथा सङ्ग्रहभित्रका कथाहरूमा के कस्ता रूपमा भाषाशैलीगत विन्यास गरिएको छ भन्ने कुरा देखाइएको छ । भाषिक शिल्पअन्तर्गत पद, पदावली, वाक्यगठन, प्रतीकात्मक जस्ता पक्षहरूको चर्चा गरिएको छ ।

परिच्छेद आठमा शोध निष्कर्ष प्रस्तुत गरिएको छ । सारांश, निष्कर्ष र सम्भावित शोध शीर्षक गरी तिनवटा शीर्षक रहेको छ । सारांश अन्तर्गत सम्पूर्ण शोधपत्रको सारांश प्रस्तुत गरिएको छ, निष्कर्ष अन्तर्गत शोध समस्या र तिनको समाधानमा केन्द्रित भएर निष्कर्ष प्रस्तुत गरिएको छ भने अन्तिममा सम्भावित शोधशीर्षकहरू प्रस्तुत गरिएको छ ।

## ८.२ निष्कर्ष

कथाकार सनत रेग्मी बहुमुखी साहित्यिक व्यक्तित्व हुन् । रेग्मीको हालसम्म आठ वटा कथा सङ्ग्रहहरू प्रकाशित भइसकेका छन् । **बन्द कोठाहरूको शहर** उनको वि.सं.

२०४५ सालमा प्रकाशित चौँथो कथा सङ्ग्रह हो । यसमा पन्ध्रवटा कथाहरू रहेका छन् । यस कथा सङ्ग्रहमा रहेका कथाहरू **मूल्य र मान्यता**, **चकमन्न**, **नातासम्बन्ध**, **बन्द कोठाहरूको शहर**, 'चील', **अवतरण**, **स्वीकारोक्ति**, **दायित्त्व**, **निर्णय**, 'आर्शीवाद', 'ऋसमा झुण्डयाएको जीन्दगी', **भोक**, 'आत्माको हत्या,' **सम्झौता**, र मैले लेख्न छाडिदिएँ रहेका छन् । ती सम्पूर्ण कथाहको निष्कर्ष तल प्रस्तुत गरिएको छ :

कथाको संरचनाअन्तर्गत कथावस्तुका दृष्टिले यस कथासङ्ग्रहका मूल्य र मान्यता, दायित्त्व, चकमन्न, नाता सम्बन्ध, निर्णय, स्वीकारोक्ति, आशीर्वाद, ऋसमा झुन्ड्याइएको जिन्दगी, भोक, आत्माको हत्या कथाहरूमा सामाजिक विषयवस्तुलाई उठान गरिएको छ । 'चील' कथामा पर्यावरणीय विषयवस्तु छ भने सम्झौता र अवतरण कथामा राजनीतिक विषय उठान गरिएको छ । **दायित्त्व**, **आशीर्वाद**, **आत्माको हत्या**, कथाहरूमा कथानक नै छैन । बाँकी कथाहरूमा पनि झिनो रूपमा कथानक आएको छ । यी कथाहरूमा द्वन्द्व विधान र कुतूहलता पनि सुदृढ रूपमा आएका छन् । कार्यकारण शृङ्खलामा उनिएकै कथानक योजना रहेकाले देश, काल र वातावरण अन्तर्गतको पर्यावरण पनि सशक्त रूपमा नै प्रस्तुत भएको छ । समग्रमा कथावस्तु कथानकका दृष्टिले यस कथा सङ्ग्रहका कथाहरू दुर्बल रहेको देखिन्छ ।

पात्र विधानका दृष्टिले बन्द कोठाहरूको शहर कथा सङ्ग्रहको विश्लेषण गरिएको छ । रेग्मीको कथामा अल्प सङ्ख्यामा पात्रहरूको प्रयोग गरिएको छ । यस सङ्ग्रहका चील कथामा मानवेत्तर पक्षी चीललाई मुख्य पात्र बनाइएकाले यो अत्यन्त नवीन र मौलिक देखिन्छ । अन्य कथाहरूमा मानव पात्रहरूको जीवन्त प्रयोग भएको छ । समग्रमा पात्र प्रयोगका दृष्टिले उनका कथाहरू मध्यम स्तरका रहेका छन् ।

रेग्मीको **बन्द कोठाहरूको शहर** कथासङ्ग्रहका कथाहरूमा प्रथम पुरुष र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरेर लेखिएका कथाहरूमा कहीँ कहीँ संवादका माध्यमबाट कथाको कथानकलाई अगाडि बढाइएको छ ।

परिवेश विधानका दृष्टिले उनका कथामा ग्रामीण र शहरी पर्यावरण प्रयोग भएको पाइन्छ । यस दृष्टिले उनका कथा सशक्त रहेका छन् ।

सारवस्तु प्रयोगका दृष्टिले उनका कथामा प्रच्छन्न किसिमले सारवस्तु निस्पन्न भएको पाइन्छ । पाठकले समग्र कथाको अध्ययनपछि मात्र उक्त सारवस्तु भेट्टाउँछ । अतः सारवस्तु प्रयोगका दृष्टिले पनि उनका कथा सशक्त नै रहेका छन् ।

भाषिक शिल्पका दृष्टिले प्रस्तुत सङ्ग्रहका सबै कथाहरू विशिष्ट रहेको छ । सुन्दर तत्सम, तद्भव, आगन्तुक शब्द प्रयोग, सरल र जटिल वाक्य ढाँचाको प्रयोग भएको छ । भाषामा आलङ्कारिकता, गद्य भाषाको चपल प्रयोग, छोटा छोटा वाक्य,संवादले कथालाई नवीनता र कलात्मक बनाउने काम गरेको छ । समग्रमा उनको कथाको भाषिक शिल्प उत्कृष्ट रहेको देखिन्छ ।

समग्रमा भन्नुपर्दा सनत रेग्मीको **बन्द कोठाहरूको शहर** कथासङ्ग्रहको समग्र पक्षको अध्ययनबाट उनको कथाकारिता मध्यम स्तरको रहेको निष्कर्ष प्रस्तुत गर्न सकिन्छ ।

## ८.३ सम्भावित शोधशीर्षक

**बन्द कोठाहरूको शहर** कथा सङ्ग्रहको अध्ययन र मूल्याङ्कन गरिसकेपछि आगामी समयमा यस सङ्ग्रहमा आधारित भएर शोधकार्य गर्न अझै सकिन्छ । यस्ता सम्भावित शोधशीर्षक निम्न छन् :

१. **बन्द कोठाहरूको शहर** कथासङ्ग्रहको अस्तित्ववादी चिन्तन

२. **बन्द कोठाहरूको शहर** कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन

## सन्दर्भसामग्री सूची


अवस्थी, महादेव (२०५५), **नेपाली कथा भाग २,** ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०५९), 'सनत रेग्मीको कथाकारिता', **समकालीन साहित्य** १२/३ (बैशाख) ; पृ. ३१५-१९ ।

गौतम, देवी प्रसाद र कृष्णप्रसाद घिमिरे (सम्पा) (२०६८), **आधुनिक नेपाली कथा भाग ३,** ललितपुर : साझा प्रकाशन ।

थापा, हिमांशु (२०५०), **साहित्य परिचय,** चौ.सं. ललितपुरः साझा प्रकाशन ।

पौडेल, गोपीन्द्र (२०६५), **कथाको सौन्दर्यशास्त्र,** काठमाडौँः उर्मिला पौडेल ।

बराल, ईश्वर (२०५३), **झ्यालबाट,** छै.सं. ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ते.सं. ललितपुर : साझा प्रकाशन ।

रावल, रुक्मिणीकुमारी (२०६५), 'सनत रेग्मीको कथाकारिता' ; अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

लम्साल, शर्मा र अन्य (सम्पा), (२०६४), 'सनत रेग्मीः सृजन सन्दर्भ नेपालगन्ज : मध्यपश्चिम स्रष्टा समाज ।

शर्मा, मोहनराज (२०५२), **कथाको विकास प्रक्रिया,** दो.सं. ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०५५), **शोधविधि,** ललिपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (सम्पा), (२०६७), **नेपाली कथा भाग ४,** चौ.सं. ललितपुर : साझा प्रकाशन ।

रेग्मी, सनत (२०२४), **मातृत्त्वको चित्कार**, नेपालगन्ज ।

................(२०२५), **चन्द्रज्योत्सना र कालो बादल,** नेपालगन्ज : नेपाल पाकेट बुक्स ।

..................(२०४५), **दिनान्त,** नेपालगन्ज : रचना प्रकाशन ।

..................(२०४५), **बन्द कोठाहरूको शहर,** ललितपुर : साझा प्रकाशन

..................(२०५०), **लछमनियाका गौना,** ललितपुर : साझा प्रकाशन

................(२०५४), **समय सत्य,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

..............(२०६०), **सनत रेग्मीको प्रतिनिधि कथा,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

..............(२०६६), **स्मृतिदंश र अन्य कथाहरू,** ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५१), **स्नातकोत्तर नेपाली कथा,** ललितपुर : साझा प्रकाशन ।

........... (२०६४), **नेपाली उपन्यासः परम्परा र प्रवृत्ति,** दो.सं. ललितपुरः साझा प्रकाशन ।